



# टेलिभिजन च्यानलको बाढी

• शुकदेव चापागाईं

केही वर्षअघिसम्म नेपालमा सरकारी स्वामित्वको नेपाल टेलिभिजन मात्र थियो। दक्ष प्राविधिक तथा कर्मचारीहरूको न्यूनताका कारण टेलिभिजन स्टेसन खोल्ने विषयमा लगानीकर्ताहरू जिब्रो काढ्थे, तर अहिले टेलिभिजनको स्थापना उति गाह्रो छैन। टेलिभिजन कसरी दिगो रूपमा चलाउने भन्ने प्रश्न महत्त्वपूर्ण छ।

अहिले छ्यानी-छनी नेपाली टेलिभिजन च्यानल हेर्न पाइन्छ। पहिले इमेज च्यानलले नेपाल टेलिभिजनसँग डेढ घन्टाको समय किनेर कार्यक्रम प्रसारण गर्थ्यो तर २०६३ साल माघ ११ गतेदेखि इमेजले भू-उपग्रहमार्फत् देशभर आफ्नो प्रसारण पहुँच पुऱ्यायो। त्यस्तै साँग्रिला टेलिभिजन पनि नेपाल टेलिभिजनबाट दिवाकालीन प्रसारण सेवामार्फत् प्रसारित हुन्थ्यो, तर अहिले यो च्यानल बन्द छ। त्यस्तै अर्को टेलिभिजन हो- कान्तिपुर। यो टेलिभिजनले २०५९ साल वैशाख ४ गते उपत्यकामा मात्रै भू-सतही प्रणालीबाट प्रसारण हुन लाइसेन्स लिएको थियो। पछि २०६३ असार १ गते देशव्यापी पहुँच बढाउन भू-उपग्रह प्रणालीमार्फत् प्रसारण गर्न यो टेलिभिजनले सरकारसँग लाइसेन्स लियो।

नेपालमा अहिले चारवटा टेलिभजन मात्र टेरिस्टेरियल र स्याटेलाइट दुवै प्रणालीबाट प्रसारण हुन्छन्। एकै दिन २०६० असार २९ गतेदेखि कान्तिपुर र इमेज सञ्चालन आएपछि नेपाल टेलिभिजनको दोस्रो च्यानलका रूपमा २०६० असोज १० गतेदेखि मेट्रो टेलिभिजन च्यानलले आफ्नो प्रसारण प्रारम्भ गऱ्यो जसलाई नेपाल टेलिभिजन-२ नामकरण गरिएको छ। निजी क्षेत्रबाट सञ्चालनमा आएको पहिलो टेलिभिजनचाहिँ च्यानल नेपाल हो। २०५८ साल असार १९ गते च्यानल नेपालले भू-उपग्रह प्रणालीमा प्रसारण आरम्भ गरेपछि नेपाली जनताले निजी टेलिभिजनको स्वाद लिन पाए।

### कस्ता-कस्ता च्यानल आउँदैछन् ?

नेपालमा हालसम्म २० वटा टेलिभिजन च्यानलले लाइसेन्स लिएका छन्। तीमध्ये नेपाल टेलिभिजन, च्यानल नेपाल, कान्तिपुर, इमेज, नेपाल टेलिभिजन- २, सगरमाथा र एभिन्युज टेलिभिजन बाहेक

पृष्ठ ३ मा जारी

## दीपक मनाङे भन्छन्-

मैले बुद्धि र पैसा लगानी गरेर व्यवसाय सञ्चालन गर्ने अनि प्रहरीलाई चाहिँ बर्दी लगाएकै भरमा घूस दिनुपर्ने ? आफ्नो व्यवसायलाई अप्ठ्यारो पार्नेहरूसँग झुक्दिनँ। यो त सबैको धर्म हो। यस्तो काम गर्नेलाई डन भन्छन् भने ठीक छ म डन नै हुँ। मैले सेना र प्रहरी कुटेको चाहिँ सत्य हो। पावरलाई मिस युज गरेको देखेपछि मलाई हान्न मन लाग्छ। मलाई राजनीति मन पर्दैन। मेरो माथि कोही पनि छैन। नेताको ढोका कुर्ने, नमस्ते गर्ने काम मलाई झ्याउ लाग्छ। माओवादीलाई पनि मलाई जस्तै प्रहरी र सेनाले दुःख दिए। उनीहरूमाथि पनि धेरै चार्ज लागे, तर पनि संघर्ष गर्न छाडेनन्। म पनि त्यस्तै स्थितिबाट गुज्रिरहेको हुनाले मलाई माओवादी राम्रो लाग्छ।



अन्तर्वार्ता
पृष्ठ ५ मा


## क्यासेट

### ब्वाइज ब्यान्ड



नेपालका केही स्थापित सांगीतिक समूहका लोकप्रिय गीत समावेश गरिएको गीतिसंग्रह 'ब्वाइज ब्यान्ड' बजारमा आएको छ। संग्रहमा मंगोलियन हार्ट, डा. पाइलट, द एक्स, द सिजन्स, ब्रो-सिस, ग्लुमी गाइज, म्युजिक लिंक, ओकिली, द कुम्स तथा म्युजिक मेलाद्वारा तयार पारिएका दसवटा गीत समावेश गरिएका छन्। संग्रहका गीतमा शिवहरि दाहाल, चन्द्रकुमार दोङ, दीपेश प्रधान तथा नेपाली डम्बरले संगीत दिएका छन्। युवा रेकर्ड्सको प्रस्तुति रहेको यो संग्रहका गीतहरू महेश थापा, चन्द्रकुमार दोङ, शिवहरि दाहाल तथा मनोज श्रेष्ठले रचना गरेका हुन्।

### सन्देश




गायक सन्देश श्रेष्ठले आफ्नै नाम राखेर पहिलो गीतिसंग्रह 'सन्देश' तयार पारेका छन्। सम्झना अडियोले बजारमा ल्याएको यो संग्रहमा सांगीतिक समूह सायासका अनिल, महाराज थापा, आलोकश्री, विद्या अधिकारी, विनिता शाही, देउराली परिवार तथा गायक श्रेष्ठद्वारा संगीतबद्ध एवं रचना गरिएका नौवटा गीत समावेश छन्।

### हिरा

गायक यम बरालले गाएका आधुनिक गीतहरूको संग्रह 'हीरा' बजारमा आएको छ। यही संग्रहमार्फत गायक बराल संगीतकार पनि बनेका छन्। जापानमा बसोबास गर्ने गीतकार भुवन भट्टले रचना गरेका गीतहरूको यो संग्रहका सबै गीतमा यम बरालकै संगीत सुन्न पाइन्छ। टाईम्स म्युजिकले बजारमा ल्याएको यो संग्रहको एउटा गीतको म्युजिक भिडियो पनि तयार भैसकेको छ।

## रंगमञ्च

• गत आइतबार नाट्यगृह नेपाल, गाईघाटले मेतिगडा चोकमा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी सडकनाटक प्रदर्शन गऱ्यो। लोकतान्त्रिक गणतन्त्रको स्थापना भैसक्दा पनि भ्रष्टाचारको अन्त्य नभएको भन्दै भ्रष्टाचारविरुद्ध केही चेतना फैलिओस् भन्ने अभिप्रायले नाटक प्रदर्शन गरिएको नाट्य गृह नेपालका कृष्ण ठकुरीले बताए। नाटकमा भ्रष्टाचार कहाँ र कसरी हुन्छ, कस्तालाई भ्रष्टाचारी भन्ने, भ्रष्टाचार गर्दा कसलाई फाइदा पुग्छ, भ्रष्टाचारीलाई कस्तो कारबाही गर्ने तथा भ्रष्टाचारविरुद्धको अभियानमा कसरी लाग्ने आदि विषय समेटिएको थियो। नाट्यगृह नेपालकै कलाकारहरूद्वारा अभिनीत नाटक हेर्न सडकमा सयौं सर्वसाधारणको भीड लागेको थियो।

• गत शनिबार कीर्तिपुरमा सांकेतिक भाषामा आधारित संकेत-नाटक 'बोली' मञ्चन गरियो। कृष्ण शाह यात्रीको लेखन, परिकल्पना तथा निर्देशनको उक्त नाटक संवाद विहीन थियो। गलत कामले ढिलो-छिटो मान्छेलाई पतनको खाडलमा पुऱ्याउँछ, त्यसैले सद्मार्गमा हिंड्नुपर्छ भन्ने सन्देश बोकेको यो नाटकमा सुन्न तथा बोल्न नसक्ने कलाकारहरू दशनारायण महर्जन, मुना लामा, दिनेश केसी, लक्ष्मी लामा, दीपक केसी, युरी भट्टचन, अनिल महर्जन आदिले अभिनय गरेका थिए। काठमाडौं बहिरा संघअन्तर्गत कीर्तिपुर बहिरा विकास क्लबको आयोजना मञ्चन गरिएको उक्त नाटकलाई आज शुक्रबार रसियन कल्चर सेन्टर, कमलपोखरीमा मञ्चन गरिनेछ। प्रयोगधर्मी रंगकर्मि यात्रीले एक दशकअघि प्रारम्भ गरेको संकेत नाटक अहिले संस्थागत रूपमा अघि बढिरहेको छ। संवाद नबोली नाटक मञ्चन गर्न सकिने प्रयोगका रूपमा यात्रीको लेखन तथा निर्देशनमा २०५८ सालमा पहिलो पटक मञ्चित 'मान्छे-मान्छेहरू' नाटकले राष्ट्रिय नाटक महोत्सवमा सर्वोत्कृष्ट पुरस्कार जितेको थियो।

• बीपी कोइरालाको मनोवैज्ञानिक कथामा आधारित कथा 'दोषी चस्मा' लाई गत सोमबार बानेश्वरस्थित गुरुकुलको रिमाल नाटक घरमा नाटकका रूपमा मञ्चन गरिएको छ। नाट्यकर्मी कुमार भट्टराईले उक्त कथालाई नाटकको रूप दिएका हुन्। यवनिकाको आयोजनामा सुमन रायमाझीद्वारा निर्देशित नाटकमा रविन पाण्डे, निता परियार, सुवर्णमानसिंह पराजुली, आशान्ता शर्मा, जीवनसाथी बस्नेत, प्रज्वल पराजुली, दीपेन्द्र अधिकारी, चन्द्र पौडेल, राजु अर्याल, शोभा मिश्र, दयाहाङ राई आदि कलाकारले अभिनय गरेका छन्। नाटक आज शुक्रबारसम्म मञ्चन हुनेछ।

## ग्यालरी

कोसीपीडितहरूको सहयोगका लागि महिला कलाकार समूह नेपाल तथा दि आर्ट सपले संयुक्त रूपमा चित्रकला प्रदर्शनीको आयोजना गरेको छ। हिजो बिहीबार राजधानीको नेपाल आर्ट काउन्सिल ग्यालरी, बबरमहलमा आयोजित कला-कार्यशालाका क्रममा तयार पारिएका चित्रहरू प्रदर्शनीमा राखिएको हो।

## पुस्तक

### एक असफल आख्यानको आरम्भ

नेपाली साहित्यमा आख्यान लेखनलाई लोकप्रिय बनाउने श्रेय पाएका डा. ध्रुवचन्द्र गौतमले आफ्नो नयाँ कृति 'एक असफल आख्यानको आरम्भ' सार्वजनिक गरेका छन्। डा. गौतमद्वारा लिखित यो बीसौं औपन्यासिक कृति हो। गहकिलो र अर्थपूर्ण उपन्यासको खोजी गरिरहेका पाठकहरूका लागि यो कृति खडेरीको माझमा वर्षाको रिमझिम हुनसक्छ।

### बारुलाको बिहे

बालसाहित्यकार मधुसँदनप्रसाद घिमिरेले एउटा रमाइलो बालचित्रकथा सार्वजनिक गरेका छन्। 'बारुलाको बिहे' शीर्षकको यो चित्रकथा बालबालिकाहरूका लागि पठनीय हुन सक्ने विश्वास लेखकको छ। १२ पृष्ठमा फैलिएको यो कृतिलाई शर्मिला घिमिरेले प्रकाशित गरेकी हुन्।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

व्यवसाय एवं पराक्रम बढ्नेछ। मानसम्मान पनि पाउनुहोला। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। शत्रुबाट सजग रहनुपर्ने बेला छ। मन चञ्चल रहनेछ। सफलताका लागि धैर्य गर्नुहोला। धार्मिक कार्यमा मन जानेछ भने भाग्यले साथ दिनेछ। स्वास्थ्यको ख्याल गर्नुहोला। आफन्तहरूको सहयोग जुट्नेछ।

### वृष

खर्च एवं विवाद बढ्नेछ। अस्वस्थताका कारण काम बिग्रन सक्छ। मन चञ्चल रहनेछ। निर्णय कमजोर हुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। शनिबार, आइतबार, बुधबार तथा बिहीबार पराक्रम बढ्ने, काममा सफलता मिल्ने एवं मन प्रसन्न रहने योग छ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ।

### मिथुन

विवादमा नफस्नुहोला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। स्वास्थ्य गडबड हुनसक्छ। मन चिन्तित रहला। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। शुक्रबार, सोमबार तथा मंगलबार काममा सफलता मिल्ने, धन आर्जन हुने एवं भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। व्यवसायबाट लाभ मिल्नेछ। नयाँ काम पनि पाउनुहोला।

### कर्कट

समय राम्रो छ। काममा सफलता मिल्नेछ भने पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पनि हात पर्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग प्राप्त हुनेछ। अध्ययनमा सफलता मिल्नेछ। अरूको मन सजिलै जित्न सकिनेछ। ठूला व्यक्तिले तपाईंको प्रशंसा गर्नेछन्। शत्रुबाट सजग रहनुहोला।

### सिंह

भाग्यले साथ दिनेछ भने सोच्ने शक्ति, पराक्रम एवं प्रसन्नता बढ्नेछ। काममा सफलता प्राप्त हुनेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। भोजभतेरमा संलग्न हुनुपर्ला। बोली प्रभावशाली हुनेछ। बुधबार तथा बिहीबार विवाद एवं चिन्ताले सताउन सक्छ।

### कन्या

स्वास्थ्य कमजोर रहला। चिन्ता एवं आलस्यताका साथै गलत विचार पनि बढ्नेछ। अरूबाट आलोचना पनि होला। शनिबारदेखि भाग्यले साथ दिन थाल्नेछ भने काममा सुधार आउनेछ। मानसम्मान पनि पाउनुहोला। व्यवसायबाट लाभ हासिल हुनेछ। आफन्तहरूले सहयोग गर्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### तुला

व्यवसायमा वृद्धि हुनेछ। यात्रा हुनसक्छ। प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने देखिन्छ। शनिबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। बुधबारदेखि मानसम्मान मिल्नेछ भने काममा सुधार आउनेछ। भेटघाटमा मन रमाउने छ।

### वृश्चिक

परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूको मन जित्न सकिनेछ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइन सक्छ। व्यवसायबाट सफलता हात लाग्नेछ। रमाइलो यात्रा हुने देखिन्छ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### धनु

सोच्ने शक्ति बढ्नेछ भने काममा सफलता मिल्नेछ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यको ख्याल गर्नुपर्नेछ। व्यवसाय लाभदायक रहनेछ। रमाइलो यात्रा हुनसक्छ। मानसम्मान पनि पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। बुधबारदेखि स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउने देखिन्छ। चिन्ता पनि बढ्न सक्छ।

### मकर

मित्रहरूको सहयोगमा धेरै काम पूरा हुनेछन्। सोच्ने शक्ति बढ्नेछ भने अध्ययनमा सफलता प्राप्त होला। परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता मिल्नुका साथै यात्रा पनि हुन सक्छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ।

### कुम्भ

पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। धार्मिक कार्यमा रुचि एवं बोलीको प्रभाव बढ्नेछ। धन आर्जन पनि हुन सक्छ। अध्ययनमा सफलता मिल्ने देखिँदैन। सन्तानको समस्याले सताउनेछ। स्वास्थ्यको ख्याल गर्नुहोला। शरीरमा चोटपटक लाग्न सक्छ। सवारी चढ्दा वा चलाउँदा ध्यान दिनुपर्ने बेला छ।

### मीन

बोली प्रभावशाली हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। रमाइलो यात्रा हुनसक्छ। व्यवसायमा लाभ देखिन्छ। सोमबारदेखि घरेलु समस्याले सताउनेछ भने गलत विचार बढ्न सक्छ। अध्ययनमा अवरोध आउनेछ। शत्रु कमजोर हुने तथा धन आर्जन हुने योग भए पनि मन चिन्तित रहन सक्छ।

### यो साताको पञ्चाङ्ग

असोज ३ गते : इन्द्रध्वज पतन, अन्तर्राष्ट्रिय कुराकानी दिवस, ५ गते : विश्व शान्ति दिवस, विश्व अल्जाइमर दिवस ६ गते : सामाजिक सेवा दिवस, विश्व काररहित दिवस, ७ गते : मातृ नवमी, ९ गते : इन्दिरा एकादशी



## साता संक्षेप

**असोज १ गते बुधबार**

• राष्ट्रिय मानवअधिकार आयोगद्वारा राजनैतिक दलहरूलाई लडाकु संगठन बनाएर कानुन हातमा नलिन आग्रह ।

• मुलुकका सबै राजनैतिक दलद्वारा बालबालिका तथा शिक्षा सम्बद्ध क्षेत्रमा बन्द र हड्ताल नगर्ने प्रतिबद्धता व्यक्त ।

• माओवादी कार्यकर्ताले प्रश्नपत्र च्यातेपछि देशभर लोकसेवा आयोगले लिने परीक्षा स्थगित ।

**भदौ ३१ गते मंगलबार**

• भूमिसुधार तथा व्यवस्था मन्त्री मातृका यादवको नेतृत्वमा माओवादीद्वारा सिराहाको मिर्चैयामा सर्वसाधारणको घर कब्जा, सिराहामा तनाव ।

• स्थानीय प्रशासनद्वारा राजधानीमा साइबर क्याफे तथा सार्वजनिक टेलिफोन दुरुपयोग रोक्ने पहल प्रारम्भ ।

• बालकुमारी घटनाका क्रममा छानविन गर्न सरकारद्वारा उच्चस्तरीय जाँचबुझ आयोग गठन ।

• अमिरुल्लाह अन्सारीको अध्यक्षतामा मुस्लिम पर्सनल ल बोर्ड गठन ।

**भदौ ३० गते सोमबार**

• एसएलसीको पूरक परीक्षाको नतिजा प्रकाशित, ८१ प्रतिशत उत्तीर्ण ।

• नेपाल प्रहरीको प्रमुखमा हेम गुरुङको नियुक्त ।

• तमलोपाको संसदीय दलको नेतामा महन्थ ठाकुर नियुक्त, उपनेतामा हृदयश त्रिपाठी चयन ।

• व्यवस्थापिका संसदद्वारा सरकारको नीति तथा कार्यक्रम पारित ।

• राष्ट्रपति डा.रामवरण यादवद्वारा इन्द्रजात्राको अवसरमा कुमारीको दर्शन ।

• विक्रम सम्वत् २०६४ को मदन पुरस्कार जगदिश घिमिरे तथा जगदम्बा श्री पुरस्कार कृष्णप्रसाद पराजुलीलाई प्रदान ।

• गोर्खा भर्ती बन्द नगर्न पूर्व-गोर्खा सैनिकहरूद्वारा बेलायती राजदूतसँग माग ।

• उपप्रधानमन्त्री वामदेव गौतमद्वारा तिब्बती शरणार्थीप्रति कडा निगरानी राख्न निर्देशन ।

**भदौ २९ गते आइतबार**

• प्रधानमन्त्री पुष्पकमाल दाहाल सहित केही मन्त्रीहरूद्वारा नारायणहिटी दरबारको निरीक्षण ।

• जंगली हात्तीको आक्रमणका कारण सिराहामा २ तथा सप्तरीमा ३ जनाको मृत्यु ।

• पर्वतको डिमुवामा बस दुर्घटनाग्रस्त ४ मृत्यु, २१ घाइते ।

• नेपालगन्जमा ८ वर्षीय बालकको हत्या, तान्त्रिकले बलि दिएको आशंका ।

**भदौ २८ गते शनिबार**

• नेकपा माओवादीमा जिम्मेबारी हेरफेर, मोहन वैद्यलाई राज्य समितिहरूलाई संयोजन गर्ने जिम्मेबारी, नन्दकिशोर पुनलाई जनमुक्ति सेनाको जिम्मेबारी ।

• सरकारद्वारा दरबारका तत्कालीन मूल पुरोहित, नायव बडागुरुज्यू तथा बडागुरुज्यूलाई गरिएको निलम्बन फुकुवा ।

• डाबर नेपालको आम्दानी र खर्चको छानविबन गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयद्वारा समिति गठन ।

• प्रधानमन्त्री पुष्पकमल दाहालसहित चार वरिष्ठ मन्त्रीहरू अचानक सैनिक मुख्यालयको निरीक्षणमा ।

• भारतको नोएडामा भएका आरुषी-हेमराज हत्याकाण्डका दोषी मानिएका नेपाली कृष्ण थापा र राजकुमार जमानतमा रिहा ।

**भदौ २७ गते शुक्रबार**

• ललितपुरको बालकुमारीमा प्रहरीको कुटाइमा परी उदयपुर तरुणदलका उपाध्यक्ष प्रदीप खड्काको मृत्यु, सो क्षेत्र तनावग्रस्त ।

• शान्ति तथा पुन:निर्माणमन्त्री जनार्दन शर्माको संयोजकत्वमा लडाकु व्यवस्थापन समिति पुनर्गठन ।

**भदौ २६ गते बिहीबार**

• राष्ट्रपति डा.रामवरण यादवद्वारा व्यवस्थापिका संसदमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत ।

• सरकारद्वारा गैरकानुनी बसोबास गर्दै आएका तिब्बती नागरिकलाई निष्काशन गर्ने तयारी ।

• डाबर नेपालद्वारा उद्योगमा तालाबन्दी गर्न सरोकारवाला कार्यालयमा दर्ता ।




# टेलिभिजन च्यानलको बाढी

**पृष्ठ १ बाट जारी**

अन्य १२ वटा च्यानल प्रसारण हुने क्रममा छन् । सगरमाथा एवं एभिन्युजले २४ सै घन्टा समाचार र समाचारमूलक कार्यक्रम मात्र प्रसारण गर्छन् ।

सगरमाथा टेलिभिजनका सञ्चालक निर्मल गुरुङ भन्छन्- ‘राज्यको विकाससँगै टेलिभिजनको पनि विकासको क्रमलाई हेरेर जनतालाई फरक स्वाद दिन सगरमाथा टेलिभिजन प्रसारणमा ल्याइएको हो ।’

सञ्चालकहरूबीचको आपसी मनमुटाव एवं आर्थिक कारणले गर्दा २०६० चैत ५ गते लाइसेन्स लिएको एभिन्युजले २०६४ सालमा मात्रै प्रसारण आरम्भ गऱ्यो ।

सगरमाथा र एभिन्युज जस्तै समाचारमूलक अर्को टेलिभिजन पनि सञ्चालनमा आएको छ । पत्रकारिताको सिद्धान्त (Accuracy, Balance & Credibility) अनुसार नाम जुराइएको ABC टेलिभिजनले पनि २४ सै घन्टा समाचार एवं समाचारमूलक कार्यक्रमहरू प्रसारण गरिरहेको उक्त च्यानलका निर्देशक शुभशंकर कँडेल बताउँछन् । ABC टेलिभिजनले २०६४ माघ २० गते सञ्चालनको अनुमति पाएको थियो ।

नेपालमा खुल्न लागेका अधिकांश च्यानल भारतीय टेलिभिजनको ट्रेन्डमा सञ्चालित छन् । नेपालमा टेलिभिजन च्यानलहरू यति धेरै आउनु राम्रो भए पनि चलाउन निकै धेरै कसरत गर्नुपर्ने कँडेलको धारणा छ । ठूलो बजार नभए पनि यहाँको बजारले टेलिभिजन चलाउन सकिने कँडेलको दाबी छ । नेपालमा खुल्न लागेका केही च्यानलले बिट अनुसारका कार्यक्रम प्रसारण गर्न लागेकाले विशेष रिपोर्टिङको अवधारणा भित्रिन लागेको कँडेलको तर्क छ ।

यसैगरी मनोरञ्जनात्मक कार्यक्रममा आधारित नयाँ च्यानल पनि आउँदैछ । संगीतकार शम्भुजित बाँस्कोटाको अगुवाइमा आउन लागेको मनोरञ्जनात्मक एवं खेलकुद कार्यक्रम मात्र प्रसारण गर्ने लक्ष्य राखेको नमस्ते टेलिभिजनले सरकारसँग गत वर्ष माघ २० गते लाइसेन्स लिएको थियो । सञ्चार क्षेत्रसँग आबद्ध केही व्यक्ति तथा उद्योगी व्यवसायीहरूको पहलमा यस्तो नयाँ अवधारणाको टेलिभिजन प्रसारणमा ल्याउन लागिएको बाँस्कोटा बताउँछन् ।




विकास पत्रकारितासँग सम्बन्धित रहेर सञ्चालनको तयारीमा रहेको मुनलाइट टेलिभिजन नयाँ ट्रेन्डको टेलिभिजन हो । यो टेलिभिजन विकास निर्माणका गतिविधिसँग सम्बन्धित रहने टेलिभिजनका निर्देशक कृष्णप्रसाद शर्मा बताउँछन् । नेपाल विकासको बाटोतर्फ उन्मुख भैरहेका बेला यस्तो टेलिभिजनको भूमिका र महत्त्व धेरै रहने निर्देशक शर्माको दाबी छ । विकास निर्माणका गतिविधिसँगै सूचना प्रविधिमा भैरहेको क्रान्ति र केही समाचार बुलेटिन पनि यो टेलिभिजनले प्रसारण गर्ने निर्देशक शर्मा बताउँछन् ।

रामकृष्ण मानन्धरको नाममा पनि टेलिभिजन च्यानल दर्ता भएको छ । सिटिजन टेलिभिजन भनिएको यो च्यानलले २०६३ मंसिर १९ गते लाइसेन्स लिएको थियो । मानन्धर भन्छन्- ‘मेरो भाइले मेरै नाम राखेर दर्ता गरेको रहेछ तर प्रसारण कहिले हुन्छ भन्न गाह्रो छ ।’

यसबाहेक न्युजलाइन प्रा.लि., नेसनल टेलिभिजन, अपलिंक इन्टरनेसनल प्रा.लि., एभरेष्ट टेलिभिजन, बोधीग्राम प्रा.लि., एस.के.टेलिभिजन, नोबेल ब्रोडकास्टिङ र तराई मिडिया नेटवर्कजस्ता च्यानलले पनि लाइसेन्स लिइसकेका छन् । जसमध्ये तराई मिडिया नेटवर्कले परीक्षण प्रसारणसमेत गरिसकेको छ ।

## टेलिभिजनका चुनौती

नेपालमा सोचेअनुरूप टेलिभिजन चलाउन गाह्रो छ । टेलिभिजन खोल्न करोडौं लाग्ने भए पनि विज्ञापनको मात्र भर पर्नुपर्ने अवस्था छ । केही सञ्चारकर्मी विज्ञापन ल्याउन र पैसा उठाउन सके नेपालमा टेलिभिजन चलाउन गाह्रो नहुने बताउँछन् तर केहीले भने नेपालको बजार-व्यवसाय नै सानो भएकाले टेलभिजन चलाउन धेरै गाह्रो हुने बताउँछन् ।

सञ्चार मन्त्रालयका विज्ञ एवं नेपाल टेलिभिजनका पूर्व-महाप्रबन्धक तपानाथ शुक्ला भन्छन्– टेलिभिजन खोल्नुभन्दा पनि यसलाई चलाउन निकै गाह्रो छ । पछिल्लो समय नेपालमा नाम कमाउने रहरले टेलिभिजन खोल्न व्यवसायीहरू हतारिएको सञ्चारविज्ञ शुक्ला बताउँछन् । नेपालमा विज्ञापन बजारको विकास नभए बजारले टेलिभिजन धान्न नसक्ने शुक्लाको तर्क छ ।

स्नेह सायमी पनि अहिलेको अवस्थामा देशको अर्थतन्त्रले टेलिभिजनलाई धान्न नसक्ने बताउँछन् । नेपालको अर्थतन्त्र नै सानो छ । नेपालका सबै टेलिभिजन च्यानल केन्द्रीकृत रूपमा चलिरहेका छन् । केन्द्रीकरण भएर मात्र मिडियाको विकास हुँदैन । त्यसैले स्थानीय मिडियाको अवधारणा आउनुपर्छ र आर्थिक विकासमा ध्यान दिन सके मात्र टेलिभिजन चल्नेछन- सायमी बताउँछन्

वरिष्ठ पत्रकार किशोर नेपाल पनि नेपालको विकास भए मात्र टेलिभिजनको विकास सम्भव हुने बताउँछन् । टेलिभिजनले कल्पनाशील कार्यक्रमहरू दिन सके मात्र विज्ञापन धेरै आउने र च्यानल चल्न सक्ने पत्रकार नेपालको धारणा छ । नेपालका टेलिभिजनले करिव तीसवटा नेपाली र विदेशी कम्पनीका विज्ञापन मात्र पाइरहेका छन् । ती सबै विज्ञापन सबै टेलिभिजनलाई बाँड्दा अपुग हुने देखिन्छ । बैंक, बिमा र वित्तीय संस्थाका विज्ञापनहरू आउने हो भने टेलिभिजन च्यानलहरू राम्रैसँग चल्न सक्ने विश्लेषण सञ्चारकर्मीहरूको छ ।

के तपाईमा यौन सम्बन्धी समस्या छ ?

सिघ्र पतन, यौन सन्तुष्टी नहुने, लिंग चिलाउने, स्वप्न दोष (Night Fall), पिशाब पोल्ने, सरुवा यौन रोग (Transmitted Disease) को ग्यारेन्टी का साथ गोप्य तथा सफल उपचार गरिन्छ साथसाथै नि: सन्तानको पनि उपचार गरिन्छ ।

मोडर्न हेल्थ क्लिनिक (प्रा.) लि.

नयाँ बानेश्वर चोकबाट पुरानो बानेश्वर चोक जाने बाटो (ह्वाइट हाउस कलेज र शिवदर्शन हलको बीचमा)

फोन : २०४३५८५, ९८०३२२०९९६

समय : बिहान १०:०० बजेदेखि १:०० बजेसम्म
अपराह्न ३:०० बजेदेखि ६:०० बजेसम्म

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Rs. 750/- Herbal44

बेदाग गोरो मुहारको लागि ▶
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयुर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed

आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 026-580944

होटल तालिम त्यो पनि छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
२००३ मा स्थापित Worldwide valid Certificate

COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम

➤ UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
➤ ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
➤ ६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
➤ थप Industrial Training लाई Star Hotel मा पठाइने
➤ आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
➤ जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
➤ Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

Student Visa मा जानेलाई Special Discount

र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
2200889, 016913003, 9841-891131

साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, आँखरबोट मार्ग
2040782, 016200757, 98510-93629

र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर BICC पार्नी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

## सम्पादकीय

# सरकारको अर्थपूर्ण सक्रियता

गृह मन्त्रालयको समेत जिम्मेवारी पाएका उप-प्रधानमन्त्री वामदेव गौतम स्वभावैले हठी र निर्भीक छन् । उनको हठ र निर्भीकताको चर्चा साथीभाइले नभै राजनैतिक रूपमा उनलाई शत्रुको श्रेणीमा राख्नेहरूले पनि गर्छन् । तिनै वामदेव अहिले तीन महिनाभित्र नेपाललाई अपराधमुक्त मुलुक बनाउने अभियानमा जुटेका छन् । उनको कार्यशैली आक्रामक छ, त्यसैले उनका अभियानको थालनी नांगो नाच हुने भनिएका डान्स रेस्टुराँबाट भएको छ र त्यसले क्रमशः अन्य क्षेत्रमा विस्तार पाउँदै गएको छ । शान्ति-सुरक्षा सरकारको पहिलो प्राथमिकता हो । यसमा सन्देह छैन । शान्ति-सुरक्षा बहाल गर्ने नाममा आमनागरिकका नैसर्गिक अधिकारहरू नै प्रभावित हुने गरी कुनै सरकार सक्रिय हुन्छ भने त्यसले गहिरो अर्थ राखेको हुन्छ । अहिले सरकारले आमजनतालाई सुरक्षाको अनुभूति गराउने अभियान थालेको छ, तर त्यस्तो अभियानले जनता आफूलाई सुरक्षाको दायरामा रहेको भन्दा आतंकको छायाँमा रहेको अनुभव गर्छन् भने त्यसको दोष कसले थाप्ने ? यो विषयमा पक्कै पनि सरकार र सरकार नियन्त्रित निकायहरूमा गम्भीर बहस चलेको हुनुपर्छ ।

गृह मन्त्रालय र मातहतका मन्त्रीले जनतालाई भयमुक्त बनाउने नाममा आफ्नो सक्रियतालाई बढाउँदै लगेका छन्, जुन सक्रियताको चापमा परेर एकातिर अहिले मुलुकको सहरी जनजीवन साँझ नपर्दै घर-कोठामा खुम्चिन थालेको छ भने अर्कातिर भूमिसुधार तथा व्यवस्थामन्त्री मातृकाप्रसाद यादव मध्यान्हमै हतियारधारी कार्यकर्तासहित सर्वसाधारणको सम्पत्ति कब्जा गर्दै हिंडेका छन् । मन्त्रीद्वयको यस्तो अभियानले जनतालाई आतंकित गर्ने ध्येय राखेको छैन भने निश्चय पनि यो मुलुकमा ढिलो-चाँडो शान्ति-सुरक्षा बहाल हुने नै छ । मन्त्री तथा तिनका कमाण्डमा रहेका जुनसुकै प्रकारको हतियारधारी कानुनी वा गैरकानुनी निकायसँग भिड्ने क्षमता र आँट सर्वसाधारणसँग पक्कै पनि छैन । यस्तो अवस्थामा बितेको एक दशकदेखि अनियन्त्रित हुँदै गएको मुलुकको सार्वजनिक सुरक्षा स्थितिमा कस्तो किसिमको सुधार आउने हो त्यसलाई आत्मसात् गर्न हामी सबैले केही समय कुर्नैपर्ने हुन्छ ।

आफ्नो नीति तथा कार्यक्रममार्फत सरकारले जनतालाई जे-जस्ता अभाव र आतंकबाट राहत दिने घोषणा गरेको छ, त्यसको कार्यान्वयन पक्षको प्रतीक्षा गरिरहेका जनताले गृहमन्त्री र भूमिसुधार मन्त्रीको पछिल्लो क्रियाकलाप उपहारमा पाएका हुन् कि भन्ने आशंका अहिले सर्वत्र छाएको छ । यस्तो स्थितिमा आमजनताले आफूलाई २१ औं शताब्दीको उदार र खुला समाजको पक्षमा कसरी उभ्याउने ? यो विषयमा सबै राजनैतिक दलले चासो देखाउनैपर्छ । काम गरी खान पाउने, आफ्नो सम्पत्तिको उपभोग गर्न पाउने, मनोरञ्जन लिन पाउने, कुनै पनि बेला कुनै पनि ठाउँमा निर्धक्कसँग हिंडडुल गर्न पाउने स्वतन्त्रताको उपयोग जनताले गर्न सक्दैनन् भने कुनै पनि त्यस्तो मुलुकमा प्रजातान्त्रिक मूल्य र मान्यतामा विश्वास गर्ने सरकारको उपस्थिति छ भन्ने कुरामा प्रश्नचिन्ह उठ्न सक्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### अन्योलतर्फको यात्रा

माओवादीसम्बद्ध वाईसीएलको आलोचना गरेर नथाक्ने एमालेले आफैं कानुनको पर्वाह नगरी अरू घोडामाथि चढे भनेर आफू धुरीमाथि चढ्ने प्रयत्न गर्दैछ । यो आफ्नो आङमा भैसी हिंडेको नदेख्ने तर अरूको आङको जुम्रा देखेर गिज्याउने हास्यास्पद क्रियाकलाप हो । युथफोर्स कुनै नयाँ रूप नभै अरूले भाग सिध्याइसके भनेर रिसले स्थापना गरिएको समूह हो । नक्कली जोगीले धेरै खरानी घसेको कुरा अहिले युथफोर्सको क्रियाकलापले चरितार्थ गरेको छ । यसले नेकपा एमालेलाई संकटमा पार्ने निश्चित छ । यसबाट दलका भ्रातृसंगठनका नाममा हिंसा भड्कने सम्भावना देखिएको छ । जसले कानुनी दायरा नाघेर मुढे बल देखाएर सत्तामा जाने अभ्यास गरेको छ भन्ने स्पष्ट देखिन्छ । यदि त्यही सोच एवं चिन्तनबाट प्रेरित भएर फोर्सको गठन एवं परिचालन गरिएको हो भने त्यही फोर्स भविष्यमा एमालेलाई घाँडो सावित हुनेछ ।

विचार र चिन्तनको राजनीति गर्ने समयमा हतियारधारी वा उग्र समूहको गठनले के दिगो लोकतान्त्रिक व्यवस्था सम्भव हुन्छ ? अहिले युथफोर्सको क्रियाकलाप उग्र र उदण्ड भएको छ ।

यदि लोकतान्त्रिक शासन-व्यवस्थामा रिस र डाहमा फसेर कुनै पनि दलले यदाकदा तरबारबाट सत्ता हात पारेको उदाहरण देखियो भन्दैमा कलम र विचारले सत्ता हात पारेर देखाउनुको सट्टा फेरि तरबारमै धार लगाएर वातावरण बिगार्ने काम गर्नु वा सत्ता प्राप्ति गर्न सकिन्छ भन्ने सपना देख्नु विडम्बना नै हो । देशमा सबै दलका सबै आफ्नै दस्ता भएपछि, कानुनको कुनै मर्यादा नराखेपछि देशमा संविधानलगायत अन्य सुरक्षाकर्मीहरू एवं प्रहरी संगठनहरूको कुनै औचित्य रहन्छ ?

**-वासुदेव देवकोटा, मुचोक ४, गोरखा**

### शिक्षाको दुर्दशा

त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित मानविकी सङ्काय औचित्यहीन हुँदैछ भन्ने तथ्यलाई उक्त सङ्कायअन्तर्गतको त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागसँग परामर्श एवम स्वीकृति नलिई दस जोड दुईको अनिवार्य पाठ्यक्रम सूचीबाट नेपाली विषय हटाउन उच्च माध्यमिक शिक्षा परिषद्ले विगतमा गरेको कसरतले पुष्टि गर्छ । आफ्नो सम्बन्धनमा सञ्चालित शिक्षालयको अनुगमन गर्नुपर्दैन त्रिभुवन विश्वविद्यालयले ? अनुगमन गर्ने प्रभावकारी सरकारी संयन्त्रको अभावका कारण भारतबाट प्रवेशिका, प्रवीणता, स्नातक र स्नातकोत्तर तहका नक्कली प्रमाणपत्रहरू बर्सेनि नेपाल भित्रिइरहेछन् ।

सरकारी र निजी विद्यालय, उच्च मा.वि. र विश्वविद्यालयमा शिक्षक एवं प्राध्यापकको नियुक्तिको प्रयोजनका लागि सञ्चारमाध्यममार्फत् विज्ञापन नगरी भित्रभित्रै खासखुस गर्ने प्रवृत्ति बढ्नु र सर्टिफिकेटमा जतिसुकै उत्कृष्ट अङ्क प्राप्त गरेको भए पनि पहुँच नहुने व्यक्तिले नियुक्ति नपाउनुले कैयौं उच्च शिक्षित बेरोजगारहरूमा हीनताबो गराउनाका साथै मनोविक्षिप्त विद्रोही र मनोरोगग्रस्त अपराधी बन्ने सम्भावना छ ।

पदपूर्तिका लागि विज्ञापन प्रकाशन-प्रसारण गरिहाले पनि ५ सयदेखि माथिको निवेदन दस्तुर माग गर्ने र लिखित-मौखिक परीक्षाका प्रतिस्पर्धी निवेदकहरूलाई कसले नियुक्ति पायो भन्ने जानकारी उपलब्ध नगराउने प्रवृत्ति बढेको छ । निवेदन दस्तुर शीर्षकमा सङ्कलित रकमबाट साँझको गर्जो टार्ने नियतले अनावश्यक विज्ञापन निकालेर जबर्जस्ती स्कुल-कलेज सञ्चालन गर्ने काम पनि भैरहेको छ भने नियुक्ति पाउने व्यक्तिको विवरणसहितको सूचना उपलब्ध नहुँदा योग्यताको नभै पहुँच प्राथमिकतामा परेको प्रमाणित हुन्छ ।

मानविकी पढेको विद्यार्थीले सोही सङ्कायको सम्बन्धित विषय पढाउनेबाहेक अरू केही जानेको हुँदैन । मानविकी सङ्कायका विद्यार्थीसँग शिक्षण पेसाबाहेक अरू थुप्रै विकल्प छन् भनेर थामथुम पार्ने गरिएको छ । लोकसेवा आयोगको परीक्षा दिन छुट्टै तयारी गर्नुपर्छ, तर त्यसले पनि पूरै शिक्षित जनशक्ति खपत गर्न सकेको छैन । पत्रकारिता काठमाडौंबाहेक अन्यत्र व्यावसायिक भैसकेको छैन । आईएनजीओ र एनजीओहरूमा जागिर गर्ने अवसर पनि सबैलाई छैन ।

आई.एस्सी. उत्तीर्ण विद्यार्थी बी.ए.पढ्न पाउँछ तर आई.ए. उत्तीर्ण विद्यार्थी बी.एस्सी. मा भर्ना हुन पाउँदैन । एम.एस्सी. उत्तीर्ण एम.ए. पढ्न पाउँछ तर एम.ए. उत्तीर्णलाई एम.एस्सी. मा प्रवेश छैन । यस दृष्टिले मानविकी सङ्कायलाई 'कमजोर विद्यार्थीको सङ्काय' का रूपमा व्यवहार गरिएको छ । एम.ए. उत्तीर्ण गरिसकेपछि कलेजमा दरबन्दी पाउने सम्भावनाको न्यूनताका कारण शिक्षक सेवा आयोगको परीक्षामा सहभागी हुन बी.एड. मा भर्ना हुन जानुपर्ने स्थिति छ ।

सर्सती हेर्दा मानविकी सङ्कायका अङ्ग्रेजी र गणितबाहेक अरू विभागका एक वा तीनै तह उत्तीर्ण विद्यार्थीहरूले कुन विशिष्ट पेसा अँगालेर जीविकोपार्जन गर्न सक्छन् भन्ने प्रश्नको स्पष्ट जवाफ छैन । मानविकीका गणित र अङ्ग्रेजी विभागका स्नातकोत्तरहरू जागिरको खोजीमा बिदेसिन सक्छन्, तर इतिहास, राजनीतिशास्त्र, नेपाली, भूगोल आदि विभागका उत्तीर्ण विद्यार्थीहरू देशभित्रै अवसर खोज्न बाध्य छन् । क्यारियर परामर्शदाताहरू महँगा भएकाले ग्रामीण र सहरी ठाउँका विपन्न एसएलसी उत्तीर्णहरूले त्यस्तो सहरकेन्द्रित सुविधा लिन सक्दैनन् ।

विज्ञान सङ्कायको भौतिक, रसायन र जीवशास्त्रमात्र होइन, मानविकी सङ्कायकै गणित र अङ्ग्रेजी विभागको पढाइ नेपाली र अन्य विभागका तुलनामा महँगै छ । सरकारले निःशुल्क शैक्षिक परामर्शदाताको भूमिका निर्वाह गर्ने कुनै निकाय बनाएको छैन । 'स्कोप नभएको' सङ्काय र विभागमा थाहा नपाएर धेरै विद्यार्थी भर्ना हुन्छन् । फलस्वरुप स्नातकोत्तर बेरोजगारीले मानविकी सङ्कायको गणित र अङ्ग्रेजीबाहेकका विभागबाट उत्तीर्ण विद्यार्थीलाई पिरोलेको छ ।

मानविकी सङ्कायका गणित र अङ्ग्रेजी पढेका स्नातक र स्नातकोत्तरहरू जागिर नपाए पनि ट्युसनका भरमा अस्तित्वरक्षा गर्न सक्छन् तर तीबाहेक अन्य सबै विभागका विपन्न बेरोजगार विद्यार्थीहरू छाक टार्न नसक्ने अवस्थामा बाँच्छन् । जागिर पाइहाले पनि नियुक्ति र बर्खास्तीको कुनै कानुनी सीमा नभएकाले निजी संस्थामा चरम उत्पीडन सहनुपर्छ ।

शिक्षा क्षेत्रमा शिक्षा सङ्कायकै वर्चस्व राख्ने हो भने त्रिभुवन विश्वविद्यालयद्वारा मानविकी सङ्काय किन सञ्चालन भैरहेछ ? चिकित्साविज्ञान, चार्टर्ड अकाउन्टेन्ट, कम्प्युटर तथा आर्किटेक्ट इन्जिनियरिङ, होटल म्यानेज्मेन्ट, फेसन डिजाइनिङ, स्टाफ नर्सजस्ता महँगा शिक्षामा लगानी गर्न नसक्ने विपन्नहरूद्वारा भड्किन सक्ने सम्भावित विद्रोहबाट जोगिनमात्र मानविकी, शिक्षा र व्यवस्थापनजस्ता बजारमा माग नभएका तर, सस्तो लगानीमा पढ्न सकिने विभागहरू सञ्चालन गरिएजस्तो लाग्छ ।

बजारमा अत्यधिक माग गरिएका कैयन् स्कोपयुक्त कोर्सहरू त्रिभुवन विश्वविद्यालयले सञ्चालन नगर्दा निजी शिक्षण संस्थाले अराजक रीतिमा शुल्क उठाएका छन् । शिक्षा व्यावहारिक हुनुपर्ने मुद्दा जोडतोडले उठाउनाले मूल मुद्दा ओझेलमा परेको छ । मूल मुद्दा शिक्षा र रोजगारमा समान पहुँचको हो । शिक्षा व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक एवं राष्ट्रको आवश्यकता अनुरूप हुनुका साथै सर्वसुलभ तथा नागरिकमुखी पनि हुनुपर्छ ।

**-गोपाल विरही**

## तीतो सत्य

संघर्षशील मानिस नै सफल हुन्छ ।

गर्छु भन्न सजिलो छ तर गर्न धेरै गाह्रो हुन्छ ।

मानिस होइन मानिसको सिर्जना अमर हुन्छ ।

**- ऐश्वर्य श्रेष्ठ**

आगो र पानी, झूट र सत्य, दुर्जन र सज्जन, दिन र रात एकै ठाउँमा रहन असम्भव छ ।

आगोको स्वभाव नै पोल्नु हो, जानाजान पोल्ने आगोमा हात हालिन्छ र आगोले पोल्छ भने पोल्ने आगोलाई दोष लाग्दैन ।

**- विन्दु**

समाजलाई बदल्न खोज्नेहरू लोभ र वासनामा फसे भने उनीहरू जत्तिको खतरनाक भाइरस अरू नखोजे पनि हुन्छ ।

लक्ष्य नराख्नेहरू जहिले पनि भौंतारिरहेका हुन्छन्, दुःख-कष्टका साथ जीवन गुजारा गरिरहेका हुन्छन् अनि भाग्य र भगवान्लाई धिक्कारिरहेका हुन्छन् ।

**- एम.सी. वाङदेल**

फूल टिप्नु नै छ भने काँडाको घोचाइ पनि सहनुपर्छ ।

स्वार्थी भावना, छलकपट र दुष्टपन त्याग्न सक्नुपर्छ ।

असल चालचलनले नै मानिसको व्यक्तित्व झल्काउँछ ।

**- विन्दु**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*-सम्पादक*

## सहर चर्चा





नेपाली फुटबल विवादमा परेको वर्षौं भैसकेको छ । विभिन्न विवादका कारण नेपाली फुटबलले सोचेअनुसार आन्तरिक प्रतियोगिता गर्न पाएको छैन भने अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि सफलता हात पार्न सकेको छैन । प्रतियोगिता हुन नसके पनि नेपालमा फुटबल अझै पनि सर्वाधिक लोकप्रिय छ भन्ने कुरा हालै जुमानुले नेपालको लोकप्रिय खेलाडीको पुरस्कार पाएर प्रमाणित गरे । नेपाल खेलकुद पत्रकार मञ्चले वार्षिक रूपमा घोषणा र पुरस्कृत गर्दै आएको 'प्लेयर अफ दि इयर' मा जुमानुले उक्त सफलता हात पारेका हुन् । मोबाइल एसएमएसबाट विजेता चयन गरिने उक्त विधामा जुमानुलगायत तेक्वान्दोका दीपक विष्ट, फुटबलकै अनिल गुरुङ, क्रिकेटका पारस खड्का, नेरी थापा, मेहबुब आलम तथा बास्केटबलका विपेन्द्र महर्जन छनौट भएका थिए । लोकप्रिय खेलाडी चयन गर्न विभिन्न व्यक्तिले गरेको १ लाख ४९ हजार ५ सय ७६ एसएमएसमध्ये जुमानुले ६५ हजार ३ सय ५९ मत पाएका थिए । उनको निकटतम प्रतिद्वन्द्वी दीपक विष्टले ४३ हजार ९ सय १७ मत पाए । नेपाल पुलिस क्लबबाट स्ट्राइकरका रूपमा खेल्दै आएका जुमानुले पोखरामा आयोजित आहा गोल्ड कप जिताउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए भने गत वर्ष एएफसी प्रेसिडेन्ट कपमा नेपाललाई फाइनलको यात्रा गराउँदा उनले ३ गोल गरेका थिए । सर्लाही हरिऔनका जुमानु पपुलर प्लेयर अफ दि इयर विधामा परेपछि उनका साथी तथा गाउँलेहरू एसएमएस भोटिङका लागि चन्दा संकलनदेखि पोस्टर पम्प्लेपटिङ गर्दै हिंडेका थिए ।

### साइबर गर्ल

### नम्रताको शैली

दस जोड दुईमा अध्ययनरत नम्रता सापकोटा हरेक वर्ष असोज ३ गते आफ्नो जन्म दिन मनाउँछिन् । नृत्य गर्न मन पराउने नम्रता साथीसँग च्याट गरेर फुर्सदको सदुपयोग गर्छिन् । उनले आत्मनिर्भर युवतीका रूपमा चिनिने लक्ष्य लिएकी छिन् । अहिलेको समयमा आत्म-निर्भर हुन सक्नु नै ठूलो कुरा हो, नम्रता भन्छिन् । गोरो वर्णकी नम्रताको केश तथा आँखाको रंग कालो छ । उनलाई आफ्ना अंगहरूमध्ये आँखा सबैभन्दा मन पर्छ । ५ फिट १ इन्च अग्ली नम्रताको तौल ४२ किलोग्राम छ । केही म्युजिक भिडियोमा मोडलिङ गरिसकेकी नम्रताले एउटा नृत्य प्रतियोगितामा प्रथम पुरस्कारसमेत हात पारेकी छिन् । उनका आकर्षक तस्बिर बुटबलसिटी डटकममा हेर्न सकिन्छ ।

## मुखाले

विभिन्न जातीय राज्यको माग गरेर देश विभाजन गर्ने काम गलत हो ।

**-राष्ट्रपति डा. रामवरण यादव**

माओवादीलाई सुधार्न एमाले सरकारमा गएको हो ।

**-माधवकुमार नेपाल**

जुन शब्द राखे पनि माओवादी लडाकु नै हुन्, शब्दमा विवाद नगरौं ।

**-पुष्पकमल दाहाल, प्रधानमन्त्री**

मसँग इच्छाशक्ति छ, योजना छ, दृढता छ ।

**वामदेव गौतम, उपप्रधानमन्त्री**

प्रजातन्त्र उग्रवामपन्थीहरूको धरापमा परेको छ ।

**-कमल थापा, राप्रपा नेपाल**

माओवादीको सच्चिने छाँट छैन ।

**-रवीन्द्र श्रेष्ठ, नेकपा एमाले**

सरकार जहिले पनि ढल्न सक्छ ।

**-केपी शर्मा ओली**

उनीहरू (माओवादी छापामार) बम बनाउन र आधुनिक हतियार चलाउन तालिम प्राप्त छन् । उनीहरूलाई घर न घाटको बनाउनु हुन्न, नत्र देश संकटमा पर्छ ।

**अशोक श्रेष्ठ, पूर्व डीआईजी**

अहिलेको अवस्थामा सरकारले अझै ५० वर्ष गोर्खा भर्ती केन्द्रको विकल्प दिन सक्दैन ।

**-टिकप्रसाद गुरुङ, अध्यक्ष, भूतपूर्व गोर्खा सैनिक संघ**

नेपाल बाहिरका दर्शकले कार्यक्रमको मज्जा लिन जानेका छन् ।

**-ऋचा घिमिरे, चलचित्र नायिका**

यौन शारीरिक आवश्यकता हो । यसको दुरुपयोग नगरौं ।

**निखिल उप्रेति, चलचित्र अभिनेता**

# ठीक छ, म डन नै हुँ

**कहिल्यै रात नपर्ने काठमाडौंको चर्चित स्थान ठमेल अहिले ११ नबज्दै सुनसान हुन थालेको छ। ठमेलका डान्सबार, दोहोरी, मसाज तथा रात्रिकालीन सबै किसिमका व्यापारलाई प्रहरीले ठप्प पारेको छ। त्यसमा संलग्न भएका करिब ३ हजार व्यक्ति पनि बेरोजगार भएका छन्। अर्कोतिर ठमेललाई रात्रिकालीन बजारका रूपमा विकसित गर्न प्रमुख भूमिका खेल्ने चर्चित व्यक्ति राजीव गुरुङ अर्थात दिपक मनाङे प्रहरीले पक्राउ पुर्जी जारी गरेपछि भूमिगत छन्। कुनै बेला ठमेलका डिस्कोबार, नृत्यबार, पुल तथा स्नुकरमार्फत दैनिक लाखौं कमाइ गर्ने दीपक मनाङे प्रहरीद्वारा डनका रूपमा आरोपित छन्। विभिन्न व्यवसायमा नेपालभरि ४ हजार युवकलाई परिचालन गर्ने क्षमता राख्ने मनाङे प्रहरी तथा सेनालाई कुटपिट गरेरै चर्चित भएका हुन्।**



**अहिले काठमाडौंको रात्रिकालीन जीवन बन्द भएको छ, कस्तो लागिरहेको छ ?**

साह्रै दुःख लागेको छ। हिजो गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा वा कृष्णप्रसाद सिटौला गृहमन्त्री हुँदा नाइट लाइफ स्वतन्त्र थियो। आज कम्युनिस्ट शासन आउनेबित्तिकै प्रहरीले काम देखाउने बहानामा रेस्टुरेन्ट तथा बारमा ब्रह्मलुट गरेका छन्। खाना खाइरहेका मानिस तथा भान्सामा काम गर्ने सेफमाथि कुटपिट भएको छ। यसले मलाई पीडा दिएको छ।

**लाइट लाइफलाई नियन्त्रण गर्नु राम्रो होइन र ?**

हिजो किन त्यसलाई स्वतन्त्र छाडियो ? किनभने हिजो डेमोक्र्याटहरू सत्तामा थिए। यो व्यवसायबाट प्रहरीका हाकिमलाई ठूलो पैसा जान्थ्यो। अहिले आफू चोखो हुन प्रहरीका हाकिमहरू कम्युनिस्ट नेताहरूको चाकडी गरिरहेका छन्। उनीहरू मानिसलाई दुःख दिएर यो सरकार अलोकप्रिय होस् भन्ने हिसाबले काम गरिरहेका छन्।

**तपाईंहरू रातभरि डान्स बार सञ्चालन गर्ने, दोषचाहिँ प्रहरीलाई दिने ?**

देशको साँचो सेवा गर्ने हो भने घूस नखाई काम गर्नुपर्छ अनि मात्र सबै आ-आफ्नो नियममा चल्छन्। प्रहरीका हाकिमको तलब जम्मा १६ हजार हुन्छ, तर उनीहरूले करोडौं मूल्य पर्ने घर किनेका छन्। अस्ति तीजमा प्रहरीका हाकिमहरूका श्रीमतीहरू नाचिरहेको देखें, उनीहरू गहनाले पुरिएका थिए। १६ हजार तलबले त्यस्तो गहना किन्न पुग्छ ? सबै जना नियममा चल्ने हो भने सबै ठीक हुन्छ, तर सरकार, मन्त्री, प्रहरी, खै को नियममा चलेका छन् ?

**वारेन्ट जारी गरेका कारण प्रहरीविरुद्ध खनिनुभएको हो ?**

मैले जहिलेदेखि व्यवसाय गर्न थालें, त्यही बेलादेखि प्रहरी र सेनाका विरुद्ध छु। मैले बुद्धि र पैसा लगानी गरेर व्यवसाय सञ्चालन गर्ने अनि प्रहरीलाई चाहिँ बर्दी लगाएकै भरमा घूस दिनुपर्ने ? जब मैले प्रहरीलाई घूस नदिएर चुनौती दिएँ तब प्रहरी मेरो विरुद्ध लाग्यो। म वर्तमान प्रहरी संरचनाको विरुद्ध पहिलेदेखि नै छु।

**प्रहरीले तपाईंमाथि अपराध गर्नेहरूलाई संरक्षण दिने 'डन' भएको आरोप लगाएको छ नि ?**

उनीहरूको कुरा नमानेपछि उनीहरूमाथि जाई लागेपछि डनको आरोप लगाउनु स्वाभाविक नै हो। मैले उनीहरूको कमाउने स्थानमा भाँजो हालेपछि प्रहरीले नै डनको आरोप लगाएको हो।

**के तपाईं डन होइन ?**

म शुद्ध व्यवसायी हुँ। म नयाँ-नयाँ काममा हात हाली त्यसलाई चम्काउने काम गर्छु। आफ्नो व्यवसायलाई अप्ठ्यारो पार्नेहरूसँग झुक्दिनँ। यो त सबैको धर्म हो। यस्तो काम गर्नेलाई डन भन्छन् भने ठीक छ म डन नै हुँ।

**धेरै केटा पाल्ने, कानुन आफ्नो हातमा लिनेलाई के भन्ने ?**

म ढुक्क छु, म र मेरा भाइहरूले कुनै गलत काम गरेका छैनन्। मेरा भाइहरूका मान्छेले गलत काम गरिहाले भने त्यो काम मैले अह्राएर गरेको भन्न मिल्दैन। जसरी मन्त्रीका सेक्रेटरीका मानिसले म मन्त्रीको मान्छे भन्दै ठग्छन्, तर मन्त्री बद्नाम हुन्छ। त्यसैगरी मलाई बद्नाम गर्ने (प्रहरीको) षड्यन्त्र हुनसक्छ। म व्यवसायी हुँ मलाई कानुन हातमा लिएर हिंड्ने फुर्सद पनि छैन, आवश्यकता पनि छैन।

**त्यसो भए मानिस कुटपिट गर्दै हिंड्ने गरेको आरोपलाई चाहिं के भन्ने ?**

मैले सेना र प्रहरी कुटेको चाहिँ सत्य हो। पावरलाई मिस युज गरेको देखेपछि मलाई हान्न मन लाग्छ। काम गरी खाने मानिसलाई अरूले हेपेको मन पर्दैन। बर्दीको भेषमा गुन्डागर्दी गर्दै हिंड्न छुट पनि दिनुहुँदैन।

**अहिलेसम्म कति मानिस कुट्नुभयो ?**

म सानातिना मानिसलाई कुट्दै हिंड्ने मानिस होइन। प्रहरीका ३० जनाजति हाकिमलाई कुटेको छु। तत्कालीन राजाका एडीसी तथा सेनाका हाकिमहरूलाई पनि कुटेको छु। रेस्टुरेन्टमा आउने, छाद्ने गरी खाने अनि घूस दिएन भनेर कामदारलाई लगेर थुन्ने जस्ता काम गरेपछि चुप लाग्नु मेरो नैतिकताले दिँदैन।

**पहिलो पटक मानिसलाई कहिले कुट्नुभयो ?**

हेर्नुस्, म फेरि पनि भन्छु, म जसलाई पायो त्यसलाई कुटपिट गर्ने मानिस होइन। म सिक्किमको राम्रो स्कुल तथा कलेज पढेको मानिस। अरूलाई रेस्पेक्ट गर्नुपर्छ भन्ने कुरा सिकेको मान्छे। २० वर्षअघि मात्र मैले पहिलोपल्ट प्रहरीको हाकिमलाई कुटेको हुँ। त्यो पनि अत्याचार सहन नसकेर।

**त्यसपछि त तत्कालीन राजाको एडीसीलाई नै कुट्नुभयो होइन ?**

राजाको होइन, तत्कालीन युवराज दीपेन्द्रको एडीसी राजु कार्कीलाई। त्यसपछि त टार्गेटमा परिहालें नि।

**मानिस कुट्नु तपाईंको रहर हो कि बाध्यता ?**

बाध्यता।

**कुन नेताको संरक्षणमा काम गरिरहनुभएको छ ?**

मलाई राजनीति मन पर्दैन। मेरो माथि कोही पनि छैन। नेताको ढोका कुर्ने, नमस्ते गर्ने काम मलाई झ्याउ लाग्छ।

**निर्वाचनका बेला त तपाईंले आफ्ना केटाहरूलाई अमुक दललाई सघाउनुपर्छ भन्ने निर्देशन दिनुहुन्छ नि ?**

म एकपटक राष्ट्रिय प्रजातन्त्र पार्टीको युवा समूहमा थिएँ। त्यसबेला पशुपतिशमसेरलाई सघाएँ। राप्रपाले युवा परिचालन गर्ने मेरो नीतिलाई अस्वीकार गरेपछि कांग्रेसमा सहभागी भएँ। केही समय कांग्रेसका लागि पनि काम गरें, तर कांग्रेस पनि मलाई मन परेन। अहिले बुझ्दा मलाई राजनीति मन पर्ने कुरा रहेनछ भन्ने लाग्छ। एकदमै डट्टी गेम हुँदो रहेछ। त्यही भएर स्वतन्त्र छु।

**केही समययता माओवादी निकट हुनुहुन्छ भन्ने सुनिन्छ नि ?**

माओवादीहरू बहुतै दुःख गरेर यहाँसम्म आएका हुन्। माओवादीलाई पनि मलाई जस्तै प्रहरी र सेनाले दुःख दिए। उनीहरूमाथि पनि धेरै चार्ज लागे, तर पनि संघर्ष गर्न छाडेनन्। म पनि त्यही अवस्थाबाट गुज्रिरहेको हुनाले मलाई माओवादी राम्रो लाग्छ।

**भारतीय डनहरूसँग पनि तपाईंको उठबस छ भन्ने सुनिन्छ नि ?**

म विश्व हिन्दु महासंघको सदस्य भएका नाताले शिव सेना प्रमुख बाल ठाकरेसँग उठबस छ। भारतीय जनता पार्टीका नेता लालकृष्ण आडवाणीसँग चिनजान छ, तर यो नेपालका लागि गर्वको कुरा होइन र ? यस्ता व्यक्तिसँग सम्बन्ध हुँदा नेपाललाई फाइदै छ, होइन र ?

**कुनै बेला सबैभन्दा धनी डनका रूपमा चिनिने दीपक मनाङे अहिले गरिब भएको खबर आएको छ नि, किन होला ?**

देशको अवस्था राम्रो छैन। सबै बिजनेज डामाडोल भएको छ। यहाँ मेरो मात्र होइन, सबै व्यवसायीको स्थिति खराब छ। कतिपय मानिसको बैंकको ऋण तिर्न नसकेर उठिबास भएको छ। धन्न मैले बैंकको ऋण लिएको थिइनँ र अप्ठ्यारो परेको छैन।

**पैसा नहुँदा अप्ठ्यारो पर्छ भन्ने लाग्दैन ?**

देशको अवस्था ठीक हुनेबित्तिकै सबै ठीक हुन्छ। बुद्धि छ भने मजस्तो व्यवसायीले पैसा कमाउन समय लाग्दैन। म पैसा धेरै हुँदा मात्तिने र थोरै हुँदा आत्तिने मानिस होइन।

**मिलन चक्रे र तपाईंका बीच बेलाबेलामा झगडा परिरहन्छ, किन होला ?**

हामीबीच दुस्मनीको हल्ला चलाएर प्रहरीले फाइदा लिन खोजेको हामी दुवैले बुझेका छौं। हामीबीच अहिले कुनै दुस्मनी छैन। हाम्रो एरिया पनि फरक छ, लाइन पनि फरक छ। भोलि राजनीति गर्नुपर्‍यो भने पनि मेरो क्षेत्र मनाङ हो, मिलनको गोर्खा। हामीलाई लडाउन पाए, फाइदा लिन पाइन्थ्यो भनेर दाउ छोप्नेहरूले यस्ता हल्ला चलाएका हुन्।

**प्रस्तुति : अश्विनी कोइराला**

## रसिकलाई पुरस्कार धनकुटेलीलाई गीत

धनकुटा– ए है आज भेडा-बाख्रा कता लाने ? एक जमनाको चर्चित लोकगीत। यो गीतका गायक तथा संकलक हुन भोजपुर छिनामख्खु गाविसमा जन्मिएर इलामलाई कर्मभूमि बनाएका लोकगायक तथा संगीतकार गणेश रसिक। उनले यो गीत गाउँदा २ हजारभन्दा बढी धनकुटेली श्रोताले यति मन पराए कि रसिकले वान्स मोर पनि पाएका थिए। त्यसपछि उनले अन्य तीनवटा गीत गाएका थिए।

रसिकलाई गीत, रेडियोबाट मात्र सुनेका धनकुटेलीलाई प्रत्यक्ष भेट्ने मौका भने इन्द्रमोहन स्मृति गुठी प्रतिष्ठानले जुराएको थियो। प्रत्येक वर्ष विभिन्न विधामा सक्रिय व्यक्तिहरूलाई प्रदान गरिने १० हजार रुपैयाँ र सम्मानपत्रले सम्मान गरेपछि धनकुटेलीले रसिकलाई नजिकबाट सुन्ने मौका पाएका थिए।

गुठीले सम्मान रसिकलाई सम्मान मात्र गर्ने योजना नबनाएर धनकुटेली नवकलाकारहरूलाई रसिकसँग गलाको साइनो जुराउने काम पनि गर्‍यो। दामोदर दाहालको साहित्यिक छन्दमा रहेको उद्घोषण आफ्नै पहिचानको थियो भने स्थानीय गायक कमल राई, पूर्णकला राई, रमेश कट्टुवाल र विभूति कटुवालले विभिन्न गायक-गायिकाका लोक तथा आधुनिक गीत गाउँदा दर्शकहरूले तालीले साथ दिएका थिए। माथिल्लो गोकुण्डेश्वर स्कुलको प्रङ्गणमा आयोजित सम्मान तथा सांस्कृतिक कार्यक्रमको अर्को रोचक पक्ष भनेको विभिन्न गीतमा विद्यालयका छात्रछात्राले प्रस्तुत गरेको नृत्य थियो। कार्यक्रममा जीवन राईको ट्यूबलाइट डान्सले युवा दर्शकहरूको ध्यान तानेको थियो।

**–भिषा काफ्ले**




## रात्रि व्यवसायीहरू आन्दोलनमा

**साप्ताहिक समाचार**

गृहमन्त्रालयको निर्णयले रात्रि व्यवसाय बन्द हुने अवस्थामा पुगेको भन्दै यो क्षेत्रका व्यवसायीहरूले आन्दोलन प्रारम्भ गरेका छन्। गत सोमबार खुलामञ्चबाट जुलुस निकालेर गृह प्रशासनको कदमविरुद्ध उनीहरूले प्रदर्शन प्रारम्भ गरेका थिए।

'सरकारले रात्रि व्यवसायीका विरुद्ध गरेको निर्णय फिर्ता नहुन्जेलसम्म आन्दोलन अझ जारी रहनेछ।' रात्रि उद्योग व्यवसायी संघका अध्यक्ष समीर गुरुङले साप्ताहिकसँग भने- 'सरकारको यो निर्णयले हजारौं मजदुरको रोजीरोटी खोसिएको छ, उनीहरू त्यसै चुप लागेर बस्छन् त ?' पर्यटक आउने यो सिजनमा ११ बजेभित्र सुतिसक्नुपर्ने निर्णय न्यायसंगत नभएको गुरुङले बताए।

रात्रिजीवन ९ बजेपछिबाट मात्र प्रारम्भ हुने भएकाले गृह प्रशासनको निर्णय व्यवसाय बन्द होस् भन्ने चाहनाबाट अभिप्रेरित भएर आएको आन्दोलनकर्मीहरूले बताए। गत एक सातादेखि मुख्य नगरक्षेत्रका रेस्टुरेन्ट, बार, डिस्को, क्लब, डान्स रेस्टुरेन्ट, होटल बन्द भएको जनाउँदै बेबिलोन डिस्कोका सुवास लिम्बूले भने- 'हाम्रो मागलाई समयभित्रै सम्बोधन गरिएन भने दसैंको मुखमा आन्दोलनको आँधिबेहरी सृजना गरिदिन्छौं।'

रात्रि व्यवसायले सर्वसाधारण नागरिकको शान्तिपूर्ण वातावरणमा बाँच्न पाउने अधिकार हनन भएको भन्दै दुई साताअघि सरकारले काठमाडौंमा ११ बजेसम्म मात्र रात्रि उद्योग व्यवसाय सञ्चालन गर्न पाउने नियम लागू गरेको थियो। दसैंको मुखमा सरकारको यस्तो निर्णय आउँदा एक्कासि बेरोजगार बन्न पुगेका कर्मचारीहरू पनि यो निर्णयका विरुद्ध सञ्चालकहरूले थालेको आन्दोलनमा सहभागी हुन पुगेका छन्।

दसैंको मुखमा आउने पर्यटकलाई लक्षित गरेका पर्यटन व्यवसायीहरू पनि यो निर्णयका कारण मारमा परेको बताउँछन्। असुरक्षित अवस्था देखेर पर्यटक आउन छोडेपछि पर्यटकको भरमा चल्ने रेस्टुराँहरूले खल्तीबाट घरभाडा तिर्नुपर्ने अवस्था आएको अध्यक्ष गुरुङले बताए। ज्ञापनपत्र बुझाउन गएको व्यवसायीहरूको समूहलाई गृहमन्त्रीले तीनभित्रमा खबर गर्ने आश्वासन दिएका थिए। ज्ञापनपत्रमा प्रहरी-प्रशासनले दिएको दुःखका बारेमा गृहमन्त्रीलाई अवगत गराइएको छ।

TRIVIA TRAINING CENTRE
सबै तालिममा ४०% छुट
एकै छानामुनि विभिन्न किसिमको तालिम, १७ वर्षदेखि सिकाउँदै आएको
१) ब्यूटिसियन ४) फेसन डिजाईनिङ्ग ७) आर्ट आदि विभिन्न
२) सिलाई ५) इन्टेरियर डिजाईन किसिमको पेन्टिङ्ग, फुल,
३) बुनाई ६) नृत्य एरोबिक्स डल आदि सिकाईन्छ।
विजया दशमीको उपलक्ष्यमा Beautician र सिलाईमा निशुल्क भर्ना खुल्यो।
कुमारीपाटी, च्याम्पियन एकेडेमी अगाडी
बिहान ८ बजेदेखि बेलुकी ६ बजेसम्म
०१६२०४८५१, ९८५१०६११३१

# अध्ययनमा विद्यार्थीलाई कसरी आकर्षित गर्ने ?



**विश्वमणि अधिकारी**

अधिकांश शिक्षकले राम्रो सल्लाह दिँदा झर्कने विद्यार्थीले पनि कतिपय शिक्षकले गरेको गालीलाई समेत सकारात्मक रूपमा लिएको देखिन्छ। आखिर किन यस्तो हुन्छ ? अनुसन्धानहरूले के देखाएका छन् भने जसले विद्यार्थीहरूमा अध्ययनप्रति उत्प्रेरणा जगाउन सक्छन्, ती शिक्षकलाई विद्यार्थीले मन पराउँछन् र विद्यार्थीको दक्षता पनि अन्य विषयमा भन्दा शिक्षक मन पर्ने विषयमा नै बढी पाइन्छ। यसर्थ शिक्षकहरूले कक्षामा कुनै पनि पाठ सुरु गर्नुपूर्व विद्यार्थीहरूको मनस्थितिलाई बुझेर मात्र अघि बढ्नु उचित हुन्छ। कक्षाकोठाका क्रियाकलापहरू सन्तोषजनक हुनुपर्छ, आरामदायी हुनुपर्छ। शिक्षकले आफ्नो कार्य दबाबमूलक नभै स्वतन्त्रतापूर्वक सञ्चालन गर्नुपर्छ।

विद्यार्थीको प्रकृति, स्वभाव-अनुसार दिइने कक्षाकार्य वा गृहकार्य कुनै पुरस्कारयुक्त भए त्यसको प्रभाव राम्रो हुन्छ। पुरस्कार दिने भन्दैमा पैसा वा सामान नै दिनुपर्छ भन्ने सोच्नु गलत हो। विद्यार्थीले गरेको कक्षाकार्यमा 'भेरी गुड' वा यस्तै केही दियो भने मात्र पनि त्यो विद्यार्थीमा सकारात्मक प्रभाव पर्छ र पछि पनि कक्षाकार्य गर्न विद्यार्थीलाई प्रेरणा मिल्छ। यसैगरी विद्यार्थीले शिक्षकको स्याबासी पाएका कारण अरू विद्यार्थी पनि कक्षाकार्य गर्न तँछाडमछाड गर्छन्। यी दृश्य विद्यालयतहमा मात्र होइन, कलेजमा समेत देखिन्छ। त्यसो त सिकाइका अनुभव र अन्य क्रियाकलापहरू अर्थपूर्ण हुनुपर्छ। सिकाइमा आएका यस्ता अनुभव वा क्रियाकलापहरू सिकारुका व्यक्तिगत जीवनसँग सम्बन्धित, उपयोगी एवं लाभदायक हुनुपर्छ।

विद्यालयका अनुभव र क्रियाकलापहरू यस किसिमबाट मिलाउनु पर्छ कि सिकारुले कुनै न कुनै तहको सन्तुष्टि प्राप्त गर्नुपर्छ। आफ्नो काममा सफलता र आत्मविश्वास सिर्जना गर्न सक्नुपर्छ। विद्यालयका शिक्षण कार्यहरू विद्यार्थीको कठिनाइ स्तर पत्ता लगाई त्यसैका आधारमा निर्माण एवं सञ्चालन गरिनुपर्छ। यसले गर्दा विद्यार्थीले सिकाइमा कठिनाइ महसुस गर्दैनन् र विद्यार्थीहरू अनुत्तीर्ण नभै सफलतातर्फ मात्र अघि बढ्छन्। शिक्षण सिकाइमा नयाँ-नयाँ शैक्षिक सामग्रीको प्रयोग विविध प्रकारबाट गर्नुपर्छ। यसले गर्दा विद्यार्थीको सृजनात्मकता एवं नयाँ-नयाँ विधिद्वारा प्रेरणायुक्त कार्यको विकास तथा सिकाइप्रतिको जागरणमा वृद्धि हुन्छ।

विद्यार्थीलाई सल्लाह, निर्देशन, प्रशंसा, प्रेरणा, पुरस्कार प्रशस्त प्रदान गरी आनन्ददायक एवं सन्तुष्टिको वातावरण निर्माण गर्नुपर्छ। यसले गर्दा म सही बाटोमा छु भन्ने कुराको जागरण विद्यार्थीमा हुन्छ र सिकाइमा सकारात्मक प्रभाव पर्छ। विद्यार्थीले कक्षामा प्राप्त गरेको ज्ञान र सीप दोहोर्‍याउने एवं प्रयोग गर्ने बढीभन्दा बढी अवसर दिइनुपर्छ। यस किसिमको प्रयोगले अभ्यासलाई विकसित बनाउँछ र सीपयुक्त सिकाइतर्फ अग्रसर बनाउँछ।

शिक्षकले विद्यार्थीहरूलाई त्यस बेलासम्म पर्खनुपर्छ, जुन बेलासम्म सिकारु सिक्नका लागि तयार हुँदैन। शिक्षकले त्यस्ता अनुभवहरू विद्यार्थीलाई दिनुपर्छ, जसले तत्परताका लागि उत्साही बनाउँछ र तत्परता वृद्धि गराउँछ। विद्यार्थीले सधैं अरूसँग तुलना गर्ने र अरूजस्तो बन्ने प्रयास गरेको हुन्छ। यसमा शिक्षकले ध्यान पुर्‍याउनुपर्छ। मनोवैज्ञानिक थर्नडाइकले सिकाइमा दण्डको तुलनामा पुरस्कारको भूमिका बलियो हुने उल्लेख गरेका छन्। उनको भनाइमा पुरस्कारले प्रभाव एवं सूचनालाई प्रवल पार्छ र सिकाइ तीव्र हुन्छ।

समग्रमा भन्नुपर्दा विद्यार्थीको चाहनाबिना पढाइने पाठ बालुवामा पानी हालेसरह हुने भएकाले अर्थपूर्ण सिकाइको पहिलो सर्त भनेको विद्यार्थीलाई पढाइमा आकर्षित गर्नु हो। यसका लागि सम्भव भए सम्मका उपाय अपनाउनु शिक्षक तथा कलेज र विद्यालय प्रशासनको दायित्व हो। अझ पठनपाठनमा कम रुचि हुने विद्यार्थीहरूका लागि विशेष प्रबन्ध गर्नुपर्छ, न कि सजाय वा त्रास। जस्तो कि कक्षामा हल्ला गर्ने विद्यार्थीलाई सजाय दिनुभन्दा उठाएर किन तिमीले नलेखी, नसुनी हल्ला गरेको भनियो भने त्यो विद्यार्थी आफैं नतमस्तक हुन्छ। कसैले गृहकार्य गरेन भने पनि किन गृहकार्य नगरेको भन्ने कारण सोधेर दुई-चार दिनको थप समय दिई कक्षाका साथीसामु फलानो दिन बुझाउनेछु भन्ने वचन मागियो भने त्यो विद्यार्थीले रात-दिन नसुती भए पनि गृहकार्य सक्छ। यदि एक-दुई पटक उसलाई सकारात्मक पाराले व्यवहार गरियो भने पछि आफसे आफ सही बाटोमा हिंड्ने हुन्छ। त्यसैले एकोहोरो पढाउनुभन्दा विद्यार्थीलाई पढाइप्रति रुचि र आकर्षण प्रदान गर्न सकियो भने आफैंमा जिम्मेवारी बोध भै उपलब्धि हात पार्न सकिन्छ।

# कसरी पढ्दा उपयुक्त होला ?



एसएलसी उत्तीर्ण सबैजसो विद्यार्थी अहिले 'प्लस टु' मा भर्ना भैसकेका छन् भने कलेजहरूमा पढाइ पनि सुरु भैसकेको छ। कलेजमा भर्खर-भर्खर छिर्दा विशेषतः सरकारी स्कुलबाट आएका विद्यार्थीहरू आत्तिने तथा एउटा 'फ्याकल्टी' छाडेर अर्कोमा जानु नयाँ होइन। सहरमा पढेका विद्यार्थीहरूलाई भाषा लगायतका अन्य विषयमा समस्या पर्दैन तर गाउँका विद्यार्थीहरूलाई पहिले त भाषा तथा सहरी वातावरणमा घुलमिल हुन गाह्रो पर्छ। सबैको मन 'साइन्स' तर्फ आकर्षित भएको समयमा नेपाली माध्यमबाट आएका विद्यार्थीहरूको पनि यसमा मोह बढेको त छ, तर उनीहरू कलेजको सुरुवातमा आत्तिएको पनि देख्न सकिन्छ।

**कलेजको अनुशासन घेरा** : कतिपय विद्यार्थी पहिलो पटक काठमाडौं आउने पनि छन्। गाउँघरको विद्यालयको जस्तो अनुशासन कलेजमा नपच्न सक्छ। विद्यालयको भन्दा कलेजको भिन्नै खालको अनुशासन घेरा हुन सक्छ। विद्यार्थीका जिम्मेबारी कलेजमा थपिंदै जान्छन्। विद्यार्थीले कलेजमा साथीहरूसँग सौहार्द्रपूर्ण व्यवहार गर्नु आवश्यक हुन्छ। फलस्वरूप अहिले विद्यमान कलेजमा हुने झै-झगडाबाट पनि मुक्त रहनमा सहयोग पुग्छ। त्यस्तै कक्षामा शिक्षकहरूमा मात्रै आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ जसले गर्दा उक्त दिन पढेको कुरा बुझ्न गाह्रो नपरोस्।

**नियमित गृहकार्य** : नियमित गृहकार्य विद्यार्थीहरूका लागि महत्त्वपूर्ण कुरा हो। कलेजमा गृहकार्यबिना लक्ष्य हासिल गर्न सकिंदैन। विद्यालय जीवनमा शिक्षकहरूले दिएको गृहकार्य मात्र गरे पनि हुने थियो जबकि कलेजमा त्यस्तो हुँदैन। आफ्नो नियमित पढाइलाई पनि महत्त्वपूर्ण गृहकार्यका रूपमा लिनु आवश्यक हुन्छ जसले गर्दा परीक्षामा मात्र किताब पल्टाउँदा आत्तिनुपर्ने स्थिति आउँदैन।

**कक्षामा लगनशील** : कलेजमा लगनशील एवं मेहनती हुनु आवश्यक हुन्छ। आफूले नबुझेको कुरामा तत्काल शिक्षकसँग समय मागेर सोध्ने बानी बसाल्नुपर्छ। यस्तो नगरिए आफूले नबुझेका कुराहरू बढ्दै जान्छन् र सोध्न पनि झन्झट लाग्ने स्थिति आउन सक्छ। सानातिना कुरामा आफूभन्दा अलि जान्ने साथीसँग पनि सहयोग लिन सकिन्छ। यसो गरेमा धेरै हदसम्म सफलता प्राप्त गर्न सकिन्छ।

**प्राक्टिकल वर्क** : कलेजमा विद्यालयमा जस्तो थ्योरिटिकल कुराले पुग्दैन। यहाँ विभिन्न किसिमका प्राक्टिकल एनलाइसिस गर्नु आवश्यक हुन्छ। अहिलेको वैज्ञानिक युगमा थ्योरिटिकल कुरासँगै प्राक्टिकल कुरामा ध्यान नदिएमा कुनै पनि कुरा बुझ्न गाह्रो हुन्छ। एउटा भनाइ नै छ, 'जे सुनिन्छ, त्यो बिर्सिन्छ, जे देखिन्छ त्यो अलिअलि याद आउँछ अनि जे गरिन्छ, त्यो कहिल्यै बिर्सिंदैन'।

**–सागर शर्मा**

# क्यारियर योजनाका लागि केही उपयोगी टिप्स



जीवनमा के गर्ने भन्ने योजना आफूलाई लामो र जटिल लागे केही सजिलो उपाय अवलम्बन गर्नु उपयुक्त हुन्छ। यसका लागि पाँच मुख्य सुझावमा ध्यान दिनु आवश्यक हुन्छ।

**आफ्नो रुचि वा चाहना** : यदि तपाईंलाई कुनै कार्य ज्यादै मन पर्छ। उक्त कामप्रति लगाव छ वा त्यो कार्य गर्न आनन्द आउँछ र जाँगर चल्छ भने यसबाट तपाईंको रुचि केमा छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ। यद्यपि हरेक मन पर्ने कार्य क्यारियर बन्नुपर्छ भन्ने छैन। आफूलाई मनपर्ने कार्य पनि एउटा सीमासम्म मात्र गर्न सकिन्छ। कुनै पनि क्यारियरको प्राथमिक लक्ष्य आर्थिक आवश्यकता पूर्ति हो भने अन्तिम लक्ष्य आत्मिक सन्तुष्टि। कुनै पनि कामलाई टाइम पास वा सौखका रूपमा लिनु क्यारियर होइन। क्यारियर निर्माणका लागि आवश्यकताअनुसार रुचिमा पनि परिवर्तन ल्याउनुपर्छ। क्यारियरमा आफ्नो परिवर्तित रुचि र चाहनाले विशिष्टि महत्त्व राखेको हुन्छ। किनकि रुचिपूर्वक गरिएको काम राम्रोसँग सम्पन्न गर्न सकिन्छ र आत्म सन्तुष्टि पनि प्राप्त हुन्छ।

**क्षमता र योग्यता** : निश्चित दायित्व पूरा गर्न व्यक्तिमा जिम्मेवारीअनुरूपको योग्यता र क्षमता आवश्यक हुन्छ। योग्यताका लागि शिक्षा आवश्यक भएझैं कुनै ठीक र उपयुक्त निर्णय लिने, सामयिक निर्णय लिने एवं समयमै कदम चाल्ने क्षमता आवश्यक हुन्छ। यसैले व्यक्तिले आफ्नो चाहनाअनुसारको क्यारियरको रूपरेखा तयार गर्दा आफ्नो योग्यता एवं क्षमतालाई पनि ध्यान दिनुपर्छ। व्यक्तिले आफूले गर्न खोजेको काम कम उमेरमै पाए व्यक्ति अघि बढ्ने र उच्च पदसम्म पुग्ने सम्भावना हुन्छ। कुनै पनि काम सानो ठूलो हुँदैन। बढ्दो जनसंख्या र प्रतिस्पर्धाका बीचमा पनि नयाँ सिर्जनात्मक सोच र क्षमताका साथ अघि बढ्दा अवश्य पनि काम पाउन सकिन्छ।

**उपयोगिता र आवश्यकताको माग** : के ध्यान दिनुपर्छ भने तपाईंको कामले कति क्षेत्र ओगटेको छ। उक्त कामको कति माग छ ? समाजमा त्यसको उपयोगिता, स्थान र आवश्यकता कति छ ? कामको परिवेश के हो ? व्यवसायबाट कति आयआर्जन गर्न सकिन्छ ? आदि। ग्रामीण भेकमा क्यारियरको अलग क्षेत्र पनि हुन सक्छ तर सहरमा आधुनिक विकासका क्षेत्रहरू नै क्यारियर निर्माणका क्षेत्र हुन्। सञ्चारमाध्यम, इन्जिनियरिङ, चिकित्सा, इलेकट्रिकल, होटल म्यानेजमेन्ट, पर्यटन, इन्टेरियर डेकोरेसन, डिजाइनिङ, मोडलिङ विज्ञापन, ब्युटिसियन, व्यापार-व्यवसाय, उत्पादन उद्योगधन्धामा विशेषज्ञता आदि क्षेत्रमा काम र नाम दुवै पाउन सकिन्छ। सरकारी जागिरको क्षेत्र बृहत्तर हुँदाहुँदै पनि यस क्षेत्रमा तीव्र प्रतिस्पर्धा पनि छ। यसका साथै दिन-प्रतिदिन सुविधा र आकर्षण घट्दै गएकाले निजी व्यवसाय वा क्षेत्र पनि क्यारियरका लागि उपयुक्त प्रगतिमूलक तथा सुखद बाटो बन्नसक्छ।

**महत्त्वाकांक्षाको आँकलन** : कुनै महत्त्वाकांक्षा र उद्देश्य नै नभएको व्यक्ति समाजमा हुँदैन। उद्देश्यविहीन मान्छेको जीवन बाँच्नुको कुनै अर्थ पनि हुँदैन। महत्त्वाकांक्षाको अन्त्य हुनु भनेको व्यक्तिको प्रगतिको पनि अन्त्य हुनु हो। त्यसैले वर्तमान आधुनिक र प्रतिस्पर्धात्मक युगमा उच्च मनोबल र महत्त्वाकांक्षा राख्ने व्यक्ति नै प्रगतिको शिखर चढ्न सक्छ भने यथार्थ बुझ्नु आवश्यक छ। मनोविश्लेषकहरूका अनुसार महत्त्वाकांक्षी व्यक्तिले आफ्नो आर्थिक हैसियत, योग्यता र क्षमताभन्दा ठूलो सपना देख्नु हुँदैन। हैसियतभन्दा ठूलो महत्त्वाकांक्षा पूरा नहुन सक्छ। त्यसैले आफ्नो प्रतिभा, योग्यता, क्षमता तथा आर्थिक हैसियतसँग सामञ्जस्य हुने महत्त्वाकांक्षा र उद्देश्य लिएर प्रगतिको शिखर चढ्नुपर्छ।

**मानसिक एवं शारीरिक अनुकूलता** : यदि क्यारियर व्यक्तिको मानसिक एवं शारीरिक स्वास्थ्य अनुकूल छैन भने सम्पूर्ण कुरा गौण हुन पुग्छ। आपाङ्गले पनि अनौठो काम गर्न सक्ने क्षमता राख्छ। यस दृष्टिले सवलाङ्गका लागि केही असम्भव छ भन्ने छैन तर आफ्नो स्वास्थ्य अवस्था अनुकूलको कार्यक्षेत्र रोज्दा झन् कार्य सरल र सफल हुन्छ। त्यसैले आफ्नो स्वास्थ्य अनुकूलको कार्यक्षेत्रप्रति ध्यान केन्द्रित गर्नु जरुरी छ।

**परिस्थिति र प्रियजन** : आफ्नो काममा परिवार, सामाजिक परिवेश र मित्रले कत्तिको सहयोग पुर्‍याउन सक्छन् ? कत्तिको जानकारी उपलब्ध गराउन सक्छन् ? विचार पुर्‍याउनुपर्छ। पुँजी जुटाउने, जानकारी उपलब्ध गराउने, सरसल्लाह उपलब्ध गराउनेलगायत अन्य कुरामा पनि परिवार र साथीभाइको सहयोग आवश्यक हुने भएकाले उनीहरूको भूमिकालाई महत्त्व दिनुपर्छ। ठूलो डिग्री हासिल गरेपछि एकैपटक ठूलै पद पाइन्छ भन्ने हुँदैन। त्यसैले सबैतिरबाट परिस्थितिलाई अनुकूल बनाउन सकारात्मक सोच एवं दृढ अठोट लिएर अघि बढ्नुपर्छ।

# परीक्षामा पढाइसँगै आत्मविश्वास




धेरैजसो विद्यार्थी परीक्षा नजिकिन थालेपछि आत्तिन्छन् अथवा डराउँछन्। जब परीक्षा दिने समय हुन थाल्छ त्यसको केही समयअघि नै उनीहरूमा डर-चिन्ता बढ्छ। यसले गर्दा उनीहरूले आफूलाई आउने कुराको जवाफ पनि राम्रोसँग लेख्न सक्दैनन्। उनीहरू आफ्नो क्षमता तथा दक्षता प्रदर्शन गर्न असफल हुन्छन्। परीक्षाको तयारीमा रहेका विद्यार्थीहरूले केही उपाय अपनाए परीक्षा राम्रो हुनुका साथै सकारात्मक परिणाम पनि आउनेछ :

• परीक्षाको क्रममा हुने मानसिक तनावले विद्यार्थीहरू आत्तिनु स्वाभाविक हो। त्यसैले केही घण्टाको अध्ययनपछि केही समय मनोरञ्जन गर्नुपर्छ। परिवारका सदस्यहरूसँग कुराकानी गरेर, गीत-संगीत सुनेर तथा केही क्षण बगैंचामा घुमेर पनि शरीर तथा मस्तिष्कलाई चुस्त राख्न सकिन्छ। परीक्षा नजिकिँदै जाँदा अभिभावकहरूले पनि आफ्ना छोराछोरीलाई मनोवैज्ञानिक रूपमा सहयोग गर्नुपर्छ। यसबाहेक उनीहरूलाई नियमित रूपले हौसलासमेत प्रदान गर्नुपर्छ।

• परीक्षाका क्रममा गरिष्ठ खानेकुराहरू खानु हुँदैन। नपच्ने तथा बढी क्यालोरी भएका खानेकुराले शरीर अस्वस्थ हुनसक्छ र परीक्षामै प्रभाव पर्न सक्छ। त्यसैले परीक्षाको तयारीमा रहेका विद्यार्थीहरूले हल्का खाना खानुपर्छ। साँझ भातको साटो रोटी सेवन गरे चाँडै निद्रा लाग्दैन। फलफूल, हरिया सागसब्जी तथा दूध सेवन गर्नु स्वास्थ्यका लागि पनि हितकर हुन्छ।

• छोराछोरीको परीक्षाका क्रममा अभिभावकले घरमा कुनै पनि प्रकारको पार्टी अथवा भोज आयोजित गर्नु हुँदैन। साथै अनावश्यक रूपले अध्ययनमा दबाब दिनु हुँदैन।

• विद्यार्थीहरूले पनि तनाव, डर एवं चिन्ताबाट टाढा रहनुपर्छ। घुमफिर, योग, ध्यान आदि गर्नुपर्छ। यसले शरीर तथा मस्तिष्क अध्ययनका लागि तन्दुरुस्त हुनेछन्, साथै राति सुत्ने तथा बिहान उठ्ने समय निश्चित हुनुपर्छ। राति अबेरसम्म पढ्नुभन्दा बिहान सबेरै उठेर पढेको बढी प्रभावकारी हुन्छ।

• परीक्षामा सोधिएका प्रश्नहरूको उत्तर क्रमैसँग दिने प्रयास गर्नुपर्छ। यद्यपि यो अनिवार्य भने छैन। क्रमैसँगै उत्तर लेखिएका उत्तरपुस्तिका परीक्षण गर्ने व्यक्तिले उत्तर छुटाउने सम्भावना रहँदैन।

• प्रश्नहरूको उत्तर दिने क्रममा प्रश्नको अंकलाई पनि ध्यान दिनुपर्छ। कम अंकको प्रश्नको उत्तर लेख्न धेरै समय लगाउनु हुँदैन। कुनै एक प्रश्नको उत्तर लेख्दा-लेख्दै दुविधा भयो भने त्यसलाई त्यहीं रोकेर नयाँ प्रश्नको उत्तर लेख्नुपर्छ।

• परीक्षाको दिन तोकिएको समयभन्दा आधा घण्टाअघि नै परीक्षा केन्द्रमा पुग्नुपर्छ। ढिलो गरी परीक्षा केन्द्र पुगेको खण्डमा परीक्षा कोठा तथा बस्ने सिट खोज्दाखोज्दै समय जान्छ, साथै त्यही तनावका कारण परीक्षा बिग्रन सक्छ।

• प्रश्नपत्रमा सोधिएका सबै प्रश्न हल गर्नुपर्छ। सबै प्रश्न हल गरिए अनुत्तीर्ण हुने सम्भावना ज्यादै कम हुन्छ।

• प्रश्नपत्रमा गाह्रो प्रश्न सोधिएको छ भने पनि निराश नहुने। आफूले अध्ययन गरेका कुराहरू स्मरण गर्दै आत्मविश्वास बढाएर उत्तर लेख्ने प्रयास गर्नुपर्छ।

• परीक्षा प्रारम्भ हुनुभन्दा केही घण्टाअघिदेखि नै साथीहरूसँग छलफल गर्नु हुँदैन, त्यसले दुविधा उत्पन्न गराउँछ। साथै यसले तनाब तथा चिन्ता पनि बढाउँछ।

–अरुणा भट्टराई

# लामो स्मरणका लागि



अहिलेसम्म विद्यार्थीको ध्यान कुन विषय र कलेज पढ्ने भन्नेमै केन्द्रित थियो। धेरै विद्यार्थीका लागि यो अध्याय समाप्त भएको छ। अब कक्षा पनि प्रारम्भ भएका छन् र विद्यार्थीहरूमा अध्ययनको चिन्ता सुरु भएको छ। यद्यपि नयाँ पुस्तकसँग सामीप्यता बढाउन केही समय भने अवश्य लाग्न सक्छ। विद्यालय शिक्षाभन्दा कलेजको शिक्षामा केही फरकपन अवश्य हुन्छ। पढेका कुरा लामो समयसम्म सम्झनु आवश्यक हुन्छ। यसका लागि आफ्नो पढाइको तरिकामा पनि केही परिमार्जन ल्याउनुपर्छ।

**स्टाइल अफ रिडिङ**

कुनै पनि विषय पढिसकेपछि सम्झिनका लागि कति महत्त्वपूर्ण छ भन्ने आधारमा पढ्ने तरिका मुख्यत तीन प्रकारका हुन्छन्।

**स्क्यानिङ**

जसरी फोन बुकमा कुनै नम्बर खोजिन्छ, त्यस्तै प्रकारको पढाइ स्क्यानिङमा हुन्छ। यसमा छिटोछिटो पेज पल्टाएर कुनै खास शब्द, चित्र वा महत्त्वपूर्ण तथ्यलाई अवलोकन गरिन्छ। यसको प्रयोग खासगरी निम्न अवस्थामा गरिन्छ।

पुस्तकको प्रस्तावना वा भूमिका पढ्न। कुनै अध्यायको पहिलो वा आखिरी प्यारागाफ पढ्न। कुनै महत्त्वपूर्ण अध्याय पढ्न।

**स्किमिङ**

अखबार वा म्यागजिन जुन तरिकाले पढिन्छ त्यही तरिका स्किमिङमा अपनाइन्छ। यो विधिमा मुख्य कुरा सर्सर्ती पढिन्छ र खासै महत्त्वपूर्ण नभएका कुरालाई हेरिँदैन। यसमा मुख्य कुरामा ध्यान दिइन्छ र फेरि सम्झनका लागि त्यही मुख्य कुरालाई दोहोऱ्याइन्छ।

**डिटेल रिडिङ**

यसमा प्रत्येक शब्द विस्तारपूर्वक र सावधानीपूर्वक पढिन्छ। यसका साथै त्यसलाई दोहोऱ्याएर सम्झने प्रयास पनि गरिन्छ। यसबाहेक पढेका कुरा सम्झने अन्य विभिन्न उपाय छन्।

**एक्टिभ रिडिङ**

कलेज जीवनमा पूर्ण ध्यान तथा एकाग्रताका साथ कोर्सका पुस्तक पढ्नुपर्छ। एक्टिभ रिडिङका लागि यी कुरामा ध्यान दिनु आवश्यक छ।

**अन्डरलाइन गर्ने** : पढ्दा समयमा मुख्य-मुख्य भागलाई अन्डरलाइन गर्नुपर्छ। धेरैजसो मानिस भिज्युअल लर्नर हुन्छन्। यसको अर्थ उनीहरू कुनै चिन्ह लगाएको भाग छिटो सम्झन सक्छन्। यसकारण उनीहरू अन्डरलाइन गरिएको भागलाई राम्रोसँग सम्झन सक्छन्।

**नोट लेख्ने** : यदि पुस्तक फोटोर हुने कारणले अन्डरलाइन गर्न मन लाग्दैन भने मुख्य-मुख्य कुरालाई आफ्नो नोटबुकमा टिप्न सकिन्छ।

**प्रश्न गर्ने** : कुनै पुस्तक, लेख वा अध्याय पढ्नुभन्दा अघि ती प्रश्नहरू टिपेर राख्नुपर्छ, जसको उत्तर उक्त पुस्तक, लेख वा अध्याय पढेपछि पाउन सकिन्छ। यसैगरी ती पुस्तक, लेख वा अध्यायमा लेखकद्वारा उठाइएका प्रश्नलाई पनि सारेर तिनको उत्तर खोज्ने प्रयास गर्नुपर्छ।

**सार संक्षेप** : पुस्तक पढ्दा बीचबीचमा रोकिएर आफूले पढेका कुराको सारसंक्षेप छोटकरीमा लेख्ने प्रयास गर्नुपर्छ। पूरै पाठ सकिएपछि फेरि एक पटक आफूले पढेको पाठ पढेर तयार गरेको सारसंक्षेप कति सही छ, जाँच्न सकिन्छ।

**फास्ट रिडिङ**

समय कम छ र पढ्ने पुस्तकका पाना धेरै छन् भने अन्य विभिन्न प्रविधि अपनाएर पढ्न सकिन्छ। यसमा सर्वेक्षण, प्रश्न, रिकल, रिभ्यु, सिक्वेन्स सिग्नल जस्ता उपाय महत्त्वपूर्ण छन्।

**सर्वेक्षण**

विषयवस्तु सम्झिन शीर्षकलाई राम्रोसँग ध्यान दिनुपर्छ। लेखकको विचार जान्न पुस्तकको भूमिका पढ्नुपर्छ। पुस्तकमा दिइएका नक्सा, ग्राफ वा चार्टलाई राम्रोसँग बुझ्ने-सम्झने प्रयास गर्नुपर्छ।

पुस्तकमा लेखिएका बोल्ड, इटालिक शब्द तथा अन्त्यमा दिइएका प्रश्नलाई राम्रोसँग ध्यान दिनुपर्छ।

**प्रश्न**

पुस्तक पढिसकेपछि त्यहाँ दिइएका प्रश्नको उत्तर खोज्ने प्रयास गर्नुपर्छ। पढ्दा विषयवस्तुसँग सम्बन्धित विभिन्न प्रश्न खोजेर तिनको उत्तर प्राप्त गर्ने प्रयास गर्नुपर्छ।

**रिकल**

प्रत्येक भाग पढिसकेपछि एकछिन रोकिएर सोच्नुपर्छ र आफूले सोचेको प्रश्नको उत्तर सम्झने प्रयास गर्नुपर्छ। यदि सम्झन सकिएन भने एकपटक फेरि पुस्तक पल्टाएर हेर्नुपर्छ।

**रिभ्यु**

पूरै अध्याय पढिसकेपछि आफूले पढेका मुख्य-मुख्य कुरा सम्झने प्रयास गर्नुपर्छ। मनमा उठेका पूरै प्रश्नको उत्तर सम्झने प्रयास गर्नुपर्छ। यदि अझै पनि केही समस्या देखिए फेरि एकपटक सरसर्ती पूरै अध्याय पढ्न सकिन्छ।

**सिक्वेन्स सिग्नल**

प्रायः शीर्षक कुनै अघिल्लो शीर्षक वा विषयसँग सम्बन्धित हुन्छन्। त्यसैले नयाँ अध्याय सुरु गर्नुभन्दा अघि अघिल्लो विषयवस्तुका बारेमा पनि जानकारी राख्नुपर्छ।

**डिक्सनरीको प्रयोग**

कलेजका विद्यार्थीमा विद्यालयका विद्यार्थीभन्दा धेरै शब्दज्ञान हुन्छ भन्ने आमधारणा हुन्छ। यसकारण पनि आफ्नो शब्दज्ञान बढाउने प्रयास गर्नुपर्छ। यसका लागि डिक्सनरी प्रयोग गर्नुपर्छ।

यी सबै कुराबाट सबै विषयवस्तु पढ्नका लागि कुनै एउटा मात्र तरिका उपयुक्त हुँदैन भन्ने कुरा थाहा हुन्छ। विषयवस्तु र महत्त्वका आधारमा विभिन्न तरिका अपनाएर पढ्न सकिन्छ। यसो हुँदा पढेको कुनै पनि विषय लामो समयसम्म सम्झन सकिन्छ।


कुक, केयर गिभर तथा होटल तालिम

केयर गिभर तालिममा भारी छुट ३५% सम्म

असोज १७ सम्म मात्र

कुक केयर गिभर, हिब्रु भाषा, बेकरी, वेटर, रूममेड, सेल्स ब्वाई, सेल्स गर्ल्स

अमेरिका, जापान, अष्ट्रेलिया जानेहरुको लागि विशेष तालिमको व्यवस्था

५ तारे होटल, शिक्षक र ट्रेनिङको व्यवस्था, आधुनिक किचनमा ट्रेनिङ

KIHM Kupandole, Tel: 5523648
New Baneshwor, Tel: 2111404

# ब्रह्माण्डको रहस्य जान्ने प्रयास



गत साता विज्ञानको क्षेत्रमा एउटा ठूलो प्रयोग प्रारम्भ भयो। ब्रह्माण्डको उत्पत्तिको रहस्य पत्ता लगाउन उक्त प्रयोग अहिले पनि जारी छ। फ्रान्स र स्वीट्जरल्यान्डको सीमाक्षेत्रमा उक्त प्रयोग भएको थियो। उक्त प्रयोगका लागि जमिनभन्दा १ सय मिटर तल २७ किलोमिटर लामो सुरुङ बनाइएको छ। यसमा ठूला-ठूला पाइपलाइन ओछ्याइएको छ र तिनमा सयौं मिटर लामो केबुल जोडिएको छ। १ हजारभन्दा बढी बेलनाकार चुम्बक पनि छन्। प्रयोगबाट आउने नतिजा रेकर्ड गर्न विशाल कम्प्युटर संरचना तयार गरिएको छ। यसबाट प्रतिसेकेन्ड १ सय मेगावाइटभन्दा बढी तथ्यांक बटुल्न सकिनेछ।

उक्त स्थानमा लार्ज हाड्रोन कोलाइडर अर्थात् एलएचसी नामक एक प्रकारको सुरुङको निर्माण गरिएको छ। गत सेप्टेम्बर १० का दिन घडीको सुईको दिशा र विपरीत दिशाबाट पठाइएका प्रोटोनले सुरुङको २७ किलोमिटर दूरी पार गरे। त्यसबेला दुई पटक प्रोटोनका अणुबीच घर्षण भै सेता झिल्का निस्किएका थिए। प्रयोग सफल भएपछि यसको गतिविधि कम्प्युटरको स्क्रिनमा देखिएको थियो। यो प्रयोगको सुरुवात हो र केही समयपश्चात् यस्तै खालको बृहत् प्रयोग हुनेछ। यो प्रयोगले विश्वव्यापी चर्चा पाएको छ, जसमा विश्वका झन्डै १ सय राष्ट्रका हजारौं वैज्ञानिक सहभागी भएका थिए।

प्रोटोनका कणहरूलाई एक-आपसमा ठोक्काएपछि हुने विष्फोटले ब्रह्माण्ड उत्पत्तिको सिद्धान्त अर्थात् बिगव्याङलाई बुझ्न मद्दत पुऱ्याउनेछ। यो सिद्धान्तअनुसार खगोलीय पीण्डहरू एक-आपसमा ठोक्किएर निस्किएका कणबाट पृथ्वीलगायत ग्रह र उपग्रह बनेका हुन्। यो प्रयोगमा पनि प्रोटोनलाई त्यसरी नै विष्फोट गराइनेछ र त्यसपछि चिसिने कणहरूको गुण पृथ्वीलगायतका ग्रह र उपग्रहसँग मिल्ने-नमिल्ने कुरा अध्ययन गरिनेछ।

ब्रह्माण्डको रहस्य थाहा पाउन गुड पार्टिकल नाम दिइएको पदार्थ पत्ता लगाउनुपर्छ। यो पत्ता लाग्न १ सातादेखि १० वर्षसम्म लाग्ने अनुमान गरिएको छ। यसबाहेक डार्क म्याटर, डार्क इनर्जी, हिग्स बोसोनजस्ता नाम भएका पदार्थको परीक्षण पनि हुनेछ। यी सबै कुरा यो प्रयोगबाट थाहा हुनेछ र ब्रह्माण्डको रहस्य पत्ता लाग्नेछ।

यी सबै कार्यका लागि एलएचसीमा चार प्रकारका डिटेक्टर प्रयोग गरिएका छन्। नयाँ प्रकारका भौतिक संरचना तथा थप तथ्य पत्ता लगाउन एटलस नामक डिटेक्टर प्रयोग गरिएको छ। त्यसैगरी हिग्स बोसोन तथा डार्क म्याटरको प्रकृति अध्ययनका लागि सीएमएस डिटेक्टर प्रयोग गरिएको छ। एलाइस नामक डिटेक्टरले बिगब्याङपश्चात् उत्पन्न हुने पदार्थको तरल अवस्था अध्ययन गर्नेछ भने एलएचसीबीले बिगब्याङको समयमा उत्पन्न हुने म्याटर तथा एन्टी म्याटरको अध्ययन गर्नेछ।

एलएचसीको परिकल्पना सन् १९८० मा भएको थियो। सन् १९९६ मा स्वीकृत यो परियोजनाका लागि त्यतिखेर ६ अर्ब युरो लाग्ने अनुमान गरिएको थियो। परियोजनाको प्रारम्भमै अनुमान गरिएभन्दा ४ गुणा बढी रकम खर्च भैसकेको छ। परियोजनामा युरोपेली संघका २० सहित अन्य ६ राष्ट्र सहभागी छन्।

# एक्स्प्लोररको प्रतिस्पर्धामा आयो नयाँ ब्राउजर क्रोम

इन्टरनेटको संसारमा क्रोम नामक एउटा नयाँ ब्राउजरको प्रवेश भएको छ। सर्च इन्जिनका रूपमा ख्याति कमाएको गुगलले यो ब्राउजरलाई बजारमा प्रवेश गराएको हो। यसको प्रवेशपश्चात् अहिलेसम्म प्रचलित इन्टरनेट एक्स्प्लोरर, फायर फक्स र सफारी जस्ता ब्राउजरको बजारलाई यसले प्रभावित गर्ने सम्भावना बढेको छ।

केही दिनअघि क्रोम नयाँ पहिचानका साथ औपचारिक रूपमा बजारमा आएको छ। गुगलको वेबसाइटमा गएर यसलाई डाउनलोड गर्न सकिन्छ। यसरी डाउनलोड गरेपछि हामीले नयाँ आइकनका रूपमा रहेको क्रोममार्फत् विभिन्न कुराहरू इन्टरनेटमा खोज्न सक्छौं। संसारमा र नेपालमा पनि विभिन्न कुरा खोज्नका लागि इन्टरनेट एक्स्प्लोरर प्रचलित छ। कम्प्युटरमा अंग्रेजी इ आकारको यो आइकनमा डबल क्लिक गरेपछि हामीले विभिन्न वेबसाइट खोज्न सक्छौं। उक्त ब्राउजरको नाम नै इन्टरनेट एक्स्प्लोरर हो। अहिले फायर फक्स, सफारी जस्ता अन्य ब्राउजर प्रचलित छन्। यी सबैसँग प्रतिष्पर्धामा उत्रनेछ क्रोम।

क्रोम एकैपटक बजारमा आएको होइन। यसका लागि दुई वर्षको अथक परिश्रम लागेको छ। गुगलका प्रोडक्ट म्यानेजर ब्रायन राकोस्की आफ्ना तीन सहकर्मीका साथमा यसको विकासमा जुटेका थिए। त्यसपछि आफ्नो ब्लगमा कमिक बुकमार्फत् गुगलले यो ब्राउजर ल्याएको घोषणा गरेको थियो। अन्य ब्राउजरको तुलनामा यो केही फरक छ। यसमा नदेखिने कुरा धेरै छन् र लेआउट सफा एवं कम बटनयुक्त छ। क्रोम खोलेर यसलाई म्याक्सिमाइज गर्दा विन्डोजको माथिल्लो भागमा ट्याब बार डिस्प्ले हुन्छ। ब्याक, फरवार्ड, रिफ्रेस, बुकमार्क, गो तथा क्यान्सल जस्ता प्रमुख युजर इन्टरफेस छन्। अप्सनहरू सफारीमा जस्तै र लोकेसन अफ सेटिङ इन्टरनेट एक्स्प्लोरर जस्तै छन्। मिनिमाइज, म्याक्सिमाइज र क्लोज विन्डोज बटनहरू विन्डोज भिस्टामा आधारित छन्। कुनै होम पेज खोल्दा नयाँ होम पेज डिस्प्ले हुन्छ र त्यो सँग सम्बन्धित अन्य होमपेजको वेबसाइट पनि देखाउँछ।

क्रोमको आगमनपश्चात् अब कुनै कुरा खोज्नका लागि गुगल वा अन्य सर्च इन्जिन खोल्नुपर्ने बाध्यता हुनेछैन। पहिले कुनै कुरा खोज्नका लागि गुगलको वेबसाइट खोलेर सर्च गर्नुपर्थ्यो तर अब इन्टरनेट ठेगाना टाइप गर्ने बारमै आफूले खोज्न चाहेको कुरा टाइप गर्न सकिन्छ। यसो हुँदा ब्राउज गरिएका वेबसाइटलाई व्यवस्थित ढंगले रेकर्ड गरेर प्रयोगकर्तालाई देखाउँछ र मन पर्ने वेबसाइटहरूको सूची पनि बनाउन सकिन्छ।

गुगलले यसको निर्माण क्रोमियम नामक प्रोजेक्टमा आधारित रहेर गरेको हो। त्यसैले यसको नाम क्रोम राखिएको हो। अहिले विन्डोज एक्सपी र भिस्टामा मात्र चल्ने पनि म्याक र लिनक्समा पनि यसलाई चलाउने योजना बनाइएको छ।

इन्टरनेट ब्राउजरका क्षेत्रमा अहिलेसम्म माइक्रोसफ्टको इन्टरनेट एक्स्प्लोररले एकछत्र प्रभुत्व जमाउँदै आएको छ। प्रयोगकर्ताहरूमध्ये करिब ७४ प्रतिशतले एक्स्प्लोरर प्रयोग गर्छन्। त्यसैगरी मोजिल्लाको फायरफक्सका प्रयोगकर्ता १८ प्रतिशत छन्। यसबाहेक सफारी, ओपेरा, नेटस्केप आदि ब्राउजर पनि छन्। यी सबैको भीडमा थपिएको छ क्रोम तर पनि गुगलको सर्च इन्जिनमा रहेको लोकप्रियता अब क्रोममा पनि काम लाग्ने अनुमान धेरैको छ र यो लोकप्रियतातर्फ बढ्दै पनि छ। यसो हुँदा सबैभन्दा धेरै चुनौती माइक्रोसफ्टको इन्टरनेट एक्स्प्लोररलाई नै पर्ने निश्चित छ। यो ओपन सोर्स कोडका आधारमा निर्माण गरिएको वेब ब्राउजर हो। यसलाई निःशुल्क प्रयोग गर्न सकिन्छ। अन्य ब्राउजर लोकप्रिय भए पनि व्यावसायिक हुन्। यसकारण पनि यसको लोकप्रियतामा वृद्धि हुने विश्वास गर्न सकिन्छ।

# उपयोगी आकाशे पानी संकलन

वर्षाको पानी हाम्रा लागि प्राकृतिक उपहार हो। वर्षाको पानीमा कुनै पनि किसिमको मिसावट नहुने कुरा वैज्ञानिकहरूले पुष्टि गरिसकेका छन्। त्यसैले धर्मप्रति आस्था राख्नेहरूले यसलाई स्वर्गबाट देवी-देवताले दिएको अमृत मान्ने गरेका छन्। यही अमृतलाई उपयोग गर्न जम्मा गर्नु नै आकाशे पानी संकलन गर्नु हो। यसलाई हामी विभिन्न उपयोगमा ल्याउन सक्छौं तर पानी पर्दा आफ्नो घर-कार्यालयको छाना वा कौसीबाट झर्ने पानी सडकमा झार्दा बाटो बिग्रने सम्भावना हुन्छ। अग्ला घरबाट यसरी पानी सीधै तल झार्न भवन निर्माण निर्देशिकाले निषेध गरेको छ। वर्षात्को पानी छुट्टै पाइपद्वारा तल झारी ढलमा पठाउने वा जमिनमुनि सोकपिट बनाई पुनः पुरण गर्नुपर्ने नियम छ तर हामीले जानी-नजानी आकाशे पानीप्रति सीधै सामाजिक अपराध गर्दै आइरहेका छौं।

छानाबाट सीधै सडकमा पानी झार्दा धेरै बेफाइदा हुने गरेको छ। एकातिर उपयोगमा ल्याउन सकिने पानी खेर जान्छ भने अर्कातिर धेरै माथिबाट झरेको पानीले सडकको पिच बिगार्ने काम गर्छ। वर्षात्को पानी ढलमा नअटाएर सडकमा भरिने त नेपालका सहरहरूको समस्या नै भएको छ। ढलको पानी सडकमा बहँदा आवागमनमा त गाह्रो हुने नै भयो यसका साथै रोगको महामारी फैलने खतरासमेत बढेको छ।

आकाशे पानी सडकमा नझारी संकलन गर्दा भने फाइदै फाइदा हुन्छ। यसबाट पानीको दैनिक आवश्यकता सजिलै पूरा गर्न सकिन्छ। सुख्खायाममा पनि इनारमा प्रशस्त पानी रहन्छ। जमिनमुनिको पानीको सतह बढेर माटो मजबुत भै जमिन भासिने खतरा हुँदैन। पानी अड्डाबाट वितरण हुने पानीको कम खपत भै महसुल पनि कममात्र तिरे पुग्ने हुन्छ। यसबाट आर्थिक राहत त मिल्छ नै, साथै जनतालाई ठूला पानी आयोजनाको सपना देखाएर झुक्याइरहेका सरकारी निकायलाई पनि झस्काउन सकिन्छ।

आकाशे पानी संकलन गर्ने प्रविधि निकै सजिलो छ। छाना वा कौसीको बलेसीबाट झर्ने आकाशे पानीलाई छुट्टै पाइपद्वारा ट्याङ्की, ड्रम वा खाडलमा जम्मा गर्न सकिन्छ। बढी भएको पानीलाई इनारमा भर्न सकिन्छ। इनार नभए जमिनमा सोकपिट बनाई पुनः पुरण गर्न सकिन्छ।

आकाशे पानीको प्रयोग हरेक ठाउँमा गर्न सकिन्छ। उचित तरिकाले संकलन गरिएको वर्षातको पानी खानका लागि पनि उपयुक्त हुन्छ। घरायसी सरसफाइ तथा लुगा धुनका लागि यो पानी उत्तम मानिन्छ। बगैंचाको सिंचाइ गर्न र गाडी, मोटरसाइकल धुन पनि वर्षाको पानी प्रयोग गर्नु बुद्धिमानी हुन्छ।

घर-घरसम्म निःशुल्क आउने आकाशे पानी संकलन नगर्दा हिउँदमा पानीको जोहो गर्न घन्टौं हिँडेर वा हजारौं रुपैयाँ खर्च गरी पानी किनेर प्रयोग गर्नेहरूले बेलैमा बुद्धि पुऱ्याउन सके श्रम, समय तथा धन बचत हुनसक्छ।

–रविन राचलिका






# माल्भिकाको छलाङ

• कृष्ण भट्टराई

काठमाडौं– गत शुक्रबार राजधानीमा आयोजित एउटा समारोहमा पूर्व मिस नेपाल माल्भिका सुब्बाको अनुहारमा एक प्रकारको उत्साह देखिन्थ्यो भने अर्कातिर उनलाई आफूले पाएको यो सफलतालाई कसरी भावनामा व्यक्त गर्ने भन्ने दुविधा पनि उत्तिकै थियो।

विश्वप्रसिद्ध सांगीतिक च्यानल एमटिभीले नेपाललगायत दक्षिण एसियामा समस्याका रूपमा रहेको मानव तथा चेलिबेटी बेचबिखनको विषयमा निर्माण गरेको एउटा वृत्तचित्रको विशेष प्रदर्शनी समारोहमा माल्भिका सुब्बा चर्चाको शिखरमा रहिन्। वृत्तचित्र हेरिसकेपछि पनि उनको कामको प्रशंसा गर्नेहरू प्रशस्त थिए। त्यसो त त्यही समारोहमा अर्की एउटी युवती प्रमिलाको पनि चर्चा भयो, जो आफ्नै परिवारका सदस्यबाट भारतको नयाँ दिल्लीमा बेचिएकी थिइन्।

यो अवसर जुटाइदिएको थियो एमटिभी एक्जिटले निर्माण गरेको अन्तर्राष्ट्रिय स्तरको वृत्तचित्र 'सोल्ड' ले। 'सोल्ड' आधा घण्टा लामो त्यस्तो वृत्तचित्र हो जसमा नेपालकी १७ वर्षीया युवती प्रमिलाको कथा समेटिएको छ, जो भारतको दिल्लीमा बेचिएकी हुन्छिन्। सात दिनसम्म त्यहाँको वेश्यालयमा नारकीय जीवन बिताएपछि हिम्मत गरेर भाग्न सफल प्रमिलाको त्यही कारुणिक कथाको सूत्रधार बनेकी छिन्, सुन्दरी माल्भिका सुब्बा। नेपाली, अंग्रेजी, हिन्दीलगायत आठ भाषामा निर्माण गरिएको उक्त वृत्तचित्रको नेपाली संस्करणका लागि एमटिभीले नयाँदिल्लीमा एउटा भारतीय टेलिभिजनमा कार्यरत माल्भिकालाई छनौट गरेपछि उनी चर्चित बनेकी हुन्।

वृत्तचित्रको विशेष प्रदर्शनीमा माल्भिका त उपस्थित थिइन् नै, साथै वृत्तचित्रकी प्रमुख पात्र प्रमिलाले पनि आफ्नै कारुणिक कथा नेपालका लागि अमेरिकी राजदूत नान्सी जे. पावेलसँगै बसेर हेरेकी थिइन्। उक्त वृत्तचित्रको हिन्दी संस्करणमा बलिउड नायिका लारा दत्ता तथा अंग्रेजी संस्करणमा हलिउड नायिका लिसु लिउ सूत्रधार बनेका छन्।

कान्तिपुर टेलिभिजनको 'कल कान्तिपुर' मा मात्र होइन, उनको सौन्दर्यको चर्चा एक दर्जनभन्दा बढी नेपाली गीतका म्युजिक भिडियामा भैसकेको छ। यसबाहेक उनले गत वर्ष नेपालमै निर्माण भएको एउटा चलचित्र अभिनय गरेर आफ्नो क्यारियरको सम्भावित क्षेत्रलाई पनि खुला पारेकी थिइन्।

बौद्धिक सुन्दरीको समेत दर्जा पाएकी माल्भिकाको सफलताको कथा यत्तिमै सीमित भने हुँदैन। पछिल्लो समयमा उनी नयाँदिल्लीबाट प्रसारण हुने एउटा भारतीय टेलिभिजन च्यानलमा भिडियो जक्कीका रूपमा सक्रिय भएकी छिन्। गत मे महिनादेखि प्रसारण हुन थालेको च्यानल 'भ्वाइस अफ इन्डिया' को एउटा मनोरञ्जनात्मक कार्यक्रममार्फत उनी प्रत्येक रात दर्शकमाझ बलिउडका नयाँ-नयाँ गतिविधिहरू प्रस्तुत गरिरहेकी छिन्। उनले सञ्चालन गर्ने कार्यक्रमको शीर्षक हो, 'हाई लाइफ'।

'सोल्ड' को विशेष प्रदर्शनकै लागि नयाँदिल्लीबाट काठमाडौं आएकी माल्भिकाले *साप्ताहिक*सँगको भेटमा भनिन् – 'हाइलाइफ' नयाँ दिल्लीमा छायांकन भएर त्यहीबाट प्रसारण हुने एउटा मनोरञ्जनात्मक कार्यक्रम हो।' कार्यक्रममा माल्भिकाले बलिउडका सेलिब्रिटीहरूसँग अन्तर्वार्ता मात्र लिन्नन्, बलिउडका चलचित्रहरूका बारेमा जानकारी, पेज-थ्रि पार्टीहरूको रिपोर्टिङसमेत गर्छिन्।

नयाँ दिल्लीमा साथीहरूसँग बसोबास गरिरहेकी माल्भिकाले कार्यक्रम सञ्चालन गर्ने क्रममा हिन्दी भाषामा बोल्नुपर्दा केही असहजता महसुस गरेकी छिन्। मुम्बईमा स्थापित हुने सम्भावनाचाहिं कति छ नि ? *साप्ताहिक*को अर्को एउटा जिज्ञासामा उनले सकारात्मक जवाफ दिइन्, अर्थात् उनलाई पनि मनीषा कोइरालाजस्तै बलिउडका चलचित्रमा अभिनय गरेर एउटा उचाइ छुने इच्छा छ, तर उनी आफ्नो इच्छा सार्वजनिक गर्न भने अनिच्छुक देखिइन्। उनको भनाइ थियो– 'मलाई चलचित्रमा अभिनय गराउनुहोस् भनेर म कहीं पनि जान्नँ, तर अवसर पाएँ भने नाइँ पनि भन्दिन।'

'हाइ लाइफ' मार्फत बलिउडका कलाकारसँगै निर्माता-निर्देशकसँग पनि चिनजान बढेपछि उनको बलिउड यात्रा असहज नहुने तर्क एकथरीको छ। त्यसो त उनले गत वर्ष नै बलिउडकै एक जना निर्देशक सञ्जय श्रीनिवासको चलचित्र 'गड लिभ्स इन द हिमालयस' अभिनय गरिसकेकी छिन्। ५ फिट ४ इन्च अग्ली माल्भिका नयाँदिल्लीको करिब चारमहिने बसाइपछि नै निकै परिवर्तित देखिएकी छिन्।

यसबीच माल्भिकाले भारतको एउटा सोसलाइज वेबसाइटमा आफ्ना आकर्षक तस्बिरसहित आफ्नो व्यक्तिगत विवरणसमेत प्रकाशित गरेकी छिन्। पछिल्लो जानकारीअनुसार हिन्दी चलचित्र 'जिस्म' का निर्देशक अमित शक्सेना अहिले आफ्नो नयाँ चलचित्रका लागि एउटी नेपाली अनुहारको खोजीमा छन्। उक्त चलचित्रकी नायिकाका रूपमा माल्भिका सुब्बा देखा परिन् भने आश्चर्य नमाने हुन्छ, किनभने उक्त चलचित्रमा अभिनय गर्न माल्भिकाले पनि पहल गरिरहेकी छिन्।

# श्रीकृष्णले भेटे उद्धव ठाकरेलाई



मुम्बई- नेपाली चलचित्रका चर्चित नायक श्रीकृष्ण श्रेष्ठले झन्डै एक साता लामो मुम्बई बसाइमा शिवसेनाका कार्यवाहक अध्यक्ष उद्धव ठाकरेसँग भेट गरेका छन् । उद्धव ठाकरेलाई भेट्न श्रीकृष्ण गत आइतबार बान्द्रा पूर्वमा रहेको ठाकरे निवास मातोश्रीमा पुगेका थिए । भेटघाटका क्रममा श्रीकृष्णले नेपाली चलचित्र उद्योगका बारेमा ठाकरेलाई जानकारी गराएका थिए । दुई दशकभन्दा लामो आफ्नो अनुभवलाई आफ्नै लगानीमा पर्दामा उतार्न निर्माण गरेको चलचित्र 'कहाँ भेटिएला' को प्राविधिक कामका लागि गत बुधबार मुम्बई आइपुगेका श्रीकृष्णले मुम्बई बसाइमा बालाजी टेलिफिल्म्समा पुगेर बालाजीका पोस्ट प्रोडक्सन इन्चार्ज रविचन्द्र भट्टराईसँग पनि भेटे । श्रीकृष्ण आइतबार मुम्बईमा अन्तिम गणपति विसर्जनका उत्सवहरूमा समेत सहभागी भएका थिए । उनले मुम्बईमा रहँदा नेपाल शिवसेनाका उपसम्पर्क प्रमुख अशोक नेपाली, नेपाली व्यवसायी सुमन मुल्मीसँग पनि भेट गरेका थिए । चलचित्र 'कहाँ भेटिएला' लाई माघको पहिलो साता नेपालमा रिलिज गर्ने र त्यसभन्दा अघि मुम्बईमा च्यारिटी सो गर्ने इच्छा रहेको समेत श्रीकृष्णले बताए । श्रीकृष्ण गत सोमबार साँझ नै नेपाल फर्किएका छन् ।

**– वीरेन्द्र पौडेल, मुम्बई**

# सम्मान कि दान

दीपक श्रेष्ठ आफैंमा बुझक्कड छन् । उनलाई कुनै कुरा सिकाइरहनु पर्दैन होला भन्ने लागेको थियो । नेपाली चलचित्र जगत्मा एकपछि अर्को सुपरहिट चलचित्र निर्देशन गरिरहेका दीपकले हालै चलचित्र 'पर्खी बसेँ'को सय दिन पुगेको कार्यक्रममा देखाएको व्यवहारले कतिको चित्त दुख्यो-दुखेन भन्ने लेखाजोखा गर्नुभन्दा पनि उनी कति पानीमा रहेछन् भन्ने कुरा सबैले राम्रैसँग बुझे । चलचित्रमा काम गर्ने कलाकार, प्राविधिक तथा सहयोगीहरूलाई ट्रफी दिएर सम्मान गरिने कार्यक्रम तय गरेका रहेछन् निर्माता उद्धव पौडेलले । ट्रफी पाउनेहरूको नाम घोषणा गर्ने अभिभारा निर्देशक श्रेष्ठलाई दिइयो । श्रेष्ठले घोषणा यसरी गरे कि लाग्थ्यो उनी आफ्ना सहकर्मीहरूलाई सम्मान दिइरहेका छैनन् । उक्त सम्मानलाई उनले भिक्षा दिएसरह बनाइरहेका थिए । घोषणा नै उनले यसरी गरे कि धेरैलाई त्यो कुरा पचेन । 'फलाना, फलाना, फलाना....छिटो-छिटो आउनु, आ-आफ्नो ट्रफी लैजानु ।' -उनी यसै भन्दै थिए । उनले निखिल उप्रेती, राजवल्लभ, युना उप्रेती, राजेन्द्र खड्गीजस्ता दुई-चार जनाको नाम मात्र गतिलो ढंगले लिए । पुरस्कार थाप्न बोलाइएका एक सहभागी भन्दै थिए- 'सम्मान होइन, दान लिन आएजस्तो लाग्यो ।'



# पास नहुँदा आपत्



निमन्त्रणा-पत्र नलिई कार्यक्रमस्थल पुग्दा सेलीब्रेटीले समेत त्यसै फर्किनुपरेको देखियो । प्रसंग हो चलचित्र 'सानो संसार' को । एक साताअघि राजधानीमा आयोजित कार्यक्रममा उक्त चलचित्र हेर्न निर्माण संस्थाले धेरैलाई निम्तो पठाएको थियो । निम्तो पाएकाहरू चलचित्र हेर्न त पुगे तर निम्तोपत्र हातमा नलिई जानेहरूलाई रातो कार्पेटको छेउमा बसेका भाइहरू बाई-बाई गर्नमै व्यस्त थिए । गेटको दृश्य बडो रोचक थियो । निम्तोपत्रलाई घरमै थन्क्याएर हलमा पुग्नेहरू गेटको भाइले बाई-बाई गरेको देखेपछि गेटछेउको भित्तामा अडेस लागेर भित्र छिरिसकेकाहरूलाई फोन गर्न व्यस्त थिए ।

आखिर भित्र छिर्नेको पनि उपाय थिएन । निम्तालुले पास नलिई जानुलाई अनौठो मान्न भने मिल्दैन । किनकि हाम्रा धेरै चलचित्रकर्मीको बानी हुन्छ 'सर जसरी पनि आउनुपर्छ है, तपाईं नआएसम्म चलचित्र सुरु हुँदैन ।' यस किसिमका फोन धेरै पटक खेपेकाहरूले निम्तोपत्रबिना नै कार्यक्रमस्थलमा पुग्नु अनौठो होइन । त्यस्तै केही सोचेर गएका भए ती कलाकारलाई गाह्रै पर्‍यो, किनकि त्यहाँ 'ठीकै छ आउनुस्' भन्ने कोही थिएनन् । 'कार्ड नभई त भित्र छिर्न पाइँदैन' भन्ने मात्र थिए ।

अहिलेकी हट स्टार नायिका ऋचा घिमिरे त्यही लहरमा थिइन् । उनको पनि हातमा पास थिएन, गेटका दाइले भनिहाले- 'पास त चाहिन्छ नि ।' सायद ऋचालाई चलचित्र हेर्ने फुर्सद थिएन होला, उनले पनि गेटको भाइसँग आग्रह गरिन्- 'म त आलोकलाई भेट्न मात्रै आएको ? पालेदाइलाई पनि केको टेन्सन 'वेलकम' गरिहाले ।



# रेडियोमा धनियाँ

दीपाश्री निरौलालाई 'तीतो सत्य' की हास्यकलाकारका रूपमा चिन्नेहरू धेरै छन् । त्यसो त उनी यही श्रृंखलामा सहायक निर्देशकका रूपमा काम गरेर दीपकराज गिरीको आधा काम हल्का पनि गरिरहेकी छिन् । यसबाहेक उनी अहिलेसम्म पनि रेडियोमा कार्यरत छिन् भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । त्यसो त विगतमा रेडियो नेपालबाट प्रसारण हुने हास्य कार्यक्रम 'रामविलास-धनियाँ' मा धनियाँ बनेर श्रोतालाई हँसाइरहने दीपा अहिले पनि एउटा रेडियोमा धनियाँकै रूपमा हप्तैपिच्छे श्रोतामाझ पुगिरहेकी छिन् । हास्य कार्यक्रमलाई बढी प्राथमिकता दिने एफ.एम.स्टेसन रेडियो अडियोमा अहिले पनि धनियाँलाई नियमित सुन्न सकिन्छ । शनिबार राति प्रसारण हुने उक्त कार्यक्रममा धनियाँले भोजपुरी लवजमा बोलेर श्रोताहरूलाई मनोरञ्जन दिनुका साथै मनोरञ्जन क्षेत्रका व्यक्तित्वसँगको रोचक अन्तर्वार्ता लिएर 'रेडियोकी पवनकली' बन्ने सौभाग्य पाएकी छिन् ।

# हजुर खोक्नुहोस् !



तपाईंको खल्तीमा रहेको मोबाइलमा अचानक रिङ टोन बज्यो भने तपाईं के गर्नुहुन्छ ? सामान्यतया मोबाइलमा कसैले सम्पर्क गर्‍यो भने मोबाइलको एउटा बटन थिचेर 'हेल्लो' भनिन्छ, तर हास्य कलाकार दमन रूपाखेतीको पारा बेग्लै छ । उनको मोबाइल नम्बर फेला पारिहाल्नुभयो भने एकपटक सम्पर्क गर्नुहोस् त उनी के भन्छन् ? 'हजुर खोक्नुहोस् ! उनी मोबाइलमा सम्पर्क गर्ने जो-कोही व्यक्तिलाई पनि 'हजुर खोक्नुहोस्' भन्दै वार्तालाप प्रारम्भ गर्छन् । 'सबैले भन्ने गरेको हेल्लो कति भनौं भनेर नयाँ प्रयोग गर्न थालेको,' *साप्ताहिक*सँगको एक भेटमा दमनले भने– 'मैले हजुर खोक्नुहोस् भनेर कसैलाई पनि होच्याउन खोजेको होइन, नेपाली शब्द प्रयोग गरेर फोन उठाउने प्रयास गरेको हुँ ।' दमनले आफ्नै श्रृंखला 'झ्याइँ कुटी झ्याइँ' मा यही संवाद प्रयोग गरे भने आश्चर्य नमाने हुन्छ ।



# पुजनाका कामुक अंग

पुजना प्रधान पछिल्लो समयमा व्यस्त नायिकाहरूमध्येकी एक हुन् । अभिनयका साथै व्यक्तिगत क्रियाकलापका कारण पनि चर्चामा आइरहने पुजना केही समयअघि ध्यान गर्ने नायिकाका रूपमा चर्चित थिइन् । अहिले भने उनी आफ्नै अभिव्यक्तिका कारण चर्चामा छिन् । नेटनशा डटकमलाई अन्तर्वार्ता दिने क्रममा पुजनाले खुलेर कुरा गरेकी छिन् । पुजनाको नृत्य र हिंडाइ त कामुक थियो नै, अन्तर्वार्ताका क्रममा उनले आफ्नो आँखा र बोली पनि कामुक भएको खुलाशा गरेकी छिन् । 'मेरा सबै अंग कामुक भएपछि म सम्पूर्ण रूपले कामुक नायिका भइनँ त ?' पुजनाको भनाइ छ ।

# आफ्नाले नगरेर के भो त

विना प्रचारप्रसार 'मानिस' प्रदर्शन गरेका निर्देशक शिव रेग्मी अहिले मख्ख छन्, आफ्नो चलचित्रले राम्रो व्यापार गरोस् वा नगरोस् आफ्ना सहकर्मीहरूले आफूलाई गरेको सहयोगप्रति उनी आभारी छन् । राजधानीका केही हलमा उनले आफैंले बनाएको चलचित्र प्रदर्शन गरे, त्यो पनि विना हल्ला । आखिर चलचित्र न हो, प्रचारै नगरी त कसरी चल्ला र ? उपाए अपनाए चलचित्रमा अभिनय गर्ने कलाकर्मीलाई हलमा बोलाउने र औपचारिक कार्यक्रम गर्न लगाउने ।

कार्यक्रमका लागी दिनभर पर्खिए । बालाजुस्थित गंगाहलबाट चलचित्र प्रदर्शन गर्ने योजनाअनुरूप कलाकार आउलान् र कार्यक्रम सुरु गरौंला भन्दाभन्दै दिउँसोको ४ बज्यो । धन्न कलाकार त आइपुगे तर, मानिसमा काम नगरेका । जे सुकै होस्, जुन चलचित्रमा काम गरेका भए पनि कलाकार भनेका कलाकार नै हुन् ।

कार्यक्रमलाई नौलो रूप दिन नायक श्रीकृष्ण श्रेष्ठ र विराज भट्टलाई पोस्टर टाँस्न लगाए भने




निरुता सिंहले उनीहरूलाई पोस्टर दिएर सहयोग गरिन् । यी तीनै जना कलाकारले 'मानिस' मा अभिनय गरेका छैनन् तर आएर सघाए । निर्देशक रेग्मीले भने– 'आफ्नो चलचित्रमा काम नगरेर के भो त, मलाई सघाए, राम्रै भयो ।' उनले मानिसमा काम गर्ने कलाकार नआएकोमा गुनासो पनि गरेनन् । 'उनीहरूको पनि काम पर्‍यो होला, आएनन्, नत्र आफूले अभिनय गरेको चलचित्र चल्दा आइहाल्थे नि ।' शिवले भने ।

# सुनौलो डान्स पार्टी



**साप्ताहिक समाचार**

काठमाडौं– राजधानीको रात्रिजीवनमा बन्देज त लागेकै थियो, गत शुक्रबारको उपत्यका बन्दको घोषणाले डान्स पार्टीमा धक फुकाएर नाच्नेहरूलाई समेत थप चिन्तित बनाएको थियो । सातदोबाटो, ललितपुरस्थित सुनौलो कम्प्लेक्समा दिउँसो साढे तीन बजेदेखि 'डान्स पार्टी २०६५' हुने कुरा तय थियो, तर कार्यक्रममा सहभागी हुने सेलिब्रेटी तथा नृत्य गरेर मनोरञ्जन गर्न चाहने युवायुवतीहरू साँझ छ बजेपछि मात्र भेला भएपछि कार्यक्रम सात बजे मात्र प्रारम्भ भयो ।

भर्खरै एउटा गीतिसंग्रह तयार पारेर चर्चामा आएका गायक मनोज राईले 'आऊ-आऊ...' गीत गाउँदै डान्स पार्टी प्रारम्भ भएको संकेत दिए । स्थानीय डिजे साइमण्ड लामाले छनौट गरेका नेपाली तथा हिन्दी गीतका रिमिक्सले युवायुवतीलाई नृत्य गर्न उत्साहित गराइरहेको बेला पपगायक सुगम पोखरेल, मोहित मुनाल, अराज केशव, विवेक पोखरेल आदिको उपस्थितिले उनीहरूलाई थप हौसाएको थियो ।

सुगमले आफ्नो लोकप्रिय गीत 'मेरो एउटा साथी छ...' तथा 'मेरो संसार तिमी नै हौ' गाउँदा नृत्य गरेर थाकेकाहरू पनि पुन: डान्स फ्लोरतर्फ आकर्षित भएका थिए । डान्स पार्टीमा गायकद्वय मोहित तथा अराजले संयुक्त रूपमा 'पानी खाने निहुँले तिम्रो' गीत गाउँदा डान्स पार्टीमा रौनक छाएको थिए । पार्टीमा गायक विवेक पोखरेलले भने 'सुन चरी' शीर्षकको गीत गाएका थिए । डान्स पार्टीको संयोजन

# यस्तो रह्यो चलचित्र महोत्सव






**शिव शर्मा**

पोखरा- एकाबिहानैदेखि यहाँका सडकमा चहलपहल देखिन्थ्यो । दर्शकहरू सहरका चोकचोकमा निस्किएर कसैलाई स्वागत गर्न व्यस्त भए । पर्दामा झुल्कने कलाकारलाई प्रत्यक्ष देख्दा दर्शकहरू हौसिनु स्वाभाविक पनि थियो । चर्चित अभिनेता सुनिल थापा पहिलो पटक पोखरेली दर्शकहरूसँग प्रत्यक्ष साक्षात्कार गर्न पाउँदा मख्ख नपर्ने कुरै थिएन । नायिका पुजना प्रधान पनि दंगिइन् । चलचित्र पत्रकार संघले फेवा नगरीमा आयोजित गरेको दोस्रो नेपाली चलचित्र महोत्सवको पहिलो दिन प्रभातफेरी कार्यक्रममा राजधानीबाट आएका चलचित्रकर्मीसँग पोखराका मोडल, ब्युटिसियन, गुरुङ चलचित्रकर्मीलगायत दर्शकहरूको उत्साहजनक सहभागिता थियो । प्रभातफेरी महेन्द्रपुल, चिप्लेढुङ्गा, न्युरोड हुँदै महोत्सवस्थल पोखरासभागृहमा पुगेर टुङ्गिएको थियो । सभागृहमा आएर र्‍याली विर्सजन भएपछि मादलको तालमा नायिका पूजनालगायत अन्य कलाकारहरू कम्मर भाँची-भाँची नाचे ।

**पपुलर सो र रमाइलो साँझ**

दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्न चर्चित सिनेकर्मीहरूको सांगीतिक प्रस्तुति महोत्सवको आकर्षण रह्यो । चर्चित हास्यकलाकार खेम शर्माको समूहले प्रदर्शन गरेको प्रहसनले सभागृहमा भेला भएका खचाखच दर्शकलाई पेट मज्जाले हँसाएको थियो । उनले अहिलेको भडकिलो गीत-संगीतदेखि वर्तमान राजनैतिक अवस्थाका बारेमा रमाइलो पाराले व्यंग्य कसेका थिए । उता अर्का चर्चित हास्यकलाकार उमेश मायालु पनि के कम ? उनले विभिन्न चराचुरुङ्गीदेखि जनवारहरूको आवाज दुरुस्तै निकालेर दर्शकहरूलाई हँसाउन कुनै कसर बाँकी राखेनन् । मुलाको सागका रूपमा चर्चित कलाकारले पनि दर्शकलाई उत्तिकै हँसाए । युवा निर्देशक तथा संचारकर्मी सुरेश दर्पण पोखरेलले चर्चित सिनेकर्मीहरूलाई स्टेजमा निमन्त्रण गराउँदै आकर्षक खेल खेलाए । चिट तानेर खेलाइएको उक्त खेलमा निर्देशक तुलसी घिमिरेको भागमा पाँच जना निर्देशकको नाम लिनुपर्ने भयो । उनले बढो अप्ठ्यारो जिम्मेवारी आइलाग्यो भन्दै प्रकाश थापालगायतका पुराना निर्देशकहरूको नाम लिँदा उपस्थित केही चर्चित निर्देशक आफ्नो नाम नआउँदा टवाल्ल परेको दृश्य रमाइलो थियो । उता नायिका मौसमी मल्लले पनि आफ्नो प्रेमीलाई माया गर्छु भन्ने एउटा संवाद बोल्नुपरेको थियो । उनले सिनेमामा जस्तै संवाद बोल्दा दर्शकहरूले जोडदार ताली बजाएका थिए । नायिका निरुता सिंहलाई भने गीत गाउने भाग परेको थियो । गीत गाउन आउँदैन भनेर पन्छिन खोजेकी निरुताले मीठो स्वरमा गीत गाउँदा दर्शकहरू मग्न भएका थिए । निरुताको स्वरको प्रशंसा भएपछि चर्चित संगीतकार सुरेश अधिकारीले नायिका सिंहलाई एउटा चलचित्रमा गाउन दिने वाचासमेत गर्नुपरेको थियो । सञ्चारकर्मी नरेश भट्टराईले एकै घुट्कोमा एक बोतल मिनरल वाटर पिउनुपर्ने नत्र पाँच पटक स्टेजमै उठबस गर्नुपर्ने थियो । नरेशले एकै घुट्कोमा पानी पिएर सबैलाई आश्चर्यचकित पारे ।

यो रमाइलो खेलपछि दर्शकहरूलाई थप मनोरञ्जन दिन गायिका आगन्तुक खरेल स्टेजमा प्रकट भइन् । उनले बयर बोटैमा र वनमा फुल्यो फूल गीत गाउँदा दर्शक झुमेका थिए । उता सुमधुर स्वरका धनी गायक प्रमोद खरेलले आफना चर्चित गीतहरूले दर्शकलाई मनोरञ्जन प्रदान गरे । पछिल्लो क्रममा चलचित्र गायनमा चम्किएकी गायिका अन्जु पन्तले नेपाली चलचित्रका चर्चित गीतहरू गाएर दर्शकहरूको मन राखिन् । संगीतकार सुरेश अधिकारीले गायक हेमन्त शर्माले गाएको फूल हौ भने रसाइदेऊ गीत गाउँदै दर्शकलाई नचाए ।

**चलचित्रहरूको मेला**

महोत्सवको आकर्षणमा पुरानादेखि नयाँ चलचित्रको प्रदर्शन दर्शकहरूका लागि रमाइलो पक्ष रह्यो । महोत्सवको चारै दिन लगातार पूर्णिमा सिनेमा हलमा चलचित्रहरू प्रदर्शन भए । लामो समयपछि पुनः नेपाली चलचित्र क्षेत्रमा आइपुगेकी मौसमी मल्लले निर्माण गरेको चलचित्र गिरफतारको प्रिमियर शोमा दर्शकको घुइँचोका कारण सुरक्षाकर्मीले लाठीचार्ज नै गर्नुपरेको थियो । महोत्सवका अवरसरमा अहंकार, दुःख, अल्पविराम, को होला मेरो मायालु, दर्पणछाया, बलिदान, गिरफतार, तकदीर, तुष्णा, कृपा, देबरबाबु, मानिस, बसाइँ आदि ठूलो पर्दाका चलचित्र प्रदर्शन भए ।

महोत्सवकै अवसरमा छोटा चलचित्रहरू पनि देखाइए । पोखरा सभागृहमा देखाइएका छोटा चलचित्रहरू कठपुतली, कथा कहा छ, पलास, आइमाई अनिदा आखाहरू, निर्मला, आइरनी, पेट्रोल, शुभप्रभात, बालकको बारेमा सोच्नेकी, ऐना, मिसक, सगुन आदि थिए ।

**चलचित्र सम्बन्धी गोष्ठी**

चलचित्रका लागि पोखरा स्वर्ग हो । चलचित्रका लागि पोखरा हरेक दृष्टिकोणले सबल छ । यही भएर पोखरालाई चलचित्र नगरीका रूपमा स्थापित गराउन पोखरा चलचित्र नगरी स्थापना गर्ने अवधारणा र औचित्य विषयमा कार्यपत्र महोत्सवमा प्रस्तुत गरिएको थियो । यसै गरी चलचित्रको विकासमा चलचित्र कलेजको भूमिका विषयमा ओस्कार स्कुल अफ फिल्म स्टडिजले गोष्ठी गर्‍यो । गोष्ठीमा चलचित्रमा लाग्न आफनो कलासँगै व्यावहारिक र सैद्धान्तिक ज्ञानका लागि फिल्म कलेजको भूमिका अपरिहार्य रहेको कुरा उठाइएको थियो ।

**महोत्सवको समापन**

महोत्सवको समापनका दिन पोखरा सभागृहमा दर्शकहरू ठेलमठेल देखिन्थे । एकाबिहानै मदन घिमिरेद्वारा निर्देशित चलचित्र फर्जको शुभमुहूर्त गरियो । कार्यक्रममा चलचित्रका कलाकारहरू ऋचा घिमिरे, रमित ढुङ्गाना, युना उप्रेती आदिको उपस्थिति थियो । मुहूर्त समारोहका नायक-नायिकाहरूले केही क्षण नृत्य गरेर महोत्सवको शोभा बढाइदिए । त्यही अवसरमा चलचित्र म तिमीविना मरिहाल्छुको गीति क्यासेटको विमोचन पनि सम्पन्न भयो । महोत्सवको अन्तिम दिन भएकाले दर्शकहरू कलाकारसँग प्रत्यक्ष भेटघाट गर्न आतुर देखिन्थे । त्यही भएर दर्शक कलाकारहरूको भेटघाट पनि राखियो । जहाँ दर्शकहरू नायक-नायिकाहरूसँग अटोग्राफ लिन हानथाप गरिरहेका थिए । भदौ ३० गते साँझ ६ बजेदेखि प्रारम्भ भएको समापन समारोह राति ९ बजे सकिएको थियो । कार्यक्रममा चलचित्र पत्रकारिता पुरस्कार पनि प्रदान गरियो । चलचित्र पत्रकार नरेश भट्टराई तथा राजन घिमिरेलाई नगद १०/१० हजारका साथमा सम्मान पत्र प्रदान गरिएको थियो । त्यस्तै अग्रज चलचित्र सम्मान फोटोपत्रकार राजीव श्रेष्ठ तथा डिपी शाहलाई सम्मान गरियो ।

**तस्बिरहरू : गणेश खड्का/ लब्लीपोखरा डटकम**



## लभगुरु

**म २५ वर्षीय युवक हुँ। म लगभग पाँच वर्षदेखि एउटी युवतीसँग निःस्वार्थ प्रेम गर्छु। उनी पनि मलाई असाध्यै गहिरो प्रेम गर्थिन् तर हाल आएर मैले एउटा रहस्य थाहा पाएँ। उनको पाँच वर्षअघि अमेरिका गएर हालै फर्किएको एक युवकसँग पहिलेदेखि नै प्रेम रहेछ। अहिले त्यो युवक काठमाडौंमै छ। उनीसँग यस विषयमा बुझ्न खोज्दा झुक्याउन खोजेजस्तो कुरा गर्छिन्। उनी ऊसँग मानवताको मात्रै नाता छ भन्छिन्, तर हरक्षण त्यही युवकको नाम लिइरहन्छिन्। अहिले उनको मप्रतिको व्यवहार पूरै उल्टिएको छ। उनले मलाई यसरी कठपुतली बनाएकोमा म ज्यादै दुःखी छु। म उनलाई कुनै पनि हालतमा गुमाउन चाहन्नँ। मलाई के सल्लाह दिनुहुन्छ ?**

**–पर्वत**

प्रेममा आउने समस्याहरूमध्ये डाहा पनि एउटा हो। आफूले माया गरेको मानिस आफैसँग रहोस् भन्ने चाहना निकै हुन्छ। त्यसमा पनि पुरुषलाई अझ बढी हुन्छ कि जस्तो मलाई लाग्छ। प्रेमिकाको पनि त सामाजिक जीवन छ, उनका पनि साथीभाइ हुनसक्छन्। तीमध्ये कसैबाट उनी प्रभावित भइन् होला। यसलाई नकारात्मक रूपमा सोच्नु गलत हुनसक्छ। मायामा विश्वास भन्ने कुराले निकै अर्थ राख्छ। सप्रमाण कुनै कुरा देख्नु वा सुन्नुभयो भने पनि प्रेम गर्नेहरू त्यसलाई पत्याउन गाह्रो मान्छन्। तपाईंले त उनले त्यो युवकसँग प्रेम गरिरहेको कुनै प्रमाण भेट्नुभएको छैन होला। त्यसमाथि तपाईंलाई उनले निकै माया गर्ने गरेको कुरा पत्रमा उल्लेख छ। विगत पाँच वर्षदेखि चलेको माया कुनै पुरानो साथीको संगतले छुट्ने भन्दा पनि तपाईंको शंकाले छुट्न सक्ला। जहाँसम्म उनको व्यवहारमा आएको परिवर्तन छ, पक्कै पनि उनले तपाईंले शंका गरिरहेको कुरा बुझेकी छिन्। सम्भवतः त्यसको प्रभाव पनि हुनसक्छ। बरु उनलाई अब सधैंका लागि आफ्नी बनाउने प्रयास गर्नुहोस् र पहिलेको भन्दा बढी माया दिनुहोस्।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर

• नवल नेपालको निर्देशनमा निर्माण भै केही साताअघि राजधानीमा प्रथम प्रदर्शन गरिएको चलचित्र 'तस्बिर'को सार्वजनिक प्रदर्शन आरम्भ भएको छ। गत साता सुदूर पश्चिमका नेपालगन्ज, धनगढी आदि क्षेत्रबाट प्रदर्शन थालिएको यो चलचित्र क्रमशः मध्यपश्चिम र पूर्वतिर प्रदर्शन भएपछि राजधानीमा सार्वजनिक गरिने चलचित्रका प्रस्तुतकर्ता तथा नायक रिमेश अधिकारीले बताए। चलचित्रमा रिमेशका अतिरिक्त पुष्पराज पुरुष, प्रेरणा शर्मा आदिले अभिनय गरेका छन् भने नायकद्वय सुशील क्षेत्री, दिलीप रायमाझी तथा नायिकाद्वय सौजन्य सुब्बा एवं पुजना प्रधानले अतिथि भूमिका निर्वाह गरेका छन्। चलचित्रमा वसन्त सापकोटाको संगीत सुन्न पाइन्छ।

• दीपक परिकोटीको निर्देशनमा निर्माण भैरहेको चलचित्र 'धमाका'को छायांकन अन्तिम चरणमा पुगेको छ। हाल केही समयलाई छायांकन कार्य रोकिए पनि अब दुई-चार दिनको छायांकनपछि चलचित्रको सम्पूर्ण छायांकन सम्पन्न हुनेछ। चलचित्रमा राजेश हमाल, निखिल उप्रेती र सुमन सिंह नायक छन् भने उषा पौडेल नायिका।

• चलचित्र 'इतिहास'का निर्देशक उद्धव अभिजीतले चलचित्र 'कालापानी'को निर्देशन गर्ने घोषणा गरेका थिए। कालापानी विवादलाई विषय बनाई निर्माण गरिने उक्त चलचित्रको राजधानीमा केही समयअघि मुहूर्त समारोह पनि गरिएको थियो। विराज भट्टले मुख्य भूमिका निर्वाह गर्ने भनिए पनि उनको व्यस्तताले गर्दा चलचित्रमा निखिल उप्रेतीलाई लिइएको थियो। सुरेश अधिकारीको संगीतमा गीतहरूको रेकर्डिङ भैसके पनि मुहूर्तपछि चलचित्रको छायांकन हुन सकिरहेको छैन। चलचित्रमा संलग्न एक कलाकारका अनुसार व्यस्त कलाकारहरूले उक्त चलचित्रका लागि त्यति बेला नै समय छुट्याएका थिए। त्यो समयमा छायांकन नभएकाले अब सबैको समय पाउन निर्माण पक्षलाई गाह्रो पर्नेछ।

• चलचित्र लेखक विकास आचार्यले पहिलो पटक निर्देशन गरेको चलचित्र 'नसिब'को सम्पादनकार्यमा ढिलाइ भैरहेको छ। निर्देशक आचार्यले दिएको जानकारीअनुसार मुम्बईबाट फिर्ता समयमा आइनपुगेकाले सम्पादनकार्यमा ढिलाइ भएको हो। चलचित्र नसिबका केन्द्रीय नायक जीवन लुइँटेल हुन् भने यसमा विराज भट्ट, रेखा थापा, जेनिषा केसी, सुव्रत आचार्य, दिलकुमार प्यासी, हेमन्त बुढाथोकी, देशभक्त खनाल, उत्तम केसीका साथै चारवटा जर्मन सेफर्ड जातका कुकुरलाई पनि अभिनय गराइएको छ। चलचित्रमा वसन्त सापकोटाको संगीत सुन्न पाइनेछ।










# चलचित्र कलाकार सम्मानित

काठमाडौं- निखिल उप्रेती उत्कृष्ट अभिनेता, रेखा थापा उत्कृष्ट अभिनेत्री, रमित ढुंगाना चर्चित नायक अनि ऋचा घिमिरे चर्चित नायिका। राष्ट्रपति रामवरण यादवले शनिबार नेपाल प्रज्ञा-प्रतिष्ठानमा आयोजित कार्यक्रममा उनीहरूलाई सम्मान प्रदान गरे। कलिउडका अधिकांश कलाकारको उपस्थिति रहेको कार्यक्रमको आयोजना नेपाल चलचित्र कलाकार संघले गरेको थियो। उक्त अवसरमा अभिनेत्री सुभद्रा अधिकारीलाई ५१ हजार नगदसहित नेपाल चलचित्र कलाकार संघ पुरस्कार प्रदान गरियो भने अभिनेत्री वसुन्धरा भुषाल तथा अभिनेता हरिहर शर्मालाई १०-१० हजार नगदसहितको हरितारा पुरस्कार दिइयो। त्यसैगरी अभिनेत्री शान्ति मास्केलाई २१ हजार १ सय ११ नगदसहित चेतनारायण वसुन्धरा पुरस्कारबाट सम्मान गरियो। यसका साथै लक्ष्मी गिरी, अशोक शर्मा, आरपी पन्त र सुशील पोखरेललाई अभिनय तारा सम्मान, पत्रकार विदुर गिरीलाई चलचित्र पत्रकारिता सम्मान, संघका अध्यक्ष रमेश बुढाथोकीका साथै कृष्ण मल्ल र पुरन जोशीलाई विशेष योगदान सम्मान दिइनुका साथै रवि शर्मालाई सांस्कृतिक सम्मान तथा समाजसेवी चिरञ्जीवी ढकाल र सिद्धिबाबु शाक्यलाई राष्ट्रसेवा सम्मान प्रदान गरियो। कार्यक्रममा उपस्थित अधिकांश कलाकारलाई मायाको चिनो पनि दिइएको थियो। कार्यक्रममा विभिन्न सांस्कृतिक नृत्य प्रस्तुत गरिनुका अतिरिक्त देविका वन्दना, रामकृष्ण ढकाल र अञ्जु पन्तले विभिन्न गीत सुनाएका थिए भने रमित ढुंगाना, सुमन सिंह, विशाल बिष्ट, विक्रान्त बस्नेत, उषा पौडेल, अर्पणा सिंह, रञ्जु लामिछाने, प्रेरणा शर्मा आदिले नृत्य देखाएका थिए। राष्ट्रपतिको उपस्थिति भए पनि कार्यक्रमको रूपरेखा भने अनौपचारिक झैं देखिन्थ्यो।



### आफैं पुरस्कृत

उद्घोषकले पुरस्कृत स्रष्टाको नाम घोषणा गरे। मञ्चमै लहरै देखिए रमेश बूढाथोकी, आरपी पन्त, कृष्ण मल्ल आदि अरू केही कलाकार। दर्शकहरू खुसी हुँदै ताली बजाउँदै थिए तर केही दर्शक पुरस्कारका लागि स्टेजमा उभिएका व्यक्तिका विषयमा टिप्पणी गर्दै थिए- 'कस्तो अचम्म, आफूले दिने पुरस्कार आफैंलाई ?' प्रसंग हो चलचित्र कलाकार संघले आयोजना गरेको पुरस्कार कार्यक्रमको। संघले वार्षिक उत्सव पारेर वर्षको एकपटक विभिन्न व्यक्तिलाई विभिन्न विधामा पुरस्कार प्रदान गर्छ तर यसपालिको जस्तो पुरस्कार पहिले कहिल्यै देखिएन। नेपाली कलाकार नामका भोका छन् भनेर धेरैले भन्ने गरेका छन्, यसपालिको पुरस्कार कार्यक्रमले त्यस मज्जाले पुष्टि गरेको देखियो। जसले वर्षमा उत्कृष्ठ काम गरेको थियो उसले पुरस्कार पाउनुपर्ने हो, तर कलाकार संघको पुरस्कारमा कहिल्यै त्यस्तो हुँदैन जो अध्यक्षको नजिक हुन्छ पुरस्कारमा उसैको हक लाग्छ। हलमा ती कलाकारको भीड थियो जसको हातमा काम छैन। तैपनि आयोजक संस्थाका पदाधिकारी भन्दै थिए- 'यसपालिको कार्यक्रम भव्य भयो।'

### राष्ट्रपतिले हेरे नृत्य

नेपालका प्रथम राष्ट्रपति रामवरण यादवले तीन घन्टासम्म नेपाली कलाकारको प्रस्तुति हेरे। कार्यक्रमको स्तर जस्तोसुकै होस् उनले टिप्पणी गरेनन्। बरु कलाकारलाई राष्ट्रिय एकताका लागि जुट्न आग्रह गर्दै भने- 'कलाकार भनेका राष्ट्रका गहना हुन्, गहना राम्रो भयो भने नेपाली कला पनि फस्टाउँछ।' राष्ट्रपतिको हातबाट सम्मान लिएपछि ठूलो मान्छे भइन्छ भनेर कार्यक्रमस्थल पुगेका कलाकारहरू राष्ट्रपतिको हातबाट सम्मान पाउँदा जति खुसी देखिन्थे आफूहरूलाई राष्ट्रको गहना भनेर सम्बोधन गरिंदा उत्तिकै मख्ख थिए।

# मिस युनिभर्सिटी आइकन- २००८



**साप्ताहिक समाचार**

काठमाडौं– आगामी कात्तिक महिनाको अन्त्यमा चीनको बेइजिङमा आयोजना हुने वर्ल्ड मिस युनिभर्सिटी-२००८ मा नेपालका तर्फबाट प्रियंका पोखरेलले प्रतिनिधित्व गर्ने भएकी छिन्। मल्पी इन्टरनेशनलकी यी छात्राले गत शनिबार राजधानीमा सम्पन्न 'मिस युनिभर्सिटी आइकन-२००८' को उपाधि जितेपछि उनलाई बेइजिङ जाने अवसर जुटेको छ। ब्ल्याक हर्स इन्टरटेन्मेन्ट तथा रोयल ग्राफिक्सको संयुक्त आयोजनामा धापासीस्थित सहेन्सा होटलमा सम्पन्न प्रतियोगितामा विभिन्न १५ वटा कलेजका ३० जना छात्राको सहभागिता थियो। प्रेरणा शाह तथा प्रबल श्रेष्ठको संयुक्त कोरियोग्राफीमा सम्पन्न फेसन सोसहितको उक्त प्रतिस्पर्धामा सुरक्षा पन्त एवं रीतु शाक्यले फस्ट रनरअप तथा सेकेन्ड रनरअपको उपाधि जितेका थिए। प्रतियोगितामा १९ वर्षदेखि २४ वर्षसम्मका अविवाहित युवतीको सहभागिता थियो।

सांगीतिक कार्यक्रमसहितको उक्त प्रतिस्पर्धालाई चारवटा सिक्वेन्समा विभाजन गरिएको थियो। पहिलो सिक्वेन्समा सहभागी सबै युवतीले आकर्षक नृत्य प्रदर्शन गरेका थिए। त्यसपछिको सिक्वेन्समा उनीहरूले स्कुल-युनिफर्म प्रदर्शन गरे। विश्वविद्यालय जाने उमेरका सहभागीहरूले प्रदर्शन गरेको स्कुल पहिरनमा उनीहरू आकर्षक देखिएका थिए। तेस्रो सिक्वेन्स सबै सहभागीलाई कालो रंगको पहिरनमार्फत र्‍याम्पमा उतारिएको थियो। चौथो सिक्वेन्समा भने उनीहरूले रातो रंगको इभिनिङ गाउन प्रदर्शन गरे। प्रतिस्पर्धाको चारैवटा सिक्वेन्समा प्रदर्शन गरिएका पहिरनहरू लर्ड बुद्ध एजुकेशन फाउन्डेसनका फेसन डिजाइनिङका विद्यार्थीहरूले तयार पारेका थिए। डिजाइनरहरूको सिर्जनालाई समेत प्रतिस्पर्धी बनाइएकाले उत्कृष्ट डिजाइनरको दस हजार रुपैयाँ राशिको पुरस्कार सोमनाथलाई प्रदान गरियो। नेप्लिज इभेन्ट प्रा.लि.को संयोजनमा सम्पन्न उक्त प्रतिस्पर्धामा अञ्जु क्षेत्रीले बेस्ट ड्रेस तथा फोटोजेनिकको उपाधि जितिन् भने समृद्धि राईले फ्रेन्डसिपको शीर्षक उपाधिमाथि कब्जा जमाइन्। यसबाहेक ओसिन श्रेष्ठले मिस क्याटवाट, सोनी खड्काले मिस ट्यालेन्ट, रीतु शाक्यले पर्सनालिटी तथा खुश्बु ओझाले बेस्ट हेयरको उपाधि जिते।

## चलचित्र

### दुनियाँ




तीन वर्षअघि नै यो चलचित्र उपत्यका बाहिरका दर्शकले हेरिसकेका थिए। नेपाली चलचित्रको अमिल्दो 'क्यु सिस्टम' को मारमा यो चलचित्र पनि पर्‍यो। त्यसैले काठमाडौंका दर्शकले तीन वर्ष बासी भए पनि अहिले आएर यो चलचित्रलाई 'नयाँ' मानेर हेर्नुपर्ने भएको छ। किनकि आज शुक्रबारदेखि यो चलचित्र उपत्यकाका केही प्रमुख चलचित्र भवनहरूमा प्रदर्शन हुँदैछ। 'तृष्णा', 'कन्यादान' र 'बादलपारि' जस्ता स्तरीय सामाजिक चलचित्रका निर्माता विनोद शेरचनद्वारा निर्मित यो चलचित्रको निर्देशन शिव रेग्मीले गरेका हुन्। चलचित्रमा कुनै एक परिवारभित्र छोरा तथा छोरीबीचको भेदभावलाई दर्शाइएको छ। चलचित्रमा कुनै बेलाका हिट जोडी भुवन केसी र तृप्तिलाई फेरि एक पटक हेर्न पाइनेछ। त्यसैगरी यसमा युवापुस्ताको प्रेम प्रसंगलाई पनि स्थान दिइएको छ। निखिल उप्रेती, निरुता सिंह, रेखा थापा, विरेन श्रेष्ठ, किरण केसी तथा मुकुन्द श्रेष्ठ आदिले पनि चलचित्र 'दुनियाँ' मा अभिनय गरेका छन्। चलचित्रमा शम्भुजित बासकोटाको संगीत सुन्न एवं एनबी महर्जनको द्वन्द्व हेर्न पाइन्छ।

### वेलकम टु सज्जनपुर




बलिउडमा यो साता तीनवटा चलचित्र प्रदर्शन हुँदैछन्। एकै दिन प्रदर्शन 'वेलकम टु सज्जनपुर', 'हल्ला' तथा 'सास, बहु और सेन्सेक्स' कम बजेटका चलचित्र हुन्। यीमध्ये श्याम बेनेगलको निर्देशनमा तयार भएको चलचित्र 'वेलकम टु सज्जनपुर' प्रति दर्शकको ध्यान आकर्षित हुने कुरामा चलचित्र समीक्षकहरू आशावादी छिन्। निर्देशक बेनेगलले लामो समयपछि बलिउडलाई एउटा नयाँ चलचित्र दिएका हुन्। चलचित्रमा श्रेयस तालपडे, अमृता राव, रवि किसन, दिव्या दत्ता, यशपाल शर्मा आदि कलाकारको प्रमुख भूमिका छ। सन्तनु मित्र यो चलचित्रका संगीतकार हुन्। चलचित्रमा भारतको एउटा गाउँ सज्जनपुरको कथा प्रस्तुत गरिएको छ। सोझा-सोझा मानिसहरू बसोबास गर्ने यो गाउँका दुई-चार जना पढेलेखेका व्यक्तिमध्ये महादेव (श्रेयस) पनि एक हुन्। त्यसो त उनको उद्देश्य उपन्यासकार बन्नेछ, तर उनी आफ्नो वर्तमानको कामबाटै खुसी छन्। गाउँमा रहेको हुलाकबाहिर बसेर उनी गाउँका अनपढ मानिसहरूका लागि चिठी लेख्छन्। चिठी लेख्ने क्रममै उनी गाउँकी विवाहित सुन्दरी कमला (अमृता राव) तर्फ आकर्षित भएको रमाइलो कथा चलचित्रमा समेटिएको छ।

### ब्लाइन्डनेस




हलिउडमा निर्माण हुने कतिपय चलचित्र सत्य घटनामा आधारित हुन्छन्। यसै साता प्रदर्शन भएको चलचित्र 'ब्लाइन्डनेस' पनि यस्तै श्रेणीको एउटा चलचित्र हो। ड्रामा तथा थ्रिलर वर्गमा राखिएको यो चलचित्रको विश्वव्यापी प्रदर्शन गर्ने जिम्मा मिराम्याक्स फिल्म्सले लिएको छ। चलचित्र एउटा त्यस्तो सहरको पृष्ठभूमिमा आधारित छ जहाँ अचानक एउटा महामारी फैलिन्छ। महामारीका रूपमा फैलिएको अन्धोपनले त्यो सानो सहरलाई तहसनहस बनाउँछ, तर त्यही सहरमै बसोबास गर्ने युवाहरूको समूहले उक्त महामारीबाट छुट्कारा पाउन कठोर कदम चाल्छन्। उनीहरूको त्यो प्रयासले शहरको बिग्रदो अवस्थामा कसरी सुधार आउँछ भन्ने कुरालाई चलचित्रको प्रमुख विषय बनाइएको छ। डन म्याकेलर, जेलियान मुर, मार्क रुफालो, डेनी ग्रोवर तथा एलिस ब्रगले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रको निर्देशन फर्नान्डो मेरिल्सले गरेका हुन्।

## पर्यटकको धारणामा परिवर्तन

अबको पर्यटन कस्तो हुन्छ त्यसको खाका बिस्तारै कोरिँदै छ। विश्वमा पर्यटकको संख्या दिन-प्रतिदिन बढिरहेको अवस्थामा र उनीहरूको सोचअनुरूप सेवा दिन कुन-कुन कुराको ख्याल राख्नुपर्छ भनेर गरिएको सर्वेक्षणले पर्यटकको सोचाइमा परिवर्तन आएको शंकेत गरेको छ। बेलायतको चिप फ्लाइट संस्थाले भ्रमणमा निस्किएका पर्यटकहरूमाझ गरेको सर्वेक्षणमा के देखियो भने १० प्रतिशत पर्यटकहरू कुनै स्थानमा गएर निर्वस्त्र हुन चाहने सोचमा हुन्छन्। यसरी नौलो स्थानमा गएर निर्वस्त्र भै घुम्न चाहने पर्यटकहरूको संख्या वार्षिक २० प्रतिशतले वृद्धि भैरहेको छ। निर्वस्त्र घुम्न चाहने पर्यटकको संख्या बढ्दै गएपछि युरोप तथा अमेरिकाका विभिन्न समुन्द्री तटहरूले निर्वस्त्र पर्यटनतर्फ आकर्षित गर्न विभिन्न किसिमका कार्यक्रम अघि सारेका छन्। निर्वस्त्र घुम्न चाहने पर्यटकहरूमध्ये कतिपय आफूलाई नाङ्गो भएको भन्न रुचाउँदैनन्। उनीहरू आफूलाई प्रकृतिप्रेमीका रूपमा प्रस्तुत गर्न चाहन्छन्, जसका कारण कतिपय रिसोर्टले कपडा लगाउन अनिवार्य गरेका छैनन् अर्थात् उनीहरूले आफ्ना पाहुनाको इच्छाअनुसार छुट दिने गरेका छन्। यसरी अहिले विश्वमा अमेरिकाको मियामीस्थित होलुभर बिच, क्रोएसियाको भाल्टा, ग्रीसको क्रिटास्थित स्विटवाटर, युरोपको मर्लोका द्वीपस्थित एल म्यागो तट निर्वस्त्र पर्यटनको मुख्य गन्तव्य भएका छन्।



## पुरुष सरह निर्वस्त्र हुने माग




प्रजातान्त्रिक मुलुक अमेरिकामा अझै पनि महिला र पुरुषबीच भेदभाव गर्ने कानुन विद्यमान छ भन्दा जो-कोहीलाई पत्यार नलाग्न सक्छ तर अमेरिकी महिला अझै पनि पुरुषसमान अधिकार पाउन संघर्ष गरिरहेका छन्। कानुनले महिला र पुरुषबीच भेदभाव नगर्ने भने पनि केही कानुनले पुरुषको तुलनामा महिलालाई हेला गरेको भन्दै अमेरिकाभर प्रदर्शन भएको छ। प्रदर्शनकारी महिलाहरूको माग के थियो भने सडक-चोकमा पुरुषहरू छाती देखाएर हिंड्न हुन्छ भने महिलाले पनि यस्तै किसिमको अधिकार पाउनुपर्छ। न्यूयोर्कमा महिलाले सडक-बजारमा स्तन देखाएर हिंड्न पाए पनि अन्य सहरमा यसरी हिंड्दा प्रहरीले पक्राउ गरी जरिवाना गर्ने, अपमानित गर्ने जस्ता कार्य हुँदै आएको छ, साथै ती सहरमा महिलाले स्तन देखाएर हिँड्दा आफूलाई बढी असुरक्षित महसुस गर्नुपर्ने हुन्छ। यस किसिमको भेदभाव नहोस् भनेर 'गो टपलेस' नामक संस्थाको अगुवाइमा अमेरिकाको लसएन्जलस, मियामी, शिकागो तथा हवाई सहरका सडकमा महिलाहरूले स्तन खुला गरेर प्रदर्शन गरेका थिए। महिलाहरूको उक्त प्रदर्शनलाई साथ दिन पुरुषहरू पनि अर्धनग्न रूपमा प्रस्तुत भएका थिए।



जुंगा थरिथरिका।

## अन्त्यमा...




व्यापारमा प्रतिस्पर्धा गर्न ग्ल्यामर वा यौनलाई साथ नलिए कठिन हुने कुरा विश्वकै लोकप्रिय इलोक्ट्रोनिक्स कम्पनी सोनीले अहिले आएर महसुस गरेको छ। डिभिडी (५ जिबी) भन्दा बढी संग्रह गर्ने क्षमता भएको ब्लु रे डिस्क (५० जिबी) निर्माण गरेपछि सोनीले त्यो बेला ठूलै चर्चा पाएको थियो। ब्लु रे मार्फत् रेकर्ड गर्ने हुनाले गुणस्तर र क्षमतामा बढी भएको यो उत्पादन अश्लील चलचित्र उद्योगलाई बिक्री नगर्ने कुरा सोनीले जनाएको थियो। उसले यदि आफ्नो ब्लु रे डिस्क प्रयोग गरे जरिवाना तिराउने चेतावनीसमेत दिएको थियो। ब्लु रे डिस्कको यस्तो चुनौती आएको लगत्तै हाई डिभिडी बजारमा आएपछि उसले आफ्ना उत्पादनहरू अश्लील चलचित्र निर्माताहरूलाई बिक्री गर्‍यो, जसका कारण ब्लु डिस्कले सोचेअनुरूप नाफा गर्न सकेन। अहिले सोनीले यही कुरामा पछुतो गर्दै र आफ्नो पुरानो वचनलाई जोगाउन नयाँ जुक्ति निकालेको छ। उसले अब आफ्नो ब्लु रे डिस्कलाई ताइवानमा निर्यात गरेर त्यहाँ अश्लील चलचित्र रेकर्ड गराई जापानमा बिक्री गर्ने सोच बनाएको छ। यो सोचअनुरूप अहिले सोनीले ताइवानमा 'जेके', 'सेक्स भ्याकेसन इन ग्वाम' तथा 'इरोइस्ट' नामक चलचित्र आफ्नो ब्लु रे डिस्कमा रेकर्ड गर्न अनुमति दिएको छ।



## साताको स्वर



### तारा लिम्बू/योजना राई

**‘घर हाम्रो पूर्वाञ्चल...’ कुन शैलीको गीत हो ?**

हामी दुई गायिकाले गाएको लोकशैलीमा आधारित फ्युजन गरिएको पप गीत हो ।

**गीतको कुन पक्ष श्रोताले मन पराएका छन् ?**

सांगीतिक पक्ष मन पराएका छन् । खासगरी गीतमा समावेश भएको र्‍याप पक्ष यसको आकर्षक पक्ष हो ।

**यो गीत कसका लागि गाउनुभएको हो ?**

हाम्रो लक्षित वर्ग टिनएजर युवा-युवती हुन् । नाच्न मिल्ने शैलीका यो गीत उनीहरूले नै बढी रुचाएका छन् ।

**म्युजिक भिडियोमा कत्तिको मेहनत गर्नुभएको छ ?**

गीतमा पूर्वाञ्चलको वर्णन गरिए पनि हामीले यसको भिडियो काठमाडौंमै तयार पारेका हौं । गीतअनुसारको भाव भिडियोमा समेटिएको छ ।

**यही गीतका कारण स्थापित हुने सम्भावना छ कि छैन ?**

यो गीत मात्र होइन, हाम्रो पहिलो संग्रह ‘न्यू वे’ का प्राय: सबै गीतमा हामीले उत्तिकै मेहनत गरेका छौं । स्थापित हुन नसके पनि स्रोताले हामीलाई गायिकाका रूपमा स्वीकार गर्छन् भन्ने विश्वास छ ।

**गायक** भुवन सुप्तिहाङ राईले गाएका आधुनिक गीतहरूको दोस्रो गीतिसंग्रह ‘सजेसन’ को गत सोमबार सामूहिक रूपमा विमोचन गरिएको छ । पञ्चरत्न म्युजिकले आयोजना गरेको एक समारोहमा *साप्ताहिक* तथा *नारी*का सम्पादक सुवास ढकाल, संगीतकर्मि गुरुदेव कामत, संगीतकार आलोकश्री, सञ्चारकर्मी हेम सुवेदी तथा गीतकार रमेश अधिकारी संयुक्त रूपमा उक्त संग्रह विमोचन गरेका हुन् । समारोहका विमोचित संग्रहको एउटा म्युजिक भिडियोसमेत प्रदर्शन गरिएको थियो ।

**गायक** रामकृष्ण ढकालको नयाँ गीतिसंग्रह ‘मेरो साथी’ को विमोचन सम्पन्न भएको छ । सिनामंगलस्थित नेपाल संगीत विद्यालयमा आयोजित एक सांगीतिक समारोहमा ढकालको उक्त संग्रह विमोचन गरिएको हो । यसअघि ‘अ’ अक्षरबाट गीतिसंग्रहको शीर्षक जुराउँदै आएका गायक ढकालले यसपटक उक्त परम्परा तोडेका मात्र छैनन्, गीतिसंग्रहमा पनि आफ्नो परम्परागत शैलीभन्दा बिल्कुलै पृथक् शैलीका गीत समावेश गरेका छन् । विमोचन समारोहमा म्युजिक भिडियोसमेत प्रदर्शन गरिएको थियो ।

**गत** बुधबार नै गायक यश कुमारको नयाँ गीतिसंग्रह ‘नरुने आँखाहरू’ विमोचित भएको छ । विमोचन समारोहमा गायक यश कुमार तथा बाबु बोगटीले संयुक्त लगानीमा स्थापना गरेको रिदम प्यालेस रेस्टुराँको पनि उद्घाटन गरिएको थियो ।

**दुई** साताअघि मात्र अमेरिका तथा जापान हुँदै स्वदेश फर्किएका गायक दीपेशकिशोर भट्टराईले आफ्नो नयाँ गीतिसंग्रह ‘सो फार’ आज शुक्रबार सार्वजनिक गर्दैछन् । यसपटक गायक भट्टराईलाई रिबेल क्रिएसनको साथ मिलेको छ । संग्रहमा गीतकार योगेन्द्रमणि दाहालका शब्दहरूमा दीपेशकिशोर तथा जेम्स प्रधानको संगीत सुन्न पाइनेछ ।

“**स्टार** भ्वाइस अफ हङकङ’ को अन्तिम प्रतिस्पर्धामा सोहिनी पौल स्टार भ्वाइस अफ हङकङ घोषित भइन् । अन्तिम तिनमा परेका एक मात्र नेपाली कमल राईले तेस्रो स्थान हात पारे भने दोस्रो स्थानमा निरञ्जन चौधरी रहे । सोहिनी पौलले केही हप्ताभित्रै स्टार टेलिभिजनमा सञ्चालन भैरहेको कार्यक्रम स्टार भ्वाइस अफ इन्डियामा हङकङको प्रतिनिधित्व गर्दै सहभागिता जनाउनेछिन् । निर्णायक जयराम आर परमेश्वरम्ले दोस्रो र तेस्रो स्थानको घोषणा गर्नासाथ स्वत: ‘स्टार भ्वाइस अफ हङकङ’ प्रमाणित भएकी पौलका आँखा खुसीका आँसुले भरिएका देखिन्थे । कार्यक्रममा प्रसिद्ध गायक उदितनारायण तथा दीपा झाले आफ्ना चर्चित गीत प्रस्तुत गरेका थिए ।

**जापान** पुगेको सांगीतिक समूह ‘सुरसुधा’ ले त्यहाँका नेपालीहरूलाई मात्र होइन, विदेशी श्रोतालाई समेत मुग्ध बनाएको छ । सुरसुधाको प्रस्तुतिबाट प्रभावित भएर केही प्रशंसकले त्यहाँ ‘सुरसुधा फ्यान क्लब’ पनि गठन गरेका छन् ।

**राष्ट्रिय** सरोकार मञ्चले गत शनिबार राजधानीमा आयोजना गरेको एउटा सांस्कृतिक कार्यक्रम गीत-संगीत तथा हास्य-व्यंग्य प्रस्तुतिका कारण सफल भयो । टेलिभिजनकर्मी दिनेश डिसीले सञ्चालन गरेको उक्त कार्यक्रममा गायिका रेश्मा सुनुवारको प्रस्तुति रोमाञ्चक रह्यो । उनले ‘मै ठूली भै’छु रे’ गीत गाएर दर्शकहरूलाई नचाएकी थिइन् । कार्यक्रममा सांगीतिक समूह डाक्टर हिप्नोटिकको प्रस्तुति मात्र होइन, हास्यकलाकार किरण केसीको गायनले पनि नौलो स्वाद प्रदान गर्‍यो । कार्यक्रममा शिवहरि पौडेल, सबिता गुरुङ, उष्णा केसी, सुदेषा विष्ट, आरपी भट्टराई, सीताराम कट्टेल, केदार घिमिरे, कुञ्जना घिमिरे, निर्मल शर्मा तथा चलचित्र नायक भुवन केसीले विभिन्न प्रस्तुतिमार्फत मनोरञ्जन प्रदान गरेका थिए ।

**गायक** दीपक स्वप्निलले गाएका पप गीतहरूको नयाँ संग्रह ‘अब्टेन’ गत शनिबार राजधानीमा आयोजित एक सांगीतिक समारोहबीच विमोचित भएको छ । पुराना गायक प्रेमध्वज प्रधानले उक्त संग्रहको विमोचन गरेका थिए । समारोहमा संग्रहको एउटा गीतको म्युजिक भिडियो समेत प्रदर्शन गरिएको थियो ।

**द** जानकी गुपले गत बिहीबार कीर्तिपुरमा ‘स्वतन्त्र सांगीतिक कार्यक्रम’ शीर्षकको समावेशी सांगीतिक कार्यक्रम सम्पन्न गरेको छ । त्रिभुवन विश्वविद्यालयको स्मृतिभवनमा आयोजित उक्त सांगीतिक कार्यक्रममा नेपाली, मैथिली, हिन्दी, भोजपुरी आदि भाषाका गीत-संगीत तथा नृत्य प्रदर्शन गरिएको थियो । प्रेम, विकास तथा पहिचानका लागि संगीत नारा राखिएको उक्त कार्यक्रममा गुरुदेव कामत, धीरेन्द्र प्रेमर्षि आदि कलाकारको सहभागिता थियो ।

**संगीतकार** रामचन्द्र अन्जानको एकल संगीतमा तयार पारिएको गीतिसंग्रह ‘शुभेच्छा’ को विमोचन भएको छ । वरिष्ठ संगीतकार अम्बर गुरुङले विमोचन गर्नुभएको उक्त संग्रहका सबै गीत सुरेश घिमिरेले रचना गरेका हुन् । संग्रहमा प्रेमध्वज प्रधान, रामकृष्ण ढकाल, यम बराल, जगदीश समाल, स्वरूपराज आचार्य, दीपक लिम्बू, अञ्जु पन्त, धनबहादुर नेपाली तथा राम भण्डारीले गाएका गीतहरू समावेश छन् ।

**कलाकारको** एक समूह कोरियाको राजधानी सियोलमा सांगीतिक कार्यक्रम सम्पन्न गरेर नेपाल फर्किएको छ । भदौ २५ गते नेपालबाट सियोल पुगेका कलाकारहरू गायक हेमन्त शर्मा, रोज मोक्तान, नायिका सञ्चिता लुइँटेल तथा लोकगायिका देवी घर्तीको समूह कार्यक्रम सकेर भदौ ३१ गते नेपाल फर्किएको हो । उनीहरूले त्यहाँ रहेका नेपालीहरूलाई आफ्नो प्रस्तुतिले मन्त्रमुग्ध तुल्याएका थिए । टोलीले सांगीतिक कार्यक्रमबाट प्राप्त रकममध्येबाट रु. ७ हजार मृगौलापीडितको उपचारका लागि सहयोग गरेको गायक हेमन्त शर्माले बताए ।

**गत** शुक्रबार साँझ त्रिपुरेश्वरस्थित फ्रान्सेली केन्द्रमा भिन्नै शैलीको सांगीतिक कार्यक्रम प्रस्तुत भयो । ‘म्युजिक रोयल्टी कलेक्सन सोसाइटी अफ नेपाल’ तथा विजय वैद्यको ‘रक सितार’को संयुक्त आयोजना सम्पन्न कार्यक्रमको उद्देश्य प्रतिलिपि अधिकारका बारेमा आवाज उठाउनु थियो । कार्यक्रममा विजय वैद्यको सांगीतिक समूह ‘रक सितार’ ले बाद्यवादनमार्फत पूर्वीय तथा पाश्चात्य संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा चलचित्रकर्मी प्रकाश सायमीले म्युजिक रोयल्टी कलेक्सन सोसाइटी अफ नेपालका तर्फबाट प्रतिलिपि अधिकारसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए ।

## लाइभ शो

• राष्ट्रिय पर्यटन प्रतिष्ठानको सहभागितामा बुटवल तथा पोखरामा एक-एकवटा सांगीतिक कार्यक्रम हुँदैछ । भोलि शनिवार बुटवलमा हुने ‘नेपाल टुर एक्सप्रेस म्युजिकल क्याम्पेन’ शीर्षकको कार्यक्रममा आधा दर्जन संगीतकर्मी सहभागी हुँदैछन् । पोखरामा भने आगामी असोज १८ गते शनिबार हुने कार्यक्रममा रेश्मा सुनुवार, सुदीप गिरी, अभिनाश घिसिङ, शशि रावल, मिङ्मा शेर्पा, सुदन गैह्रे तथा हास्यकलाकार मनोज गजुरेल सहभागी हुँदैछन् ।

• भोलि शनिबार दरबारमार्गस्थित क्लब प्लाटिनममा ‘समर क्रेज-२००८’ शीर्षकमा डान्स पार्टी हुँदैछ । साँझ पाँच बजेपछि आरम्भ हुने उक्त पार्टीमा डिजे रूपेश तथा डिजे सुरजले डिजेइङ गर्दैछन् । द जियल ग्रुपले आयोजना गरेको पार्टीबाट संकलित रकम अनाथ बालबालिकाहरूका लागि खर्च गरिने बताइएको छ ।

• आज शुक्रबार साँझ ६:४५ बजे काठमाडौंका श्रोताहरूले प्रसिद्ध भारतीय गायिका शुभा मुग्दलको एकल गायनबाट मनोरञ्जन लिन पाउनेछन् । आसमान तथा सूर्य नेपालले याक एन्ड यति होटलमा आयोजना गर्ने सांगीतिक कार्यक्रम ‘अ म्याजिकल इभिनिङ विद इन्डियन म्युजिक डिभा: शुभा मुग्दल’ मा गायिका मुग्दलले आफ्ना लोकप्रिय गीत प्रस्तुत गर्ने छिन् । सांगीतिक कार्यक्रममा गायिका मुग्दललाई डा.अनिष प्रधानले तबलामा, गुरुप्रसाद हेगडेले हार्मोनियममा तथा मुराद अलिले सारंगीमा साथ दिनेछन् ।

## अफबिट



हङकङमा बसोबास गरिरहेकी गायिका एञ्जल श्रेयाले पप तथा आधुनिक गीतहरूको संग्रह तयार पारेकी छिन् । इन्द्रेणी क्यासेट सेन्टरले वितरण गर्ने “श्रेया” शीर्षकको उक्त संग्रह यसै साता विमोचन गरिने उनले बताएकी छिन् । विमोचन समारोहमा संग्रहको एउटा गीतको म्युजिक भिडियो पनि सोही कार्यक्रममा प्रथम प्रदर्शन गरिनेछ, जसमा चलचित्र अभिनेता सुमन सिंह र मोडल भविसा अभिनय गरेका छन् । साप्ताहिकका उपसम्पादक सुव्रत आचार्य उक्त भिडियोका निर्देशक हुन् ।

## नजिकबाट

# सुकमित गुरुङ



| | |
|---|---|
| जन्ममिति | : १९७१, डिसेम्बर १२ |
| जन्मस्थान | : भारतको सिक्किम |
| घरमा बोलाउने नाम | : ठूली कान्छी |
| नामको अर्थ | : सुकको अर्थ सुखी, मीत लेप्चाहरूको नामपछाडि राखिन्छ । |
| परिचय | : शुद्ध गायिका |
| अध्ययन | : एसएलसी |
| सांगीतिक गुरु | : प्रकाश गुरुङ |
| पहिलो एल्बम | : कहीँ त बिर्सन्नौँ तिमीले |
| पहिलो गीत | : ओ मेरो प्रियतम (एकल) सुनचाँदीभन्दा महँगो यो ज्यानलाई (युगल) |
| मनपर्ने गीत | : धेरै नजिक हुनुपर्दैन |
| मनपर्ने वाद्ययन्त्र | : गितार |
| नजिकको साथी | : ओङमु भोटिया |
| सबैभन्दा बढी माया | : छोराछोरी (प्रवीन, स्मृति र आरती) |
| मनपर्ने बानी | : हाँस्न, अरूले पनि हाँसेको राम्रो लाग्छ |
| मन नपर्ने बानी | : चाँडै मन पग्लिहाल्छ |
| पहिलो माया | : श्रीमान् |
| पहिलो प्रेमपत्र | : लेखिएन |
| रमाइलो क्षण | : एल्बमका लागि रेडियो नेपालमा रेकर्डिङ जाँदा |
| राशि | : मीन |
| मनपर्ने गहना (धातु) | : ह्वाइट गोल्ड |
| रिस उठेको बेला | : चुप लागेरै जित्छु |
| विवाह | : कस्तो बिर्सें, अँ २०३५ साल |
| गायिका नभएको भए | : एयर होस्टेज |
| मनपर्ने गायक | : कर्णदास |
| हनिमुन | : त्यतापट्टि ध्यान नै जाँदैनथ्यो |
| मनपर्ने सवारी साधन | : बाइक |
| घुम्न मन लाग्ने स्थान | : सुनसान हरियाली |
| मेकअप | : त्यति गर्दिनँ |
| गर्न बाँकी काम | : राम्रा-राम्रा गीत श्रोतासामु ल्याइरहने |

## ब्यान्ड बक्स




अमेरिकामा प्रसिद्ध नेपाली पप-रक सांगीतिक समूह द भाइब्जले पहिलो पटक अडियो सिडी तथा क्यासेट एल्बम तयार पारेको छ । अमेरिकाको सान फ्रान्सिस्कोमा रहेर संगीत कर्मलाई अघि बढाइरहेको यो ब्यान्डको पहिलो एल्बम द भाइब्ज जेनेरेसनलाई आइतबारदेखि रियाज म्युजिकले बजारमा ल्याएको हो ।

नेपालको सन्दर्भमा द भाइब्ज ब्यान्ड नयाँ र नौलो लागे पनि विशेष गरी पप र रक संगीतका लागि अमेरीकावासी नेपालीमाझ यो ब्यान्ड लोकप्रिय छ । सांगीतिक कार्यक्रम होस् वा सामाजिक सेवा, दुवै क्षेत्रमा क्रियाशिल रहँदै यो ब्यान्डले लोकप्रियता हासिल गर्दै आएको छ । संगीतमार्फत सामाजिक सेवा पनि गर्न सकिन्छ भन्ने उदाहरणका रूपमा प्रस्तुत हुँदै द भाइब्जले सामाजिक सेवा गरेरै विभिन्न सम्मान तथा पुरस्कार हासिल गरेको छ ।

तीन वर्षअघि अर्थात सन् २००५ मा स्थापित द भँइब्जले अमेरिकाका प्राय सहरमा आफूलाई स्थापित गरिसकेको छ । अमेरिकीहरूका लागिसमेत यो ब्यान्ड प्यारो बन्न पुगेको छ । ब्यान्डमा तीन सदस्य छन् भोकलिस्ट तथा एरेन्जर प्रयन सिंह, ड्रमर, गीतारिस्ट र परसियोनिस्ट दिरेकलाल श्रेष्ठ तथा लीड गीतारिस्ट रुपक लामा ।

# किशोर-किशोरीहरूसँग आमाबाबुको व्यवहार



अधिकांश किशोरकिशोरीमा आफ्नो भावना आमाबाबुले नबुझेको गुनासो सुनिन्छ भने अभिभावकहरू पनि आफूले भनेको नमानेर छोराछोरीले दिक्क पारेको बताउँछन्। विद्यालय पढ्ने बालबालिकाहरूले कम्प्युटर, गितार आदि सामान किनिदिन तथा कलेज पढ्नेहरूले मोटरसाइकल, स्कुटर आदि किन्न लगाएर आमाबाबुलाई हैरान पार्छन्। यदि आमाबाबुले फर्माइस पूरा गरिदिएनन् भने स्कुल, कलेज नगएर घुर्की देखाउने गरेको पनि देखिएको छ। आखिर किन अभिभावक र सन्तानबीचको दूरी बढ्दो छ ?

कतै किशोर-किशोरीहरूप्रतिको हाम्रो व्यवहारमा परिवर्तन आवश्यक छ कि ? सोच्नुपर्ने बेला आएको छ। अन्यथा यसको परिणाम घातकसमेत हुन सक्छ। वास्तवमा यस बेलाका बालबालिकाहरू शारीरिक तथा यौन विकासमा परिपक्व भएका हुन्छन् भने मस्तिष्क विकासमा पनि तीव्रता आउने हुँदा यो अवस्थाका व्यवहारहरू पछिसम्म कायम रहने वा यही अवस्थाले बालबालिकाको भविष्यको व्यक्तित्व निधो गर्ने भएकाले यसलाई महत्वपूर्ण अवस्था मानिन्छ।

प्लस टु तथा कक्षा नौ-दसमा पढ्ने विद्यार्थीहरू किशोरावस्थाका हुन्छन्। उनीहरू कसैलाई आफूभन्दा बलियो र शक्तिशाली भएको हेर्न रुचाउँदैनन् र बलको तुजुकले घमन्डमा डुबेका हुन्छन्। यही कारणले गर्दा यस बेला उनीहरू उच्च संवेगमा हुन्छन्। घरपरिवार, साथीभाइ तथा समाज कसैले भनेको पनि मान्दैनन्। उनीहरूको स्वभाव जिद्दी खालको हुन्छ। संवेगमा कुनै स्तरीयता र स्थिरता हुँदैन। संवेगमा स्थिरता नहुनु भनेको व्यवहारमा एकरूपता नआउनु हो। यस बेलाको संवेगात्मक विकासमा सामाजिक संस्कार र दबाबको कुनै असर पर्दैन। उनीहरू मनलाग्दो क्रियाकलापमा संलग्न हुन्छन्, जब आफ्ना कार्यहरू अर्थहीन र मूल्यहीन देखिन्छन्, उनीहरू ज्यादै डराउँछन्, आत्तिन्छन्, चिन्तित हुन्छन् र कुनै-कुनै अवस्थामा त घर त्याग्ने, आत्महत्या गर्ने स्थितिमा समेत पुग्छन्।

यसप्रकार उनीहरूको संवेग अनिश्चित, अनियन्त्रित, अवास्तविक, असन्तुलित र आलोचनात्मक भएका कारणले यो अवस्थालाई मनोवैज्ञानिकहरूले आँधी र तुफानको अवस्थासम्म भन्न भ्याएका छन्। यो अवस्थामा खासगरी संवेगलाई तीव्र बनाउने प्रयास गर्नुहुँदैन। राम्रोसँग सम्झाइ-बुझाइ गरेपछि उनीहरू आफैं सन्तुलित हुन्छन् अर्थात् वास्तविक संवेगमा आउँछन्। यस प्रकारको सकारात्मक व्यवहारबाट उनीहरू सामाजिक क्रियाकलापमा संलग्न भै समायोजित हुन्छन्। थर्काउने, पिट्ने काम गरियो भने उनीहरू अझ उग्र भएर निस्कन्छन्। उनीहरूमा विद्रोही स्वभाव आयो भने जिन्दगीभर समस्या आइलाग्छ।

यस बेलाका बालबालिकाहरू नयाँ-नयाँ व्यक्ति तथा परिपक्वहरूसँग सम्बन्ध राख्न चाहन्छन्। उनीहरू आफूलाई सानो भनेको मन पराउँदैनन्, तर सामान्यभन्दा अलि बढी नै वयस्कहरूसँग घुलमिल भए भने सचेत हुनुपर्छ। किनभने किशोरकिशोरीहरू खराब संगतका कारण लागूपदार्थ दुर्व्यसनी वा अन्य कुलतमा फस्न सक्छन्। किशोर उमेरका बालबालिका आफ्नो शरिरको मजबुतीका कारण म जे पनि गर्न सक्छु भन्ने घमन्डमा हुन्छन्। यो उमेरमा आमाबाबु तथा समाजको मान्यता विपरीत कतिपय असामाजिक कार्यमा पनि उनीहरू संलग्न हुन्छन्।

लडाइँ, झगडा, कुटपिटजस्ता कुरा उनीहरूका लागि सामान्य हुन्छन्। यसो भन्दैमा उनीहरूलाई झगडा गर्न छाडिदिनुपर्छ भन्ने बुझ्नु हुँदैन। झगडालाई बल्झाउनुभन्दा थामथुम पार्नु राम्रो हो। आत्मनिर्भरता, महत्त्वाकांक्षा, उच्च संवेग एवं विपरीत यौन आकर्षणका कारण यो उमेरका किशोरकिशोरीहरू विवाहको बन्धनमा बाँधिन रुचाउँछन्, तर असल अभिभावकले सबै कुरामा राम्रोसँग विचार गरेर बिस्तारै-बिस्तारै सम्झाउँदै समस्या समाधानतर्फ केन्द्रित हुनुपर्छ।

यो अवस्थामा आफू सबैभन्दा राम्रो हुने, सबैले आफ्नो शरीर, उचाइ, तौल, रूप-रंगको प्रशंसा गरेको मन पराउँछन्। यसका लागि राम्रा-राम्रा पहिरन लगाउने, आफूलाई कसैले नजितोस् भन्ने भावना राखेको पाइन्छ। साथीहरूसँग हिंड्दा-डुल्दा, प्रशस्त पैसा खर्च गर्दा, होटल, रेस्टुराँ र डिस्को जाँदा, चलचित्र हेर्दा आफू ठूलो मान्छे भइन्छ भन्ने उनीहरूको धारणा हुन्छ। यौन अपरिपक्वताको उमेर भएकाले यो अवस्थामा आमाबाबु, शिक्षक र परिवारका अन्य सदस्यले विशेष ध्यान पुऱ्याउनुपर्छ। शिक्षा दिने सन्दर्भमा यौनशिक्षालाई शैक्षिक योजना तथा कार्यक्रममा समावेश गरिनु उत्तम हुन्छ। यसो गर्न सकियो भने किशोर-किशोरीहरूलाई सही बाटोमा हिँडाउन त सफल भइन्छ नै, साथसाथै देशको भावी पुस्ता असल बनेर नेपालको सुन्दर भविष्यको जगसमेत निर्माण हुनेछ।

**–कविता पराजुली**

# जीवनको नाजुक मोड
# किशोरावस्था

एउटा शिशुको जन्म भएपछि वृद्धावस्थासम्म पुग्दा उसले विभिन्न अवस्था पार गर्दै जीवन यापन गर्नुपर्छ। त्यस्तै एउटा अवस्था हो– किशोरावस्था। १३ वर्षको उमेरदेखि १९ वर्षको उमेरलाई किशोरावस्था भनिन्छ। वास्तवमा यो उमेरमा शरीरमा विभिन्न हार्मोन्सको उत्पादन हुने भएकाले किशोरहरूको जीउ-डाल, शारीरिक सुगठनमा परिवर्तन देखिन थाल्छ तर जीउ-डालको विकास भए पनि बौद्धिक विकास भने भएको हुँदैन। त्यसैले यो उमेरलाई अल्लारे उमेर



पनि भनिन्छ। यो उमेरमा रिस, घमन्ड तथा झगडा गर्ने प्रवृत्ति बढी पाइन्छ। किशोरावस्थामा युवायुवती अभिभावकहरूसँग टाढा र साथीभाइहरूसँग नजिक हुन बढी रुचाउँछन्।

यो अवस्थामा आफ्ना आमा-बुबाले दिएको जानकारी एवं सल्लाहलाई बेवास्ता गर्ने तर त्यही कुरा साथीभाइले भने मान्ने प्रवृत्ति बढी हुन्छ। साथीहरूकै लहैलहैमा लाग्ने हुनाले यो उमेरलाई बहकिने वा बिग्रने उमेर पनि भनिएको हो। उमेरसँगै आउने शारीरिक परिवर्तनले सोचाइमा पनि व्यापक परिवर्तन ल्याउँछ। शारीरिक विकासका क्रममा केटाहरूमा जुँगाको रेखी बस्नेदेखि दाह्री, जुँगा बढ्ने र केटीहरूमा स्तनको विकास सुरु हुनेदेखि रजस्वला अथवा महिनावारीसम्म हुन्छ। केटा-केटी दुवैको स्वरमा परिवर्तन, शारीरिक विकासका कारण विपरीत लिङ्गप्रति आकर्षण बढ्छ। यौनइच्छा तीव्र हुनु, हरेक कुराका लागि आफूलाई योग्य मान्नु, आफू परिपक्व भएको अनुभूति गर्नु उनीहरूमा देखिने शारीरिक विकास हो, यस्तो बेला उनीहरूले आफूमा परिवर्तन देखेर विभिन्न किसिमको कौतूहलता देखा पर्छ।

किशोरावस्थामा साथीहरूसँग बढी नै घनिष्ठ भएर एक अर्काको आचारविचार साटासाट हुन्छ र किशोरकिशोरीहरू साथीहरूकै संगतमा हुन्छन्। साथीको संगतले व्यक्तिलाई सपार्ने वा बिगार्ने दुवै हुनसक्छ। संगतको फल यही उमेरको देन हो। यो बेला साथीहरूसँग लुकीलुकी चुरोट खाने, तास, जुवा खेल्ने, रक्सी खाने, डेटिङमा जाने जस्ता बानीको विकास हुन्छ। यो बेला बसेको बानीबेहोरा छुटाउन साह्रै गाह्रो हुन्छ। लागूपदार्थको लत पनि यही उमेरमा हुन्छ। लुकेर प्रेम गर्ने, यौनसम्पर्क गर्ने आदिजस्ता क्रियाकलाप पनि यही उमेरमा हुन्छ। आफ्नो शारीरिक विकास हेर्दै अनौठो मान्ने, विपरित लिङ्गीलाई आकर्षित गर्न ऐनाअगाडि बसेर बढी श्रृङ्गार गर्ने, नयाँ-नयाँ डिजाइनका कपडा, जुत्ता, पर्स तथा गरगहनामा बढी ध्यान दिने, जसरी भए पनि आफूलाई विशेष बनाउने कुरामा किशोर-किशोरीहरूले बढी ध्यान दिन्छन्।

किशोरावस्थामा कतिपय किशोर-किशोरीहरू अश्लील सँहित्य पढेर वा साथीभाइको कुरा सुनेर, अश्लील चलचित्र हेरेर गलत कार्य गर्न पुग्छन्। कुनै साथी अति प्रिय लाग्ने जस्तो भयो भने त्यो सँग भागेर परिणय-सँत्रमा पनि बाँधिन्छन्। यस्तो प्रेम कच्चा भएका कारणले यस्ता धेरै विवाह असफल एवं दुःखद हुन्छन्।

किशोरावस्था घरको जगजस्तै महत्त्वपूर्ण हो। यो उमेर आफूलाई साबित गर्ने लायक बनाउने उमेर हो, यो उमेरमा चुरोट, रक्सी, झै-झगडा, रिस, घमन्ड, प्रेम, यौनजस्ता नकारात्मक कुराबाट आफूलाई टाढा राख्नुपर्छ। त्यसैले यो उमेरमा हरेक कुरामा आत्म नियन्त्रणको अत्याधिक खाँचो हुन्छ। किशोरावस्था जीवनको अत्यन्तै सुन्दर समय हो तसर्थ यो उमेरलाई राम्रो कार्य र असल आचरणमा लगाउन सके मात्र प्रत्येक किशोर-किशोरी, समाज एवं राष्ट्रको भविष्य उज्ज्वल हुन्छ।

अभिभावहरूले पनि किशोरावस्थामा पुगेका आफ्ना छोरा-छोरीहरूलाई शारीरिक परिवर्तन एवं यौनका सम्बन्धमा उचित जानकारी दिनुपर्छ। साथीभाइका आधा, अधुरा ज्ञानले युवाहरू गलत बाटोतर्फ लाग्न सक्छन्। त्यसकारण यो उमेर लाग्न साथ आफ्ना छोराछोरीसँग मित्रवत व्यवहार गर्नु आवश्यक हुन्छ, अर्थात् यो उमेरमा असल साथी आमा बुबा नै हुनु आवश्यक छ।

**–संगीता रौनियार**

## पारिवारिक स्वास्थ्य

अमेरिकी बाल-विशेषज्ञहरूको एउटा समूहले गरेको अध्ययनअनुसार लामो समयसम्म शिशुलाई एउटै आसनमा सुताउँदा शिशुको टाउको चेप्टो हुन सक्छ। बाह्र वर्षअघि बालबालिकामा गरिएको यस्तै एक अध्ययनमा आकस्मिक रक्त दबाब र स्वासप्रश्वाससम्बन्धी रोगको रोकथाम गर्न चिकित्सकहरूले शिशुलाई पीठमा बोक्नुपर्ने सल्लाह दिएका थिए। पछिल्लो अध्ययनअनुसार लामो समयसम्म एउटै आसनमा सुताउँदा अलग-अलग उमेरका शिशुहरूमा अलग-अलग प्रभाव पर्छ। प्रतिवेदनमा भनिएको छ– सन् १९९२ देखि १९९४ सम्मको अध्ययन अवधिमा शिशुलाई सुताउने कुरामा बाबुआमालाई राम्रो जानकारी नभएको कारणले एक वर्षसम्मका शिशुमध्ये ४८ प्रतिशत शिशुको टाउको चेप्टो भएको पाइएको थियो। शिशुलाई पीठमा बोक्ने संस्कार विकास भएका कारण उक्त अवधिमा शिशुमा अचानक देखापर्ने रक्त दबाब र श्वासप्रश्वासका कारणले हुने मृत्युमा ४० प्रतिशतले कमी आएको थियो। त्यसैले शिशुलाई सुताउँदा बेलाबेलामा टाउकाको स्थिति परिवर्तन गर्ने कुरामा सजग हुन बाबुआमाहरूसँग आग्रह गरिएको छ। राति पनि कम्तीमा दुईपल्ट शिशुको स्थिति परिवर्तन गर्नेपर्ने कुरा उक्त प्रतिवेदनमा उल्लेख छ।

उता बेलायती विशेषज्ञहरूले दैनिक प्रभावका कारण शिशुहरूको टाउको चेप्टो हुने धारणा व्यक्त गरेका छन्। बेलायतका बालविशेषज्ञहरूका अनुसार यो समस्या पालनपोषणसँग सम्बन्धित भएकाले चिकित्सकहरूले शिशुका बाबुआमालाई यस विषयमा राम्रोसँग जानकारी गराउनुपर्छ।

यस्तो समस्याका कारण सन् १९९७ मा अमेरिकामा ५ सय शिशुको मृत्यु भएको थियो। शिशुलाई पीठमा बोक्ने अभियान सञ्चालनमा आएपछि सन् २००१ मा शिशुहरूको आकस्मिक मृत्युमा एकतिहाईले कमी आएको थियो। शिशुहरूको पालनपोषणसम्बन्धी पर्याप्त ज्ञान नहुँदा टाउको चेप्टो हुने समस्या भने यथावत् नै छ। अध्ययन-प्रतिवेदनअनुसार सामान्य रूपमा जन्मिएको शिशुमा पनि सुताइका कारण पहिलो पाँच-छ सातामा टाउको चेप्टो हुने समस्या बढी देखिन सक्छ। यो समस्या दुई-तीन वर्षसम्म देखा पर्ने भए पनि पहिलो पाँच-छ साता महत्त्वपूर्ण हुने कुरा बाल-विशेषज्ञहरूले उल्लेख गरेका छन्। विशेषज्ञहरूका अनुसार एक वर्षसम्मका शिशुहरूलाई कोल्टो फेराउने नगरेमा टाउको चेप्टो हुनुका साथै घाँटीको मांसपेशीमा समेत दबाब पर्न सक्छ।

५७ हजारभन्दा बढी बालचिकित्सक सदस्य रहेको अमेरिकी बाल-एकेडेमीले चिकित्सकहरूद्वारा सार्वजनिक गरिएको उक्त प्रतिवेदनलाई आधार मानेर शिशुहरूको हेरचाहमा संलग्न स्वास्थ्यकर्मी र बाबुआमालाई बालबालिकालाई एक रातमा कम्तीमा दुईपल्ट कोल्टो फेराउनुपर्ने सुझाव दिएको छ। शिशुहरूको पीठमा र पेटमा दबाब कम गर्न उनीहरूलाई कारलगायतका सवारी साधनको सिटमा कमभन्दा कम समय मोटे राख्नुपर्ने सुझाव पनि दिइएको छ। उक्त अध्ययन-प्रतिवेदनले शिशुहरूको टाउको खुल्ला राख्नुपर्ने सुझाव पनि दिएको छ। टाउकोमा टोपी लगाउँदा उनीहरूको टाउकोको पूर्ण विकास हुन पाउँदैन। शरीरमा लगाइने कपडा पनि हल्का र खुकुलो हुनुपर्ने कुरामा चिकित्सकहरूले जोड दिएका छन्।



ब्रिस्टोल विश्वविद्यालयका बाल-विशेषज्ञ प्राध्यापक पिटर फ्लेमिङका अनुसार टाउको चेप्टो हुने समस्या मूलतः पालनपोषणमा आधारित छ। फ्लेमिङ भन्छन्– यो युरोप र अमेरिकाको मात्र समस्या होइन, यो समस्या विश्वभर छ र यसको मुख्य कारण बाबुआमालाई टाउको चेप्टो हुने कारण थाहा नहुनु हो। फ्लेमिङले उक्त अध्ययनको तथ्य विश्वभरि फैलाउन सकेको खण्डमा यो समस्यामा कमी आउने बताएका छन्, तर टाउको चेप्टो भएका शिशुहरूको मृत्यु हुने सम्भावना बढी हुने भनाइको खण्डन गर्दै फ्लेमिङले भनेका छन्– यो वाहियात कुरा हो, टाउको चेप्टो हुँदैमा स्वास्थमा कुनै फरक पर्दैन, यसले केवल सौन्दर्यमा मात्र कमी ल्याउँछ तर उनको धारणाभन्दा फरक मत राख्दै उक्त अध्ययन टोलीमा संलग्न एक अमेरिकी चिकित्सकले टाउको चेप्टो हुने शिशुहरूको सानै उमेरमा मृत्यु हुने सम्भावना बढी भएको बताएका छन्।

फ्लेमिङका अनुसार टाउको चेप्टो भएका शिशुहरू टाउको चेप्टो नभएका शिशुहरूभन्दा कम उमेरमा मर्ने सम्भावना ५० प्रतिशत बढी हुन्छ। सन् १९९० को दशकको प्रारम्भमा रक्तदबाब र श्वास-प्रश्वाससम्बन्धी समस्या कम गर्न शिशुलाई पीठमा बोक्नैपर्ने अभियान चलाएपछि यो समस्याबाट मृत्यु हुने शिशुहरूको संख्यामा ७० प्रतिशतले कमी आएको बेलायती सामुदायिक स्वास्थ्यकर्मी स्वयंसेवक संघले बताएको छ।

आफूले प्रदान गरेको सल्लाह-सुझावका कारण शिशुहरूको मृत्युमा कमी आएको बताउँदै बाबुआमालाई शिशुहरूलाई पीठमा बोक्न प्रोत्साहन गरिरहने संघका अधिकृत ब्रिज कोल बताउँछन्। कोलले बाबुआमालाई छोराछोरीलाई कोल्टो फेराउने विषयमा पनि जानकारी दिने बताए। कोल भन्छन्– 'यो निश्चय पनि असजिलो काम हो, तर शिशुहरूको हितका लागि हामी उपयुक्त सल्लाह-सुझाव दिन सधैं तत्पर रहनेछौं।'

# तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?

नेपालीहरूलाई यो समस्याचाहिँ छ नि, काम छैन फर्सदै फुर्सद, के गर्ने होला ? राजनीतिका गफ गर्‍यो, टायर बाल्यो, बाटो छेक्यो, टाइम पासको मेलो त हो ।

**कपिल भण्डारी** (२१)

बेरोजगार हुँ रोजगारी खोज्दा-खोज्दै टाइमपास हुन्छ, अरू केही गर्नै पर्दैन ।

**प्रेम लिम्बू** (२२)

विदेशमा टाइम नभएर आपत छ, हामीलाई टाइमपास गर्न गाह्रो छ । हाम्रो विकास नहुने कारण यही त हो नि ।

**श्रेया श्रेष्ठ** (२३)

आफूलाई त अर्काको कुरा काट्दैमा फुर्सद हुँदैन, केको टाइम पास गर्नु नि !

**सरिता लुइँटेल** (२४), **पोखरा**

तपाईंलाई टाइम पास गर्नु छ भने हाम्रो क्याबिन रेस्टुराँमा आउनुहोस् न सम्पादकज्यू,

**दिवाकर राई** (२२)

के गर्नु, कुकुरको काम पनि छैन फुर्सद पनि छैन भनेजस्तो छ आफ्नो त !

**प्रभात कार्की** (२०)

म त टाइम पास गर्न आफ्नी प्रियलाई सम्झन्छु र उनकै सम्झनामा गीत सुन्छु ।

**सरस्वती शर्मा, रसुवा**

आईए, बीए भनेको भए आइडिया दिन्थेँ तर कुरा सबैले पास गर्ने गरेको विषयको पर्‍यो के भन्नु र अब... ।

**निरज अर्याल** (१९), **बुटवल**

३० मिनेट पेपर पढ्ने, ३० मिनेट टेलिभिजन हेर्ने, ३० मिनेट कम्प्युटर चलाउने, ३० मिनेट समाचार सुन्ने, ३० मिनेट भ्रमणमा निस्कने ।

**असीमबाबु श्रेष्ठ** (२२), **गौरीघाट**

डेटिङ जानलाई आफ्नो भन्ने कोही छैन । कुनातिर छाम्यो भित्तो, छेउँतिर छाम्यो रित्तो । त्यसपछि टाइमपास गर्न त गाह्रो पर्दोरैछ नि त ।

**डियर उत्तम** (२०), **तानसेन**

एसएलसी पास गर्न त गाइड, गेसपेपरबाट चिटिङ गरेको थिएँ तर टाइमलाई त संसारको अमूल्य वस्तु भन्छन्, ट्युसन पढ्न पनि सकिँदैन कसरी पास गर्नु ?

**नरेन्द्र बोहरा** (१७), **बझाङ**

उही त हो नि लड्कीहरूसँग गफ मार्ने त हो नि ।

**नारायण कुँवर, तम्घास**

कहिले पत्रिका पढेर टाइम पास गर्‍यो भने कहिले गर्लफ्रेन्डलाई लिएर फिल्म हेर्न गयो ।

**जेम्स प्रधान, रामेछाप**

बाइकको पछाडि केटी राख्यो, चोभारको डाँडा वा नगरकोटतिर हुइँकियो ।

**टीकाराम, सामाखुसी**

सम्पादकज्यू, म जसरी टाइमपास गरूँ, तपाईंलाई केको चासो ?

**lax_lps@yahoo.com**

पत्रिका पढ्ने, टेलिभिजन हेर्ने तथा साथीहरूसँग घुमफिर गर्ने ।

**दीपक पोखरेल, लोकन्थली**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. दसैं कसरी मनाउनुपर्छ ?
२. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
३. यो संसार कस्तो छ ?
४. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
५. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
६. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
७. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
८. नेपालको राजनैतिक हिरो को हो ? किन ?
९. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
१०. सबैभन्दा ठूलो धर्म के हो ?






## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २३ वर्षीया महिला हुँ । मेरो विवाह भएको पाँच वर्षभयो । हाल मेरी तीन वर्षकी एक छोरी छिन् । साप्ताहिकमा हालै प्रकाशित अविवाहित महिलाको समस्यासँग मेरो समस्या मेल खाँदो छ, तर उत्तर पर्याप्त नभएकाले पत्र लेखेकी छु । मेरो पहिलो शिशु ४ वर्षअघि बिग्रिएर सफा गरेकी हुँ । त्यसको कारण कुनै समस्याविना पेट दुख्ने बिरामी परी ब्लिडिङ भएर हो । त्यसपछि क्रमशः मेरो पाठेघर खराब भै आङ खस्नेजस्तो समस्याले सताएको छ । उक्त समस्यापश्चात् नै मेरी छोरी जन्मिएकी हुन् । यो आङ झर्ने समस्याका सम्बन्धमा काठमाडौं आई एक आयुर्वेदिक मेडिकलमा देखाएर औषधी खाएँ करिब साढे दुई वर्षअघि । त्यसले थोरै समय मात्र समस्या समाधान भयो र पुनः उस्तै हुन थाल्यो । दाङमा फेरि एक वर्षअघि विशेषज्ञलाई जँचाए । उहाँले योनि हेरी हल्का अवस्थामा छ, ठीक हुन्छ भनेर औषधी दिनुभयो तर औषधी खाएको समयसम्म मात्र ठीक भयो, फेरि समस्या उस्तै भएको छ । यौनसम्पर्क गर्दा प्रशस्त रस आउँछ । महिनाबारी ठीकै छ । यता योनि भने सुनिन्छ । तातो पानी बोतलमा राखी सेक्दा सुन्निएको ठीक हुन्छ तर योनि पाकेजस्तै टनटन पोल्छ तर यौनसम्पर्क गर्दा दुख्दैन । हाल श्रीमान् विदेश जानुभएको छ । दुई महिना भयो यौनसम्पर्क पनि गरेकी छैन र हस्तमैथुन पनि गर्दिनँ तर योनि पोलिरहन्छ । मेरो आङ खस्ने समस्या उपचारले ठीक हुन सकेन ।**

**री.**

**उत्तर : योनिबाट रक्तश्राव**

हामीलाई थाहै छ योनिबाट सामान्य रूपमा पनि रक्तश्राव हुन्छ । महिनावारी यसको मुख्य उदाहरण हो । डिम्बरोपणको बेलामा पनि केही रक्तश्राव हुनसक्छ । प्रसव तथा सुत्केरी बेलामा योनिबाट आउने श्रावमा रगत मिसिने कुरा पनि सामान्य हो तर गर्भावस्था वा प्रसवको बेलामा रक्तश्राव हुनुले गम्भीर स्थितिको संकेत गर्छ ।

त्यसबाहेक कुनै औषधीको प्रयोग विशेष गरेर हार्मोनयुक्त छ भने त्यसको प्रभावमा पनि बीच-बीचमा योनिश्राव हुनसक्छ । अवस्था हेरी यसलाई पनि सामान्य असरका रूपमा लिनुपर्ने हुन्छ, तर कतिपय स्थितिमा योनिश्रावले प्रजनन प्रणालीमा खराबी भएको कुरालाई संकेत गर्छ ।

**यौनसम्पर्कमा योनि रक्तश्राव**

यौनसम्पर्क गरेको बेलामा सामान्य प्रकारका योनिरक्तश्राव भएको बेला परेको भए त्यसलाई पनि सामान्य नै मान्नुपर्छ तर विभिन्न कारण योनिबाट अस्वाभाविक योनिश्राव हुनसक्छ । सामान्यतः यौनसम्पर्क गर्दा योनिरक्तश्राव हुँदैन । कारणहरूलाई केलाउँदा योनि वा योनिद्वारमा कुनै किसिमको चोट लाग्नु यसको प्रमुख कारण हुनसक्छ । योनि सुन्निएको बाहेक पहिले नै कुनै चोट भएको वा यौनसम्पर्क चोट लाग्ने किसिमको भएको चर्चा गर्नुभएको छैन । योनिको संक्रमण जस्तै कि गोनोरिया, क्लामाइडिया तथा कहिलेकाहीं ढुसीको संक्रमणले पनि यौनसम्पर्कपछि योनिरक्तश्राव गराउन सक्छ । केही संक्रमणका कारण पाठेघरको मुख कमलो भएको हुन्छ र केही कुराले छोए रक्तश्राव भैहाल्ने हुन्छ । चिकित्सकले परीक्षण गर्ने क्रममा कुनै औजारको स्पर्शका क्रममा पनि यस्तो बेलामा रक्तश्राव हुनसक्छ र यस्तो स्थितिमा यौनसम्पर्कमा रक्तश्राव हुने नै भयो ।

तपाईंको उमेरमा यस्तो हुने सम्भावना न्यून छ । विशेष गरेर महिनावारी बन्द हुने उमेरमा पुगेका महिलाहरूमा इस्ट्रोजनको कमी भएर योनिको भित्ता पातलिँदा सजिलै संक्रमित हुने वा क्षति पुग्ने स्थिति हुन्छ । यस्तो स्थितिमा यौनसम्पर्कपछि योनिश्राव हुनसक्छ ।

त्यसैगरी प्रजनन अङ्गमा भएका विभिन्न खराबी पनि यसको कारण हुनसक्छ । योनि वा पाठेघरको मुखमा कुनै मासु बढेको (पोलिप वा ट्युमर) वा क्यान्सर भएको स्थितिमा पनि यस्तो हुनसक्छ । तपाईंले आङ (पाठेघर) झरेको कुरा गर्नुभएको छ । आङ निकै तल झरेको स्थिति छ भने पनि पाठेघरको मुखमा घाउ नै भएको स्थिति हुनसक्छ । यस्तो स्थितिमा पनि यौनसम्पर्कमा रगत देखिन सक्छ, तर आङ झर्नुका अन्य लक्षण पनि देखिन्छन् ।

**आङ झरेको कुरा**

तपाईंले आङ झरेको कुरा गर्नुभएको छ र पक्कै पनि यसका लक्षणहरूबाट राम्रै परिचित हुनुहुन्छ । आङ झरेको योनिबाट केही तलतिर झरेका आभास हुन्छ अनि तल्लो ढाड दुख्छ । यस्तो अवस्थाका साथै मूत्रथैली तलतिर आएको छ भने त्यसै किसिमको र मलद्वारभन्दा माथिको भाग तल आएको छ भने त्यसै अनुसारका थप लक्षण देखिन्छन् । गर्भावस्था, प्रसवको बेलामा तालिम प्राप्त स्वास्थ्यकर्मीको निगरानीमा विशेष ध्यान पुर्‍याए यसलाई कम गर्न सकिन्छ । उपचारको कुरा गर्दा पाठेघरलाई तल धकेल्ने कुनै पनि कुरा गरिनुहुन्न । यदि पाठेघर तलतिर गैसकेको छ भने पेसरी राखेर अझ झर्नबाट रोकथाम गर्ने र भगक्षेत्रको मांसपेशीको कसरत गरेर बलियो बनाउनुपर्छ । धेरैजसो स्थितिमा भने शल्यचिकित्सा गरेर यसको पक्का उपचार गरिन्छ । तपाईंले आर्युवेदिक औषधी प्रयोग गरेको कुरा गर्नुभएको छ तर विशेषज्ञ चिकित्सको निदान के थियो लेख्नुभएको छैन । यसको वास्तविक उपचारका लागि तपाईंले स्त्रीरोग विशेषज्ञसँग सम्पर्क राख्नुपर्ने हुन्छ ।

**के भएको होला ?**

तपाईंले चिकित्सकहरूको सहयोग लिनुभएको देखिन्छ, तर तपाईंको योनिरक्तश्राव हुने अनि योनि पोल्ने समस्याप्रति चिकित्सकहरूको भनाइ के थियो भन्ने कुरा राम्रोसँग लेख्नुभएको छैन । अर्कोतिर तपाईंले रगतको रंग, प्रकृति आदिका सम्बन्धमा पनि खासै केही लेख्नुभएको छैन । तपाईंमा नाक वा घाउबाट सजिलै रक्तश्राव हुने र रोकिन समय लाग्नेजस्ता लक्षण छ-छैन पनि विचार गर्नुपर्ने हुन्छ ।

छोटकरीमा भन्नुपर्दा तपाईंले यसरी रक्तश्राव हुनुको मूल जरोसम्म पुग्नु आवश्यक छ, त्यसैले एकपल्ट स्त्रीरोग विशेषज्ञसँग सम्पर्क राख्नुहोला । यौनरोगको लक्षणको शंका भए तपाईंले यौनरोग विशेषज्ञको पनि मद्दत लिनुपर्ने हुन्छ ।

**कष्मेटिक उपचार**
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Botox Treatment

सम्पर्क : ०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल

**सुखी विवाहित जीवनको लागि**
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

**होटेल तालिम मोडर्नमा**
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

**अब गर्व गरौ**
100% Handsome & Beauty
३ महिनामा ३ इन्चसम्म उचाई बढाउन सफल
Height Plus
अन्तराष्ट्रिय होलोग्राम सहित
डेलिभरी सुविधा
0% side effect 100% effective
100% आयुर्वेदिक औषधि
रात परेपछि
नयाँ उमंग, नयाँ आनन्द
यौन: लिङ्गको विकास, शीघ्र पतन, दुर्वलता
स्तन: बढाउन, घटाउन र टाइट गर्न
शरीर: ३ महिनामा 12kg घटाउन, बढाउन
कुलत: जाँड रक्सीबाट पूर्ण मुक्ति 061-240234
4672065, 2084130
2172882, 9841883397



## सन्देश



सुरेन्द्र, तिमी सामु हुँदा कति खुसी थियो मन । अहिले तिमी टाढा हुँदा हरपल तिम्रो सम्झनाले सताइरहेछ । पलपल जिउन गाह्रो भैरहेछ । एकपटक जसरी भए पनि फोन गर अनि छिट्टै आउने प्रयास पनि ।

**सुष.**

शान्ति, तिमी मलाई माया गर्छ्यौ कि गर्दिनौ त्यो त थाहा छैन तर म तिम्रो रूपरङ, बोलीचाली र व्यवहारबाट प्रभावित हुन थालिसकेको छु । तिम्रो तस्बिर मेरो मनमन्दिरमा सजिसकेको छ । तिमीले गरेको व्यवहारले मलाई सोच्न बाध्य बनाउँछ, तर मलाई थाहा छ, तिमी मेरी हुन सक्दिनौ । किनकि म तिम्रो लायकको छैन । अस्ति चक्रपथमा मलाई धेरै कुर्‍यौ, तिम्रो कति काम थियो होला ? हुन त मैले पनि तिमीलाई नकुरेको कहाँ हो र ? हाम्रो भेट नभएकाले मात्र ।

**पुड्के**

तिमीलाई मन पराउँदा-पराउँदै पनि प्रेमप्रस्ताव राख्न डराइरहेको थिएँ । आखिर कसरी सक्थेँ ? तिम्रो र मेरो बीचको परिवेशमा नै आकाश र पातालको भिन्नता छ । धेरै हिम्मत बटुलेर आज कसैको माध्यमबाट यो सन्देश तिम्रो समक्ष पुऱ्याएको छु । म तिमीलाई धेरै माया गर्छु । साँचो माया गर्छु । यदि तिमीले मलाई साँचो माया गर्छ्यौ भने म अब तिमी हिंड्ने बाटोमा हुनेछु । प्लिज जसरी भए पनि भेट ल ।

**प्रेमी**

किरण, बाध्यता र परिस्थितिले तिमीसँग भेट्न आउन सकिरहेको छैन । फोन पनि रिसिभ गर्न पाएका छैन । म चाँडै तिमीलाई भेट्न आउनेछु ।

**लुरे**

**सूचना**

**साप्ताहिकको विजयादशमी अंक असोज १७ गते प्रकाशित हुँदैछ । उक्त अंकमा आफ्ना इष्टमित्रलाई शुभकामना सन्देश पठाउन चाहने पाठकले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा असोज १० गतेसम्म पठाउनुहोला ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ........................................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव :.................... वैवाहिक स्थिति : ....................

अभिरुचि : ....................वर्ण : ....................

इमेल : ........................................

ठेगाना :........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................

........................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटोमा

### बादलपारिकी मायालुलाई



मंसिर १८ अर्थात् तिम्रो जन्मदिन । आज फेरि मनका खाटा उप्किएका छन्, आलो रगत छरपष्ट भएको छ । मेरा अनगिन्ती इच्छा र आकांक्षाका ज्वारभाटा पूर्णता खोज्न सल्बलाइरहेका छन् । फेरि एकपटक म सम्पूर्ण दोष आफ्नै भाग्यलाई दिन्छु । आज फेरि समयको स्पर्श थाहा पाउने तिम्रो तस्बिरसँगै तिम्रो जन्मदिन मनाउँदैछु, मात्र तस्बिरसँग । माग तिमी के माग्छौ जन्मदिनको उपहार, मेरो जीवन ? यो त तिम्रै भैसकेको छ ।

त्यसैले होला, आज ती यादहरूसँगै धमिलिँदै गरेको गोधूलीमा बादलपारिको सहरलाई चियाउँदैछु । कहीँ कतै देखिन्छ कि, कहीँ कतै आकाशको गडगडाहटसँगै तिम्रो आवाजले मलाई बोलाउँछ कि ? फेरि एकपटक बर्बराउँदै माग तिमी के माग्छ्यौ, उपहार ? मेरो सम्पूर्ण आयु तिमीमा सरोस्, मेरो सम्पूर्ण हाँसो-खुसी तिमीमा सरोस् । प्रत्येकपटक पीडाले छट्पटाउँदै जिउँदो लाससरि रहन तयार छु । तिमी फूलैफूलको स्पर्शमा मुस्कुराइरहनु, मेरा प्रत्येक मुस्कान र खुसीका पलहरू तिमीसँगै पठाइदिएको छु । मात्र तिमी मुस्कुराइरहनु ।

तिम्रा प्रत्येक आँसु, दुःख-पीडा सबै मैले नै बोकेको छु । तिमी कोमल गुलाफझैं बादलपारिको सहरको बगैंचामा फुलिरहनु । हामीबीच कालो बादलको सीमारेखा कोरिएको छ । म यहाँ तिम्रो याद र ती खुसीका पलहरूसँगै एक्लै सपनाहरूको चिहान खोतल्दै छु । हेर त, हामीले देखेको सपना हामीबीचको इच्छा, चाहना र आकांक्षाको कति धेरै चिहान भएको छ । सबै छरपष्ट छिरलिएका थिए, म एक्लैँएक्लै खुम्चिएको चिथ्रो इच्छा तथा निराश पाइला लिई कहाँ-कहाँ भौतारिनु ? काँचको महलझैं टुक्रिएका सपनाहरू लिएर हराएको जिन्दगीलाई कुन भावमा पुज्नु, कुन कुनामा खोज्नु ? मात्र तिम्रो तस्बिरलाई हेरेर अतृप्त वासना, अधुरो चाहना सम्हाल्न नसक्दा हावाको हुण्डरीमा कहाँ-कहाँ दृष्टिगोचर हुनु ? भनन तिमीले नै प्रत्येक वाचा तोडिदिँदा कहाँ कसरी के गल्ती भयो केही थाहा नपाउँदा कति मात्रै अनन्यमा भौंतारिनु ?


किन, ममा के दोष थियो ? मबाट के गल्ती भएको थियो ? आज मलाई जिन्दगीले यति ठूलो सजाय दिएको छ । दोष तिम्रो थिएन मात्र मेरो भाग्यको थियो, जसले मलाई आज यो कालो रात तिम्रो तस्बिर अनि ती यादमा छोडेको छ । हेर न, फेरि पनि तिम्रो जन्मदिन मनाउँदैछु । घनघोर आँसुको वर्षासँगै बहँदै मृत बिम्बहरू सँगालेर कागजमा प्रत्येक यादहरू कोर्छु, मसीले रंगाउँदै आँसुले भिजाउँछु ।

हेर न, फेरि त्यो कालो रात नजिकिँदैछ । जहाँ मैले जीवन गुमाएको थिएँ । मेरा प्रत्येक सपना भताभुङ्ग छिरलिएका थिए, बालुवाको घर बनाएर मैले आफूलाई सुरक्षित मानेको रहेंछु । साँचै भाँडाकुटीको खेल खेलेर विवाह गरेको यथार्थ सम्झन्छु । मैले तिमीलाई उपहार दिने गहना हिउँदमा फुलेको तोरीको फूल सम्झिएको छु । मरुभूमिमा उभिएर हातमा प्लास्टिकको फूल समातेर फूलको वासना सुँघेको भ्रममा बाँचेको छु । म मनका सबै झ्याल-ढोका खोलेर हेर्छु मात्र तिम्रो मुटु जुन उपहार स्वरूप मैले पाएको छु । खै कसरी पोखूँ नुनिला आँसुहरू, खै कसरी हाँसूँ गुलियो मुस्कान, शब्द छान्दाछान्दै, छन्द मिलाउँदा-मिलाउँदै, पाना पल्टाउँदा-पल्टाउँदै, अभिनय गर्न खोज्दा-खोज्दै साइतका धेरै लगनहरू बिना धरौटी मुक्त भएका छन् ।

फेरि पनि तिम्रो तस्बिरको स्पर्श यति रोमाञ्चक हुन्छ कि तत्काल तिमीमा हराउन मन लाग्छ । सधैं-सधैं तिम्रो सामिप्यमा लीन हुन रहर लाग्छ, तिम्रो सौम्य शान्त लहरसँगै हराएको बादलमा लुप्त भएको चन्द्र हेरेर तृप्त हुन्छ । गहिरिएको मनको घाउ तिमीसामु पोख्न सक्दिनँ । आस्था खोसिएपछि, जीवनका प्रत्येक विश्वास लुटिएपछि बेमतलब त्यसै गुनगुनाउनुको के अर्थ ?

**– एम.एस.**

## साप्ताहिक साथी



इमान्दार, मिलनसार, सहनशील, सहयोगी, साहसी, निःस्वार्थी, धूम्रपान-मद्यपान सेवन नगर्ने तथा सुख-दुःखमा साथ दिने साथीको खोजीमा रहेका भवनाथ प्याकुरेल २३ वर्षका छन् । स्नातक तह अध्ययन गरेका भवनाथ जागिरे हुन् । ५ फिट ६ इञ्च अग्ला भवनाथले देश र जनताको सेवा गर्ने रुची राखेका छन् । गहुँगोरो वर्णका भवनाथ हरिपुर- ९ सर्लाहीका बासिन्दा हुन् । अविवाहित भवनाथ सज्जन साथीहरूसँग पत्रमित्रता गर्ने चाहना राख्छन् । भवनाथलाई सम्पर्क राख्न चाहनेहरूले इमेल ठेगाना bhabanathpyakurel@yahoo.com मा मेल गर्न सक्नुहुन्छ ।






# आर्कषक चेपाङ संग्रहालय

चितवन- परापूर्वकालदेखि नै कन्दमूल र गिट्ठा भ्याकुरको भरमा जीवनयापन गर्दै आएका आदिवासी चेपाङहरूका बारेमा केही जिज्ञासा, उत्सकुता छ भने एकपटक चितवनको पहाडी गाविस शक्तिखोर पुग्नुहोस् पक्कै पनि तपाईंको उत्सकुता निवारण हुनेछ । चेपाङ जातिको रहन-सहन, जन्मदेखि मृत्युसम्म गरिने परम्परा, संस्कृति र उनीहरूले प्रयोग गर्ने सरसामान, भाँडाकुँडासम्म त्यहाँ अवलोकन गर्न सकिन्छ ।



नेपालकै एक मात्र चेपाङ संग्रहालय महेन्द्र राजमार्गको नारायणगढ-हेटौंडा सडकखण्डको टाँडीबाट २७ किलोमिटर उत्तरमा छ ।साधन पाए ठीकै छ नपाए पैदलमार्गमा रमाउँदै संग्रहालयसम्म पुग्न सकिन्छ । संग्रहालयमा चेपाङहरूले प्रयोग गर्ने, गरगहना, बच्चा जन्मिनेदेखि लिएर मर्ने बेलासम्मका सामान राखिएका छन् । त्यहाँ एउटा कोठामा ऱ्याक बनाई सजाएर राखिएको छ चेपाङ समुदायको जीवनशैली । उक्त समुदायमा पहिले प्रयोग हुने धान कुट्ने कोचोक, गरगहना, थाक्री, सिकारमा प्रयोग गरिने सामग्री धनुवाण, गुलेली, लिसो, जाल, संस्कृति झल्किनेमा डम्फु, मादल, ढ्यांग्रो, पेरुङ्गो, कपडा राख्न प्रयोग गरिने पिरीम, बच्चा जन्मदाको चलन, पर्वत्योहार, खेतीपातीमा प्रयोग गरिने औजार, संग्रह गरेर सजाएर राखिएको छ भने चेपाङहरू जंगलमा बस्दा सिकार खेल्न प्रयोग गर्ने हतियार र उक्त समुदायबाटै लोप हुन लागेका वस्तुहरूसमेत संग्रह गरिएको छ । पहाडी गाविस सिद्धीबाट २ घण्टा पैदल हिँडेर संग्रहालय हेर्न आएका ३० वर्षीय रामबहादुर चेपाङले जिज्ञासा मेट्दै भने- 'धान कुट्ने यो कोचोक पहिलो पटक देख्दैछु, हाम्रा पुर्खाहरूले यसकै प्रयोग गरेर धान कुट्ने गरेको सुनेको थिएँ तर आज देख्न पाइयो । उनले संग्रहालयमा संग्रहित कतिपय सामान अहिले चलनचल्तीमा नरहेकाले चेपाङ जातिमा पनि परिवर्तन आइसकेको उनले सुनाए ।

उक्त संग्रहालय अहिले सहयोगको पर्खाइमा छ । चेपाङ संग्रहालय तथा बहुउद्देश्यीय पर्यटक सूचना केन्द्रका नामबाट स्थापना भएको यो संग्रहालय आर्थिक अभावका कारण त्यति व्यवस्थित बन्न सकेको छैन । यो चेपाङ संग्रहालय एक वर्षअघि ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रमको सहयोगमा निर्माण भएको हो । अल्पसंख्यक चेपाङ समुदायको प्रतिनिधित्व गरिरहेको उक्त संग्रहालयलाई आर्थिक अभावकै कारण व्यवस्थित गर्न नसकिएको सम्बन्धितहरू बताउँछन् । 'आर्थिक अभाव त छँदैछ अझ त्यसमा पनि संग्रहालय कोठा साँघुरो भएकाले हाम्रो संस्कृतिका सबै सामग्री राख्न कठिनाइ भएको छ'-संग्रहालयका सहायक पूर्णबहादुर चेपाङले साप्ताहिकसँग भने ।

संग्रहालय २/३ टोली विदेशी पर्यटकका साथै नेपाली पर्यटकहरू गरी सातामा सयभन्दा बढीले अवलोकन गर्ने गरेको उनले बताए । १ लाखभन्दा बढीको लागतमा निर्माण गरिएको संग्रहालय अवलोकन गर्न विदेशी पर्यटकलाई प्रतिव्यक्ति ५० तथा नेपालीका लागि ५ रुपैयाँ लिने गरिएको छ । पर्यटकहरूको संख्यामा वृद्धि गरी संग्रहालयलाई व्यवस्थित गर्न प्रचार-प्रसार र सबैको सहयोग चाहिने संग्रहालय घुम्न जाने जोकसैले महसुस गरेका छन् । चितवनको पहाडी क्षेत्रमा पर्यटकीय महत्त्व बोकेका विभिन्न प्राकृतिक, सांस्कृतिक, सामाजिक एवं ऐतिहासिक क्षेत्रका बारेमा जानकारी एवं ग्रामीण पर्यटन प्रबर्द्धन गर्न जिविस र टिआपीएपीको सहयोगमा यस भेगका क्षेत्रलाई चितवन चेपाङ पहाडी पदयात्रा मार्गको रुपमा विकास गरेका छन् । यो पहाडी पैदल मार्गअर्न्तगत शक्तिखोर, उपरदाङगढी, सिद्धी, चिसापानीटार, सिराईचुली, कोराक आदि क्षेत्र पर्छन् । संग्रहालय तथा पहाडी पैदल मार्ग अवलोकन गर्न पर्यटकहरू चिसो मौसममा बढी आउने गरेका छन् ।

भूमिपति भनिँदै आएका चेपाङहरूको आफ्नो नाममा भने एक टुक्रा पनि सम्पत्ति छैन । उनीहरूको सम्पत्ति नै उनीहरूको चाल चलन, रहनसहन र वेशभूषा हो । नेपालमा ५२ हजारभन्दा बढी चेपाङ रहेको विभिन्न तथ्याङ्कले देखाएका छन् । तीमध्ये ३५ हजारभन्दा बढीको बसोबास चितवनका चार पहाडी गाविस शक्तिखोर, सिद्धि, काउले एवं कोराकमा छ ।

**–प्रवीण दत्त**

# इमज्जाको च्वाइस अफ दि इयर



**साप्ताहिक समाचार**

काठमाडौं- इ-कान्तिपुर डटकमको मनोरञ्जन तथा जीवनशैलीसम्बन्धी वेबसाइट इ-मज्जा डटकममा गत जनवरीदेखि सञ्चालित 'चवाइस अफ दि मन्थ' का विजेताहरूलाई समावेश गरेर यो वर्ष २००८को अन्त्यतिर तीमध्येबाट 'च्वाइस अफ द इयर' घोषणा गर्ने भएको छ। प्रत्येक महिनाका सहभागीरूमध्ये प्राप्त मतका आधारमा एकजनालाई विजयी घोषित गरी 'च्वाइस अफ द मन्थ' छनौट गरिन्थ्यो।

यो वर्षभरिका बाह्रजना विजेतालाई समावेश गरी तीमध्येबाट एकजनालाई दर्शक मतका आधारमा 'च्वाइस अफ द इयर' बनाइने छ। यसरी विजयी हुनेले नगद दस हजार रुपैयाँका साथै विभिन्न आकर्षक पुरस्कार पाउनेछन्। 'च्वाइस अफ द मन्थ' आरम्भ भएदेखि हालसम्म आठजना 'च्वाइस अफ द मन्थ' भैसकेका छन्। जसमा शर्मिला मुलेपति, मन्दाकिनी न्यौपाने, रामचन्द्र पन्त, सरिता चामलिङ, डिसुजा शाक्य, प्रविना खड्का, उमेश शर्मा तथा प्रकाश झा छन्।

# अब पालो इलाम ताराको

गायन क्षेत्रमा उत्कृष्ट प्रतिभाको खोजी गर्ने रियलिटी सो इन्डियन आइडल होस् वा नेपाली तारा, यसको प्रभावबाट सानोभन्दा सानो क्षेत्र पनि अछुतो छैन। सर्वाधिक चर्चा बटुल्ने यिनै कार्यक्रमहरूको प्रभावमा एउटा सानो श्रेणीभित्र पनि उत्कृष्ट प्रतिभा पहिल्याउने अभियानमा युवाहरूले जाँगर चलाएका छन्।

केही वर्षअघि पूर्वी झापामा सम्पन्न मेची तारा नामको कार्यक्रमले अञ्चलभरिका गायन प्रतिभाहरूलाई स्थान दिएका थिए। त्यस्तै, पाँचथर ताराको नाममा त्यही किसिमको कार्यक्रम बनाएर जिल्लाभरमा गायक प्रतिभालाई मञ्चमा प्रतिस्पर्धा गराएर उत्कृष्ट खोजी गरिएको थियो। सीमापारिको दार्जीलिङमा पनि सीमित क्षेत्रभित्र गायन प्रतिभाको खोजी गर्ने कार्यक्रम सञ्चालन हुँदै आएको छ। यसैको प्रभावले अहिले इलामे युवाहरूलाई छोएको छ। उनीहरू जिल्लाभरिबाट एउटा उत्कृष्ट गायन प्रतिभा खोज्न तम्सिएका छन्।

'इलाम तारा' शीर्षकमा सञ्चालन सुरु गरिएको उक्त कार्यक्रमका लागि जिल्लाका विभिन्न ४० स्थानमा अडिसन लिइने आयोजकहरूले बताएका छन्। यङस्टार ग्रुपले आयोजना गर्ने कार्यक्रमका लागि प्रारम्भिक चरणअन्तर्गत सहभागीको नाम दर्ता गर्ने प्रक्रिया प्रारम्भ भैसकेको छ। फाइनल चरणको कार्यक्रम इलाम सदरमुकाममा सम्पन्न हुने इलाम ताराले पाउने पुरस्कार भने सार्वजनिक गरिएको छैन।



# नचाए बालबालिकाले

बुटवल– दर्शकलाई मनोरञ्जन दिन सधैं तन्नेरी युवायुवती नै नाच्नुपर्छ भन्ने छैन। कहिलेकाहीं स-साना बालबालिकाको नाचले पनि दर्शकहरू अझ बढी रमाउँछन्। ठीक त्यस्तै भएको छ बुटवलमा पनि। इन्टरडिपेन्डेन्स कमिटी बुटवलले शुक्रबार बुटवलमा आयोजना गरेको अन्तर मा.वि. जिल्लास्तरीय लोकनृत्य प्रतियोगितामा नर्तक बालबालिकाले दर्शकलाई मनोरञ्जन मात्र प्रदान गरेनन्, संगीतको तालमा ताल मिलाउँदै आफूसँगै नचाए पनि। गुन्यूचोली, पटुकी तथा दौरा सुरुवाल टोपीसहितको पोसाक र नेपाली परम्परागत गहनाले बालबालिकाहरू पुतली सिंगारिएझैं चिरिच्याँट्ट सिंगारिएका थिए। त्यसैमाथि विभिन्न जाति, ठाउँ र परिवेशका संस्कृतिलाई बोकेर बनाइएका गीत एवं त्यसैसित मिल्दो सर्जाम बोकेर उनीहरू नृत्य हेर्दा लाग्थ्यो, स्वर्गकै अप्सरा धरतीमा झरेर नाचिरहेका छन्। सायद त्यसैले होला, बुटवलको भूतपूर्व सैनिक सभाहलमा खचाखच भरिएका दर्शक ननाची बस्नै सकेनन्। गर्मीमा वाफिँदै र पसिनाले निथ्रुक्क भिज्दै नाचिरहेका दर्शक बेलाबेलामा भन्थे– 'वान्स मोर, वान्स मोर।'

प्रतियोगितामा विद्यालयस्तरका झन्डै दुई दर्जन स्कुलका बालबालिका एकपछि अर्को गरी नाच्दै गए। लोकगीत र नृत्य भए पनि उनीहरूको गीत छनौट, संगीत संयोजन एवं तामझाम सबै फरक थिए, तथापि नेवारी, मगर, गुरुङ र शेर्पाका परम्परागत पोसाक बढी प्रयोग भएका थिए। बालबालिकाको एकपछिको अर्को राम्रो नृत्यले दर्शक मात्र होइन निर्णयक मण्डल पनि जिल्लिएको थियो। कुनभन्दा कुन राम्रो, कुन उत्कृष्ट उनीहरूलाई छुट्याउन गाह्रो परेको थियो। त्यसैले होला, निर्णयकहरूबीचको लामो छलफलपछि मात्र उनीहरूले नतिजा निकालेका थिए। जसअनुसार एपेक्स इङ्लिस बोर्डिङ स्कुल प्रथम, दीप बोर्डिङ स्कुल द्वितीय तथा एभरेस्ट इङ्लिस बोर्डिङ स्कुल तृतीय भए।

**–अमृता अनमोल**

# वेबसाइट मार्फत गीत बेच्ने

काठमाडौं– म्युजिक नेपालले पहिलो पटक विभिन्न विधाका गरी २० हजारभन्दा बढी नयाँ तथा पुराना गीत वेबसाइटमार्फत बिक्री गर्ने भएको छ। विश्वका जुनसुकै ठाउँमा रहेका नेपाली संगीतप्रेमीहरूले वेबसाइट ब्राउज गरेर खोज्न, हेर्न र आफूलाई मन परेको गित डाउनलोड गर्न सक्नेछन्।

'प्रविधिले विश्वलाई कहाँबाट कहाँ पुऱ्याएको छ, हाम्रो विगत पाँच वर्षदेखिको प्रयास बल्ल सफल हुँदैछ,' म्युजिक नेपाल प्रा.लि.का निर्देशक सन्तोष शर्मा भन्छन्, 'आउँदा दिनमा अन्य म्युजिक कम्पनीहरूसँग सहकार्य गरेर अनलाई म्युजिक सेलिङलाई अझ प्रभावकारी बनाउँदै लानेछौं।'

वेबसाइटमा मानिसहरूले गीत-संगीत मात्र नभै कलाकारहरूका बारेमा जानकारी, संगीतसम्बन्धी समाचारहरूका साथै अन्य रोचक जानकारीसमेत पाउनेछन्। वरिष्ठ इन्जिनियर यमन कायस्थका अनुसार कम्पनीले बनाएका डाउनलोड कार्डहरू विभिन्न साइबर क्याफे, म्युजिक पसललगायत अन्य सुलभ ठाउँहरूमा पाइन्छ, दर्शक एवं श्रोताहरूले आफूलाई पायक पर्ने ठाउँबाट किनेर घरमा बसीबसी आफूलाई मन परेको संगीत डाउनलोड गर्न सक्नेछन्।

'समयको मागअनुसार चल्न र गीत-संगीतलाई डिजिटल प्रविधिबाट बेच्न आफूहरूले प्रयास गरेको कम्पनीका श्रव्य-दृश्य निर्देशक एवं संगीतकार मदन दीपबिम बताउँछन्। दीपबिम भन्छन्– 'श्रोताहरूलाई एउटा राम्रो गीतका लागि एल्बम नै किन्नुपर्ने बाध्यता हुँदैन।'

निर्देशक शर्मा यो प्रविधि सञ्चालनका लागि ५० लाखभन्दा बढी लगानी भएको बताउँछन्। अनधिकृत रूपमा गीत-संगीतको कपी गरेर बिक्री-वितरण भैरहेको अवस्थामा यो प्रविधिले त्यसलाई केही हदसम्म भए पनि कम गर्ने उनको भनाइ छ। शर्मा भन्छन्– 'सरकारले निति बनाएर सहयोग गर्ने हो भने यसको भविष्य उज्ज्वल देखिन्छ।'

**–हरिप्रसाद भण्डारी**

# कोसीको बाढीले महोत्सव सऱ्यो

धनकुटा- असोज १ देखि १४ गतेसम्म हुने भनिएको धनकुटा महोत्सव कोसी बाँध भत्किएर सुनसरीको लौकी-भण्टाबारीस्थित पूर्व-पश्चम राजमार्ग अवरुद्ध भएपछि धनकुटा महोत्सव एक महिना पछि सरेको छ। महोत्सव मूल आयोजक धनकुटा उद्योग वाणिज्य संघले उक्त जानकारी दिएको हो।

कोसीमा आएको बाढीले गर्दा काठमाडौं र पश्चिमबाट ल्याउनुपर्ने स्टलहरू ल्याउन नसकिने र मनोरञ्जनका लागि कलाकारहरूले आउन असम्भव रहेको जानकारी दिएपछि महोत्सव एक महिना पछि सारिएको हो। अन्य कार्यक्रमहरू पूर्ववत् योजना अनुसार नै हुने र मिति मात्र मंसिर ४ देखि १४ गतेलाई सरेको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो। महोत्सवमा १ लाख दर्शक भित्र्याएर १ करोड बराबरको आर्थिक कारोबार गर्ने लक्ष्य राखिएको छ।

**–भिषा काफ्ले**


## रोजगार

एक प्रतिष्ठित कार्यालयमा working Partner भई कामगर्न इच्छुक महिला १०+above ले फोटो बायोडाटासहित पेष्टबक्स १३६७८मा Apply गर्नुहोला

NGOबाट बिगत ५बर्षदेखि सञ्चालित सस्थालाई १७ कर्मचारीको आवश्यकता तलब: ७५००, ९८०३४८४०२६, २०६३१००

## कम्प्यूटर/भाषा तालिम

बिजयादशमीको पावन अवशरमा कम्प्युटर ल्याङ्गवेज, IELTSका कक्षाहरु धमाध सञ्चालन भैरहेको छ, Youth Institute , Narayangopal chowk, 4371530

१२ बर्ष पुरानो राज टेक्नीकलमा ३०% छुटमा मोवाइल, टेलिभिजन, हार्डवेयर, इलेक्ट्रिकल्स, डिफ्रीज तालिम नयाबानेश्वर, ४४९५५८१ कालिमाटी, ०१६२२४७९८ (टुल्सहरु निशुल्क)

बिभिन्न कोर्षमा भर्ना खुल्यो, Auto CAD, (2D & 3D), Accounting Package, Basic Course, Hardware, **Soft-tech Computer**, New Baneshwor, 4499967

Salex Services Hardware, software training, language & tuition MAXPRO computer institute Traders, Kalanki, 4275333, 9841392282

## सम्पर्क

संगीतको स्तरिय शिक्षा तथा सस्कारको लागि हामीलाई सम्झनुहोस्, अनुराग संगित बिद्यालय, ४२३३६९०

Septitank Vacum Cleaning 700, 9851093070

want to go Australia as dependent or want to take as dependent 9803597134, 9841510344 Sumit

बिनाधितो बिना झण्झट नया-पुरानो गाडी फाइनान्स गर्नुपरेमा ९८५१०१४१९६, ९८५११०५२२१७

डेलिसियस थकाली किचेनको थकालीखाना ढिडो तथा विभिन्न परिकारहरुको स्वादलिनको लागि एकपटक अवश्य पाल्नुहोस, ठमेल २०४०७१०

श्रीराम डेरी महाराजगंज चक्रपथमा गाईभैसीको दही, मही, घिउ, चिज, बटर , पनिर, आइसक्रिम, गुदपाक, पुष्टकारीकालागि सम्झनुहोस् , ४३७३२५२

बिजयादशमी तथा दिपावली २०६५को उपलक्ष्यमा विशेष योजनासहित फोटो धुलाईको ब्यवस्था गरिएकोछ, नागार्जुन कलरल्याब प्रा.लि. बालाजुवाइपास, ४३८३४१०

## मर्मत

Key House पुतलीसडक, न्यूप्लाजा: ४४३०८११, मोवाईल: ९८४१८८८२४२

कम्प्युटर मर्मत तथा बिक्री p4 computer १६०००, ९८४१९२८७०९, कालिमाटी

## ड्राईभिङ्ग सिकौं

ग्यारेण्टीका साथ ड्राईभिङ्ग सिकौं महाराजगञ्ज: ४३७५३३९, ९८४१२६४८५५

सुमन मोटर ड्राइभिङ्ग सेन्टरमा ग्यारेण्टीकासाथ ड्राइभिङ्ग सिकाइन्छ, नयाँबजार , ४३५७०८३, ९८४१२३४६६९५

मोनिका ड्राइभिङ्ग सेन्टरमा ग्यारेण्टीकासाथ ड्राइभिङ्ग सिकाइन्छ, ४२८८२७५, ९८४१४०४७३७

अनुभवि प्रशिक्षकद्धारा जागृति ड्राइभिङ्ग सेन्टरमा ग्यारेण्टीकासाथ स्पेशल कोर्षमा ड्राइभिङ्ग सिकाइन्छ, नयाँबजार, २१९१०८१, ९८४१७२७६४३

## रिकण्डिसन मोटरसाईकल

मोटरसाइकल ट्याक्सी खरिद बिक्रि तथा सट्टापट्टाकोलागि महालक्ष्मी रिकन्डीशन शोरुम चाबहिल मीत्रपार्क: २०७३५५४, ९८५१०४२६२८

नयाँ तथा पुरानो मोटरसाइकल खरिद बिक्रीकोलागि आर.के.ए. अटो कलेक्सन सेन्टर सोह्रखुट्टे ४३८४५६३

नयापुरानो मोटरसाइकल खरिद बिक्रिकोलागि उपत्यकामै एकमात्र भरपर्दो स्थान आरसी अटोइन्टर प्राइजेज बालाजुचोक ४३६४८४१, ४३६१९०१

## उपचार

यौनवर्धक औषधिहरु स्त्री पुरुषलाई ९८५१०९३०७०

ग्यारेन्टी अल्काई piles उपचार केन्द्र सोह्रखुट्टे नयाबजार ९८४१४०८४५४

यहाँ जण्डिस, पिनास, छातिकोदाग, पथ्थरी युरीकएसिड साथसाथै सम्पूर्ण रोगको ग्यारेण्टीकासाथ जडिबुटिबाट उपचार गरिन्छ, जण्डिस उपचार केन्द्र, कालिमाटी, सालिकको दक्षिणपट्टी, ९८४१७४४५९८, मान ब. थिङ्ग

## नयाँ दररेट

- रू. १० प्रति शब्द (साधारण)
- रू. २० प्रति शब्द (कलर हाईलाइट)

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-४१७०२२** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।





# नेरी र दीपक

## वर्षका सर्वोकृष्ट खेलाडी





काठमाडौं- गत वर्ष सर्वोकृष्ट पुरुष खेलाडीको उपाधि पाएका तेक्वान्दो खेलाडी दीपक विष्टले यो वर्ष पनि सर्वोकृष्ट पुरुष खेलाडीको उपाधि हात पारे । नेपाल खेलकुद पत्रकार मञ्चले वार्षिक रूपमा घोषणा गर्दै आएको वर्ष खेलाडीको पुरस्कार लगातार दुई पटक पाउने विष्ट पहिलो खेलाडीसमेत भएका छन् । गत वर्ष उनले उक्त सम्मान दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपाललाई लगातार तिन प्रतियोगितामा स्वर्ण पदक दिलाएबापत प्राप्त गरेका थिए ।

बेइजिङ ओलम्पिक प्रतियोगिताका लागि भएको छनौट खेलमा आफ्नो तौलसमूहमा एसियाबाट कांस्य पदक जितेर छनौट भएका विष्ट नेपाली टिमका एक मात्र खेलाडी थिए । उनले भियतनाममा भएको छनौट खेलमा 'वेस्ट फाइटर' को उपाधिसमेत पाएका थिए । एसियाली खेलकुद प्रतियोगितामा दुई पटक कांस्य पदक जितेका विष्टबाट नेपालले बेइजिङ ओलम्पिक प्रतियोगितामा पदकको आशासमेत राखेको थियो, तर उनी आफ्नो तौलसमूहमा स्वर्ण पदक जित्ने खेलाडीद्वारा पराजित भएका थिए । नगद २५ हजार, ट्रफीलगायत विभिन्न उपहारसहित उक्त सम्मान पाएपछि दीपकले भने पहिलो पटक आफैं उपस्थित भएर पुरस्कार लिन पाउँदा निकै खुसी लागेको छ । गत वर्ष यो सम्मान प्रदान गर्ने क्रममा दीपक तेक्वान्दोको प्रशिक्षणका लागि दक्षिण कोरिया गएका थिए । यो वर्ष सर्वोकृष्ट पुरुष खेलाडीहरूको दौडमा नेपाल प्रहरीको टिमको कप्तानी सम्हाल्दै एएफसी प्रेसिडेन्ट कपको फाइनलसम्मको यात्रा गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका रमेश बुढाथोकी, १९ वर्षमुनिको एलाइट कप जिताउँदै नेपाली टिमलाई विश्वकपको टिकट




दिलाएबापत क्रिकेट खेलाडी पारस खड्का, दक्षिण एसियाली आर्चरी च्याम्पियनसिपमा नेपाललाई पहिलो स्वर्ण पदक दिलाएका प्रेमप्रसाद पुन तथा नेपाल प्रहरीलाई एएफसी प्रेसिडेन्ट कपमा फाइनलसम्मको यात्रा गराउन महत्त्वपूर्ण गोल गरेबापत फुटबलका जुमानु अन्तिम मनोनयनमा परेका थिए ।

यसपटक वर्ष महिला खेलाडीको उपाधि भने क्रिकेट खेलाडी नेरी थापाले हात पारिन् । ब्याडमिन्टनकी राष्ट्रिय खेलाडीसमेत रहेकी नेरीले महिला क्रिकेट प्रारम्भ हुने भएपछि यो खेलमा प्रवेश गरेकी हुन्, तर उनले नेपाली महिला टिमले खेलेको पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागि हुँदै नेपाललाई फाइनलसम्मको यात्रा गराएकी थिइन् । नेरीले पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलेको ५ खेलमा १२ विकेट लिएर १ दशमलव २६ को औसतमा बलिङ गरी प्रतियोगिताकै उत्कृष्ट बलरको उपाधिसमेत पाएकी थिइन् भने उनलाई एसियाली इमर्जिङ वुमन प्लेयरको सम्मानसमेत दिइएको थियो । नेरीले आफ्नो विधामा आफ्नै सहकर्मी क्रिकेटर निरा राजोपाध्यायलाई समेत पछि पारेकी थिइन् । यो विधाका लागि १४ औं राष्ट्रिय पौडी प्रतियोगितामा ८ स्वर्ण र १ रजत पदक जितेकी शैला राणा, पौडीकै राष्ट्रिय प्रतियोगितामा २ स्वर्ण जिती दक्षिण एसियाली पौडी च्याम्पियनसिपमा कांस्य पदक जितेकी विविधा रिमाल तथा भारोत्तोलनको महिला स्पर्धामा ६ पटक राष्ट्रिय कीर्तिमान भंग गरेकी झन्त कटुवाल मनोनयनमा परेका थिए ।

यो वर्षको सर्वोकृष्ट पुरुष खेलाडीको उपाधि हात पार्न नसके पनि क्रिकेटर पारस खड्काले उत्कृष्ट युवा खेलाडीको उपाधि हात पारे । उनको कप्तानीमा नेपालले १९ वर्षमुनिको एलाइट कप चौथो पटक जितेर विश्वकप प्रतियोगितामा छनौट भएको थियो । उनको कप्तानीमा नेपाली युवा टिम विश्वकपको प्लेट फाइनलसम्म पुगेको थियो । वर्ष युवा खेलाडीको प्रतिस्पर्धामा अर्का क्रिकेटर अमृत भट्टराई पनि १९ वर्षमुनिको एसीसी एलाइट कपकै सफलताका कारण अन्तिम मनोनयनमा परेका थिए । यसैगरी नेपाल पुलिस टिमका गोल किपर रितेश थापा एसीसी प्रेसिडेन्ड कपमा नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा गरेको प्रदर्शनका आधारमा मनोनीत भएका थिए । यो विधामा आईटीफ तेक्वान्दोका तर्फबाट अञ्जु राउत पनि मनोनीत भएकी थिइन् । राउतले इङल्यान्डमा भएको तेक्वान्दो प्रतियोगितामा कांस्य पदक जितेकी थिइन् । यसैगरी भारतीय गल्फ टुरमा सफल हुने नौ विदेशी खेलाडीमा परेका शिवराम श्रेष्ठ पनि वर्ष युवा खेलाडीको प्रतिस्पर्धामा परेका थिए ।

खेलकुद पत्रकार मञ्चले यो वर्षको सर्वोकृष्ट प्रशिक्षकको उपाधि नेपाल प्रहरीका फुटबल प्रशिक्षक विराटकृष्ण श्रेष्ठलाई प्रदान गऱ्यो । नेपाल प्रहरीको प्रशिक्षण सम्हालेपछि उनले आफ्नो टिमलाई लिग च्याम्पियन बनाउनुका साथै आहा गोल्डकपसमेत दिलाएका थिए । उनकै प्रशिक्षणमा उत्रिएको नेपाल प्रहरीले एएफसी प्रेसिडेन्ट कपको फाइनलसम्मको यात्रा गरेको थियो । यो उपाधिको दौडमा महिला क्रिकेटलाई अन्तर्राष्ट्रिय क्षेत्रमा सफल बनाउन सहयोग गर्ने जंगबहादुर थापा, अर्का क्रिकेट प्रशिक्षक रोय डायस, तेक्वान्दो प्रशिक्षक क्वान हो जुङ तथा आर्चरीका योगेन्द्र शेरचन पनि थिए ।

मञ्चले नेपाली खेलकुदमा लामो योगदान गरेबापत नेपाल क्रिकेट संघका पूर्वअध्यक्ष जयकुमारनाथ शाहलाई विशेष सम्मान गरेको थियो भने पोखराको सहारा क्लबलाई समेत सम्मान गरेको थियो । उक्त पुरस्कार वितरण कार्यक्रममा नेपालका चर्चित खेलाडीहरूको फेसन सोका साथै नृत्यसमेत प्रस्तुत गरिएको थियो ।

# इन्दिरा र सरस्वतीलाई स्वर्ण पदक



तस्विर : नेपाल स्पोर्ट्सफोटोडटकम

नेपाली मार्सल आर्टमा भद्र मार्सलका रूपमा परिचित जुडो खेल फेरि जुर्मुराएको छ । पछिल्लो समय हराएझैं भएको जुडो नेपालमा पुनः उत्थानको युगमा आइपुग्दा काठमाडौंले गत साता दक्षिण एसियाली च्याम्पियनसिप आयोजनाको अवसर प्राप्त गऱ्यो । श्रीलंका, अफगानिस्तान, नेपाल र भारत सहभागी भएको प्रतियोगितामा नेपालले दुई स्वर्णसहित दोस्रो स्थान हात पाऱ्यो । प्रतियोगितामा २२ पुरुष तथा १७ महिला सहभागी थिए । नेपालका लागि महिला ७० किलो तौल समूहमा इन्दिरा राई एवं ७८ किलो तौल समूहमा सरस्वती थापाले स्वर्ण पदक हात पारे । २ स्वर्णका साथमा ८ रजत र ४ कांस्य जित्दै नेपाल दोस्रो भएको हो ।

दोस्रो रोजाइको टोली पठाए पनि ११ स्वर्ण तथा १ रजत जित्दै भारतले उपाधि जित्यो । तेस्रो स्थानमा रहेको अफ्गानिस्तानले १ स्वर्ण, ३ रजत तथा २ कांस्य जित्यो । पुछारमा रहेको श्रीलंकाले २ रजत तथा ४ कांस्य हात पाऱ्यो ।

पुरुषको तुलनामा बलियो मानिएको महिला टिमका अन्य खेलाडी भने रजत पदकमा चित्त बुझाउन बाध्य भए । ओलम्पियन देबु थापा, एसियाली जुनियर च्याम्पियनसिपकी कांस्य पदक विजेता सुनिता थापा, रञ्जु राई, राधादेवी राई तथा कौशिला राई आदि सबै महिला खेलाडीले रजत पदक पाए । प्रतियोगितामा नेपालका पुरुष खेलाडीको प्रदर्शन भने कमजोर रह्यो । नेपालका राजबहादुर चन्द, तृष्णा गुरुङ तथा राजबहादुर रावलले रजत जिते भने हेमेन्द्र शीरिष, कालुमान तामाङ, देवेन्द्र कमाचार्य आदिले कांस्य पदक पाए । नेपाली खेलाडीमाझ पुरुषमा तृष्णा गुरुङ तथा महिलामा इन्दिरा राई उत्कृष्ट खेलाडी घोषित भए । त्यसैगरी सरस्वती अनुशासित खेलाडी घोषित भइन् ।

उत्कृष्ट हुने खेलाडीलाई आयोजक संघका सदस्य दीपक प्रधानले नगद ५-५ हजार तथा अनुशासित चुनिएकालाई आयोजक संघका कोषाध्यक्ष विपीनप्रसाद श्रेष्ठले नगद तीन हजार प्रदान गरे । उत्कृष्ट र अनुशासित खेलाडीको छनौट प्राविधिक कमिटीले गरेको हो । यसभन्दा अघि भएको रेफ्री सेमिनारले नेपाली जुडोको प्राविधिक जनशक्ति निमार्णमा सहयोग पुगेको दाबी संघ सम्बद्ध अधिकारीहरूले गरेका छन् । पहिलो पटक एसियाली स्तरको रेफ्री सेमिनारको आयोजना गर्ने अवसर पाएको नेपालले यसबाट राम्रो लाभ लिन सकेको बताइन्छ ।

### तात्यो जुडो

दक्षिण एसियाली जुडो महासंघको काठमाडौंमा बसेको जनरल बडीको बैठकले दक्षिण एसियाली जुडो च्याम्पियनसिपको अर्को संस्करण सन् २००९ मा श्रीलंकामा गर्ने निर्णय गरेको छ । यदि बंगलादेशमा हुने ११ औं दक्षिण एसियाली खेलकुद निर्धारित समयमा भए उक्त च्याम्पियनसिप सन् २०१० मा आयोजना गर्ने निर्णय भएको छ । यसका साथै भुटान र माल्दिभ्समा पनि जुडो खेलको विस्तारका लागि विशेषज्ञ टोली पठाउने निर्णय बैठकले गरेको छ ।

दक्षिण एसियाली जुडो महासंघका अध्यक्ष दीपकहर्ष बज्राचार्यको अध्यक्षतामा भएको बैठकमा नेपाल लगायत भारत, बंगलादेश, श्रीलंका र अफ्गानिस्तानका प्रतिनिधि सहभागी थिए । दक्षिण एसियामा नै जुडो खेलले नयाँ आयाम लिएको आभास पनि यसै प्रतियोगितामार्फत् हुन थालेको छ । सातौं दक्षिण एसियाली खेलकुदमा नेपालले तीन स्वर्ण जितेको जुडोलाई काठमाडौंमा सम्पन्न आठौं दक्षिण एसियाली खेलकुदमा समावेश गरिएको थिएन । इस्लामावादको नवौं साफमा समेत समावेश नभएपछि यो खेलका खेलाडीहरू पलायन हुने मात्र होइन दक्षिण एसियाबाटै विलयको सम्भावना पनि देखिएको थियो ।

### ५ प्रश्न

*इन्दिरा राई, काठमाडौंमा सम्पन्न दक्षिण एसियाली जुडो च्याम्पियनसिपमा स्वर्ण पदक विजेता खेलाडी ।*




तस्विर : नेपाल स्पोर्ट्सफोटोडटकम

**स्वर्ण पदक जित्दा कस्तो महसुस भयो ?**
ज्यादै खुसी लागेको छ । दोस्रो बाउट हार्दा रजतमा सीमित हुन्छु जस्तो लागेको थियो तर खेलको दिशा यसरी फेरियो कि अन्य खेलको परिणाम अनुकूल आउँदा स्वर्ण जित्न सफल भएँ । जसरी जिते पनि स्वर्ण भनेको स्वर्ण नै हो । यसले मलाई अन्य प्रतिस्पर्धाका लागि उत्साहित तुल्याएको छ ।

**अरू देश, त्यसमा पनि छिमेकी भारतका खेलाडीसँग दाँज्दा भविष्यमा राम्रो खेलाडी बन्छु जस्तो लाग्छ ?**
परिश्रम गर्नुपर्छ, सम्भव छ । भारतीय खेलाडीकै तुलनामा हामी धेरै पछाडि छौं । हाम्रो अन्य वातावरण पनि अनुकूल छैन तर पनि परिश्रम गर्दै जाँदा धेरै राम्रो हुन्छ जस्तो लाग्छ ।


**सफलताको श्रेय कसलाई दिनुहुन्छ ?**
खासगरेर प्रशिक्षक, जुडो संघ तथा टिमका अन्य खेलाडी साथीहरूलाई ।

**नेपालमा जुडोको भविष्य कस्तो छ ?**
त्यत्ति आशावादी भैहाल्ने स्थिति त छैन । नेपालको परिस्थिति र आर्थिक अवस्था पनि राम्रो छैन तर पनि परिश्रम गर्ने खेलाडीलाई राम्रै हुन्छ जस्तो लाग्छ ।

**भविष्यको लक्ष्य ?**
खेलाडी नै भएर जिन्दगी विताउने लक्ष्य छ । राम्रो खेलाडी बन्ने र त्यसपछि प्रशिक्षक हुने । हेर्दै जाऔं के हुन्छ ?

## प्रसंग कतिपय





**विक्रम राई**

एक जना नेपालीले जीवनमा कम्तीमा तीन पटक आफ्नो पहिरनलाई ध्यान दिएकै हुन्छ। पहिलो उत्सव र चाडपर्वहरूमा, दोस्रो स्वयं आफ्नो विवाहमा। उनीहरू त्यस्ता अवसरमा राम्रा, सफा र नयाँ पहिरन लगाउँछन्। तेस्रो अवसर भनेको स्वयं आफूले सिर्जना गरेको परिस्थितिमा लगाइने क्रिजयुक्त पहिरन हो। गरिबी हाम्रो शत्रु भएका कारणले होला, राम्रा र सफा पहिरन लगाउनु भनेको चाडबाड आउनु हो भन्ने सोच आमनेपालीमा अहिलेसम्म छ। सुकिलो, सफा र राम्रो पहिरन लगाउनेहरू सामन्ती र झुत्रा, मैलो र फोहोर पहिरन लगाउनेहरू अखिल हुने चलन हामीकहाँ अझै पनि कायमै छ। जे होस्, 'गाउँ गाउँ बाट उठ' भन्ने कमरेडहरूदेखि लिएर जनयुद्ध गर्ने कमरेडहरूसम्मले आफ्ना पहिरनमा क्रिज लगाउनु थालेकाले अब बिस्तारै त्यो धारणा लामो समय सम्म नरहला।

त्यसो त बाढी-पहिरो, आगजनी र हिंसापीडित भएपछी मात्र राहतको नाममा पेटभरि खान पाउने तथा खाद्यान्न र इन्धन अभाव हट्न दसैं नै पर्खने परिपाटी चलेको अवस्थामा राम्रो पहिरनको वकालत गर्नु व्यर्थ होला, तर पनि देश हाँक्ने नेताहरूमा ड्रेस सेन्स हुनैपर्छ। तथापि राम्रा सुकिला पहिरन लगाएर सर्वहारा वर्गको वकालत गर्न सकिँदैन कि भन्ने भ्रम नेताहरूमा यद्यपि कायमै छ।

अहिले हामीकहाँ विभिन्न ब्रान्डका पहिरन पाइन थालेको छ। त्यसैले होला, जोन प्लेयर र लुई फिलिपका सर्टमाथि कोट लगाउँदा हाम्रा प्रधानमन्त्रीको सर्टको कलर टाई नटबिना ह्वात्त घाँटी माथि उठेको देख्न सकिन्छ। यस्तै दुर्दशा देखेर होला, डिजाइनहरू आमनेपालीका साथै विभिन्न राजनैतिक दलका नेताहरूमा ड्रेस सेन्स नभएको गुनासो गर्छन्। पोसाकले राजनीतिमा धेरै विवाद ल्याएको छ। माओवादीको पोलिटब्युरो बैठकमा लगभग दुई घण्टासम्म प्रधानमन्त्रीले शपथग्रहणमा लगाउने पोसाकका सम्बन्धमा छलफल भयो। वस्तुत: पोसाकलाई अझ बढी आकर्षक बनाउन शरीरको अन्य श्रृंगार आवश्यक छ।

यही कारणले होला, प्रधानमन्त्री प्रचण्डलाई उहाँको ज्याकी ब्रान्डको जुँगा र हेयर जेल लगाएजस्तो गरी पछाडि फर्काइएको केश ट्रिम गर्न धेरैले सुझाव दिएका छन्। टोपी लगाउँदा कानको वरपर उठेको केश र त्यसलाई प्रधानमन्त्रीको टोपीले छोप्न नसक्नु कूटनैतिक परम्पराको विपरीत जानु हो।

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सधैं लगाउने दौरा-सुरुवाल पनि गजबको छ। लगभग घुँडाभन्दा तलसम्म आउने उहाँको दौराको लम्बाइले उहाँको पर्सनालिटीलाई ओझेलमा पारेको छ। त्यो दौराको लम्बाइ अलिक छोटो भए देउवाको पर्सनालिटी खुल्ने थियो। ड्रेस सेन्सका सम्बन्धमा एमाले पूर्वमहासचिव माधवकुमार नेपालमा भने सुधार आएको छ। पहिले सधैं देखिने एउटै कोट र टोपीले उहाँलाई भद्दा बनाएको थियो। उपेन्द्र यादवले लगाउने कुर्ता-पाइजामा र चप्पलले मधेसको पहिचान दिएको मान्नु एउटा विषय होला, तर उहाँलाई कालो सुट र रातो टाई राम्रो सुहाएको छ। यद्यपि ड्रेस सेन्सको नाममा नायक भुवन के.सी. ले जस्तो उखरमाउलो गर्मीमा पनि लेदरको ज्याकेट लगाई घरी-घरी पसिना पुछ्नु नपरोस्। त्यसै गरी अर्का नायक राजेश हमालजस्तो ड्रेस सेन्सलेस पनि हुनु नपरोस् अर्थात् गिरिजाबाबुले टाइट जिन्स पाइन्ट र टिसर्ट लगाउँदा देखिनेजस्तो पनि नहोस्। त्यसैले पनि राज्यको पुर्नसंरचनाअघि आमनेपाली नागरिक एवं नेताहरूले आफ्नो ड्रेस सेन्सको पुनर्संरचना गर्ने कि ?

prasangakatipaya@hotmail.com


अंग्रेजि दुई महिना मै!
*Basic *Intermediate *Advanced
जान्दै नजान्ने हरुको लागी विशेष व्यवस्था
Free:Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in: UK, USA, Australia
Free: Email & Internet
Computer: Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.



Learn Language & Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian
Computer: Basic, Graphics, Web, Prog..
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Osish Language & Computer Center (OLC)
New Baneshwor:BICC Tel: 016217094
Old Buspark: Tel: 4232868

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटि (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

१००% ग्यारेन्टी ! ५०% छुटमा !! सीमित सिटको लागि मात्र
Festival अफर
सफल फोटो भिडियोग्राफर बन्नका लागि
फोटोग्राफी भिडियोग्राफी
Digital Video Editing
Photo-Video पत्रकारिता
FREE Camera, Lens, Film Studio Lab, IELTS Computer Lab, Library etc.
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

होटल तथा पर्यटन तालिम



★Tour & Travel mgmt.
★Tour Operation
★Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
★Hotel Management
★F & B Management
★Front Office
★Bartender
★Housekeeping
★Cook, ★Waiter
★Bakery
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा.लि
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्याकीको पश्चिम)
✆४४७२५५३/४४७५११३/०१६९१६३४७

"अन्तिम भर्ना-पालो तपाईंको"
विगत वर्षहरुमा उत्कृष्ट नतिजा ल्याउन सफल
प्राईभेट TEST/SLC २०६५ मा
केही समयको लागि पुन भर्ना खुल्यो छिटो सम्पर्क राख्नुहोला
कक्षा ८ पास गरि ९, १० फेल वा पास भएका उमेर नाघि पढ्ने इच्छा भएका वा विविध कारणले विद्यालय जान नसकेका र यो वर्षमा रजिष्ट्रेशन नभएका विधार्थीहरुले मात्र सम्पर्क राख्नुहोला।
कोसेट ओपन स्कुल — २१६०७३६, ९८४१२६४५१४ — लाजिम्पाट (प्रहरी बिट सँगै)
पाइथागोरस एकेडेमी — ४२६०६३२, ९८४१२२४४७० — पुतलीसडक (पद्मोदय मोड)


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ८०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।